काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक
दैनिक

वर्ष १८, अंक ९६, पृष्ठ ८, बुधबार, २७ साउन २०८३, श्रावण कृष्णपक्ष पञ्चमी, Wednesday, 12 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/-  nagariknews.com

**आर्थिक**
वीरगन्ज सुक्खा बन्दरगाह विस्तारमा ढिलाइ

**समाचार**
७२ दिनपछि कर्मचारी कानुन फेरि अर्थ मन्त्रालयमा




**युइएफए सुपर कपमा रेफ्रीको चर्चा**
नयाँ सिजनको पहिलो उपाधिका लागि बुधबार साल्जबर्गमा फ्रान्सको क्लब पिएसजी र इङ्लिस प्रिमियर लिग क्लब भिल्लाबिच प्रतिस्पर्धा हुन लागेको हो ।

## सिरियाका पूर्वराष्ट्रपति बसरलाई मृत्युदण्ड



काठमाडौं, साउन २६ (नागरिक)- सिरियाको एक अदालतले पूर्वराष्ट्रपति बसर अल असदलाई युद्ध र मानवताविरुद्धको अपराधमा दोषी ठहर गरी मृत्युदण्डको सजाय सुनाएको छ। असद सन् २०२४ को डिसेम्बरमा आफ्नो सत्ता ढलेपछि परिवारसहित दमास्कसबाट भागेर मस्को पुगेका थिए। उनी भागेर मस्को गएपछि सिरियामा असद परिवारको करिब पाँच दशक लामो शासन अन्त्य भएको थियो। अदालतले मंगलबार असदलाई मृत्युदण्डको सजाय सुनाएको हो। फैसला सुनाउँदा उनलाई अदालतमा उपस्थित गराइएको थिएन।

अदालतले असदका भतिजा एवं दक्षिणी सिरियाको दारा प्रान्तका राजनीतिक सुरक्षा प्रमुख रहेका अतेफ नाजिबलाई पनि मृत्युदण्डको सजाय सुनाएको छ। उनीविरुद्ध पनि अदालतमा मुद्दा चलाइएको थियो। न्यायाधीशले सजाय सुनाउँदा नाजिब कैदी पोसाकमा कठघरामा थिए। अदालतले अन्य ६ जना सैनिक र सुरक्षा अधिकारीलाई पनि मृत्युदण्डको सजाय हुने फैसला सुनाएको छ।

सिरियामा सन् २०११ मार्चमा सरकारको विरोधमा भित्तामा नारा लेखेको आरोपमा पक्राउ गरिएका केही किशोरकिशोरीलाई हिरासतमा राखेर यातना दिइएको सार्वजनिक भएपछि दारा प्रान्तमा विरोध प्रदर्शन गरिएको थियो। सुरक्षा बलले प्रदर्शनकारीमाथि हिंसात्मक दमन गरेको थियो। सरकारविरोधी प्रदर्शन अन्ततः गृहयुद्धमा परिणत भयो। गृहयुद्धमा हजारौं मानिस मारिएका थिए।

(बिबिसीमा आधारित)

# साढे ५ लाख विद्यार्थीसँगै बाहिरियो साढे ५ खर्ब

स्वदेशमा रोजगारीको अभाव, अध्ययनपछि करिअरको अनिश्चितता, शैक्षिक क्यालेन्डरमा अनियमितता, राजनीतिक हस्तक्षेप, सिपअनुकूल रोजगारीको कमी, विदेशमा अध्ययनसँगै काम गर्ने अवसर, आर्थिक पक्ष सबल बनाउने चाहनालगायत कारणले युवा विद्यार्थी विदेश जाने गरेका छन् ।

**रुबी रौनियार**
*काठमाडौं, साउन २६*

उच्च शिक्षा अध्ययनका लागि नेपालबाट बिदेसिने विद्यार्थीको संख्या पछिल्ला ६ वर्षमा तीव्र रूपमा बढेको छ। कोरोना महामारीका बेला केही वर्ष घटे पनि त्यसपछिका दिनमा विद्यार्थी बिदेसिने क्रम झनै तीव्र बनेको सरकारी तथ्यांकले देखाएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयअन्तर्गतको वैदेशिक अध्ययन अनुमति शाखाबाट जारी नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) को तथ्यांक हेर्दा आर्थिक वर्ष २०७७/७८ देखि २०८२/८३ सम्म पाँच लाख ४८ हजार सात सय १७ जनाले विश्वका ८३ देशमा अध्ययनका लागि एनओसी लिएका छन्। यही अवधिमा नेपालबाट शिक्षाका लागि ५ खर्ब ५६ अर्ब ६८ करोड रुपैयाँ बाहिरिएको सरकारी तथ्यांक छ। यसले युवा पुस्तामा पढाइसँगै कामको अवसरका लागि पनि बिदेसिने लहर बढ्दै गएको देखाउँछ।

तथ्यांकले आव २०७८/७९ पछि बिदेसिनेको संख्या बढ्न थालेको देखाउँछ। आव २०७७/७८ मा २७ हजार २११ जनाले एनओसी लिएकोमा २०७८/७९ मा यो संख्या एकैपटक बढेर ९१ हजार २२१ पुगेको थियो। त्यसपछि हरेक वर्ष एक लाखभन्दा बढी विद्यार्थीले एनओसी लिँदै आएका छन्। आव २०८०/८१ मा एनओसी लिनेको संख्या १ लाख नाघेको एनओसी शाखा प्रमुख एवं मन्त्रालयका उपसचिव उद्धव श्रेष्ठले जानकारी दिए। उक्त आवमा एक लाख दुई हजार दुई सय ९५ जनाले एनओसी लिएका थिए।

आर्थिक वर्ष २०८१/८२ मा नेपालबाट उच्च शिक्षा अध्ययनका लागि विभिन्न देश जान एक लाख १७ हजार ८ सय ५ जनाले एनओसी लिएको शिक्षा मन्त्रालयको तथ्यांक छ। मन्त्रालयले उक्त वर्ष ६६ देशका लागि एनओसी जारी गरेको जनाएको छ।

कोरोना महामारीअघि र महामारीका समयमा विदेश अध्ययनको प्रवाह केही समय रोकिए पनि त्यसपछि विद्यार्थी बिदेसिने क्रम पुरानै अवस्थामा मात्र फर्किएन, त्यसभन्दा धेरै माथि पुगेको विश्लेषण उपसचिव श्रेष्ठको छ। उनका अनुसार एनओसी लिनेमा पुरुषको संख्या बढी छ। ६ वर्षको अवधिमा कुल एनओसी लिनेमध्ये पुरुषको संख्या तीन लाखभन्दा बढी छ भने महिलाको संख्या साढे दुई लाखको हाराहारीमा छ।

**नेपाली विद्यार्थीको पहिलो रोजाइ जापान**

नेपाली विद्यार्थीको पहिलो रोजाइमा जापान देखिएको छ। पाँच वर्षको अवधिमा जापानका लागि कुल एक लाख ५६ हजार ४०७ जनाले एनओसी लिएका छन्। दोस्रो रोजाइमा अस्ट्रेलिया छ। यही अवधिमा कुल एक लाख २७ हजार ९१६ जनाले अस्ट्रेलियाका लागि एनओसी लिएका छन्।

बाँकी पृष्ठ २

**६ वर्षमा एनओसी लिने विद्यार्थी**
**५,४८,७१७ जना**

**अध्ययनका लागि बाहिरिएको रकम**
**५ खर्ब ५६ अर्ब रूपैयाँ**

**अध्ययनका लागि गन्तव्य**
**विश्वका ८३ देश**

| आर्थिक वर्ष | एनओसी लिने विद्यार्थी | अध्ययनका लागि बाहिरिएको रकम |
|---|---|---|
| २०७७/७८ | २७,२११ | २४ अर्ब ९५ करोड रुपैयाँ |
| २०७८/७९ | ९१,२२१ | ६७ अर्ब ७० करोड रुपैयाँ |
| २०७९/८० | ९५,८३७ | १ खर्ब ४२ करोड रुपैयाँ |
| २०८०/८१ | १,०२,२९५ | १ खर्ब २५ अर्ब १३ करोड रुपैयाँ |
| २०८१/८२ | १,१७,८०५ | १ खर्ब ३८ अर्ब ४८ करोड रुपैयाँ |
| २०८२/८३ | १,१४,३४८ | १ खर्ब रुपैयाँ |
| **जम्मा** | **५,४८,७१७** | **५ खर्ब ५६ अर्ब ६८ करोड रूपैयाँ** |




**सम्पादकीय**
बदलौं युवा हेर्ने दृष्टि
बेग्लाबेग्लै परिस्थिति, साझा आकांक्षा

## युवा प्रधानमन्त्रीलाई युवा आकांक्षा चुनौती

**श्रीराम सुवेदी**
*काठमाडौं, साउन २६*



संयुक्त राष्ट्रसंघले तय गरेको 'फरक पृष्ठभूमि, साझा आकांक्षा' भन्ने नारासहित बुधबार विश्वभर अन्तर्राष्ट्रिय युवा दिवस मनाइँदै छ। यो नाराले विश्वका विभिन्न सामाजिक, आर्थिक र भौगोलिक परिस्थितिमा रहेका युवाका साझा आकांक्षा गुणस्तरीय शिक्षा, मर्यादित रोजगारी, निर्णय प्रक्रियामा सहभागिता र राम्रो भविष्य निर्माणको चाहना र अवसरलाई केन्द्रमा राखेको छ।

नेपालमा गत भदौमा जेनजी (युवा) को सहभागितामा आन्दोलन भयो। त्यसपछि फागुनमा भएको संघीय प्रतिनिधिसभाको निर्वाचनले मुलुकको कार्यकारी प्रमुखको जिम्मेवारी युवा पुस्तामा पुऱ्याएको छ। नेता बन्नु र नेतृत्वमा पुग्नु ठुलो कुरा होइन तर युवाको आकांक्षा, विभिन्न क्षेत्रमा सहभागिता, क्षमता विकास र अवसरको समान वितरणलाई व्यवहारमा उतार्नु वर्तमान सरकार र प्रधानमन्त्रीको मुख्य चुनौती बनेको छ।

३६ वर्षीय बालेन्द्र शाह प्रधानमन्त्री छन्। उनीबाट नयाँ पुस्ताले सुशासन, रोजगारी, भ्रष्टाचार नियन्त्रण, प्रविधिमैत्री शासन, अवसरको समान वितरणजस्ता विषय कार्यान्वयन तहमा आउने अपेक्षा गरेको छ। युवाले अत्यन्त नजिकबाट सरकारका गतिविधिलाई हेरिरहेका छन्।

> नेता बन्नु र नेतृत्वमा पुग्नु ठुलो कुरा होइन तर युवाको आकांक्षा, विभिन्न क्षेत्रमा सहभागिता, क्षमता विकास र अवसरको समान वितरणलाई व्यवहारमा उतार्नु वर्तमान सरकार र प्रधानमन्त्रीको मुख्य चुनौती बनेको छ।

**युवा शक्ति, अवसर र सम्भावना**

नेपाल अहिले जनसांख्यिक लाभको महत्त्वपूर्ण चरणमा छ। संयुक्त राष्ट्रसंघका अनुसार नेपालमा १५ देखि २४ वर्ष उमेर समूहको जनसंख्या करिब ५७ लाख छ, जुन कुल जनसंख्याको करिब २० प्रतिशत हो। नेपालको फराकिलो परिभाषाअनुसार १६ देखि ४० वर्ष उमेर समूहलाई युवा मान्दा यो हिस्सा झन्डै ४३ प्रतिशत पुग्छ।

बाँकी पृष्ठ २

**स्मार्ट टेलिकम घोटाला**

## २२ जनाविरुद्ध मुद्दा चलाउन सिफारिस

**मधुजंग पाण्डे**
*काठमाडौं, साउन २६*

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले झन्डै ३५ अर्ब रुपैयाँबराबरको स्मार्टसेल अर्थात् स्मार्ट टेलिकम घोटाला प्रकरणमा अनुसन्धान सकी २२ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउनुपर्ने र ९६ अर्ब रुपैयाँ बिगो दाबी गर्नुपर्ने रायसहितको प्रतिवेदन मंगलबार जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा बुझाएको छ। सिआइबीले गत वैशाखदेखि घोटालामा संलग्न भएका आरोपितलाई एकपछि अर्को गर्दै हिरासतमा राखेर अनुसन्धान थालेको थियो।

सिआइबीका प्रवक्ता एसएसपी अनुपमशमशेर जबराले मंगलबार सरकारी वकिल कार्यालयमा प्रतिवेदन बुझाएको जानकारी दिए। प्रतिवेदन अध्ययन गरेपछि सरकारी वकिल कार्यालयले आरोपितविरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गर्ने छ।

सिआइबीले स्मार्ट सेल घोटाला प्रकरण अनुसन्धान प्रतिवेदनमा तत्कालीन स्मार्ट सेलका प्रबन्ध निर्देशक ६ जना, खरिदकर्ता तीन जना, एनसेलका नौ जना, नेपाल इन्भेस्टमेन्ट मेघा बैंकका दुई जना, नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भूपेन्द्र भण्डारी र अर्का एकसहित २२ जनालाई प्रतिवादी बनाउन सिफारिस गरेको छ।

दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली २०७९ को नियम १८ बमोजिम स्मार्ट सेलको सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार, नेटवर्क प्रणाली र सञ्जाललाई नेपाल दूरसञ्चार प्राधिकरणले नियन्त्रणमा लिएकोमा बेइमानीपूर्वक सरकारको हक टुटाउने उद्देश्यका साथ काम भएको दाबी सिआइबीको प्रतिवेदनमा गरिएको छ।

यसैबिच यही प्रकरणमा सिआइबीले एनसेलका अध्यक्ष सतिशलाल आचार्य, सिइओ माइल फोलेसहित नौ जनाविरुद्ध पनि पक्राउ पुर्जी जारी गरेको छ। यसअघि नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भण्डारीलाई प्रहरीले साउन १५ गते पक्राउ गरेको थियो। उनी अहिले पनि हिरासतमै छन्। स्मार्ट सेलको सम्पत्ति व्यवस्थापनमा ढिलाइ गरेर राज्यलाई ठुलो आर्थिक नोक्सानी पुऱ्याएको आरोपमा भण्डारीलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। जिल्ला अदालत काठमाडौंले पनि नियामक निकाय प्राधिकरणका पूर्वअध्यक्ष भण्डारीसहित १६ जनालाई पक्राउ गर्न अनुमति दिएको छ।

> सिआइबीले स्मार्ट सेल घोटाला प्रकरण अनुसन्धान प्रतिवेदनमा तत्कालीन स्मार्ट सेलका प्रबन्ध निर्देशक ६ जना, खरिदकर्ता तीन जना, एनसेलका नौ जना, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका दुई जना, नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भूपेन्द्र भण्डारी र अर्का एकसहित २२ जनालाई प्रतिवादी बनाउन र ९६ अर्ब रुपैयाँ बिगो मागदाबी गर्न राय दिएको छ।

बाँकी पृष्ठ २

# यसकारण राउटे करिडोरमा घट्दै छन् बाँदर

**नगेन्द्र उपाध्याय**
*सुर्खेत, असार २६*

दुई महिनाअघि गाउँनजिकै राउटे समुदाय आएर बस्न थालेपछि सिम्ता गाउँपालिका-९ दुनीकी मिमकुमारी रानालाई लगाएको मकै बाली स्याहार्न पाउने आशा पलाएको छ। राउटेको उपस्थितिपछि बाँदरको सिकार हुन थालेकाले खेतबारीमा बाँदर देखिएका छैनन्। 'राउटे अब एक महिना बसिदिए ढुक्कसँग बाली स्याहार्न पाइन्थ्यो,' उनले भनिन्, 'राउटे यहाँ नआएका भए अहिलेसम्म बाँदरले बाली खाएर सखाप पार्थे।'

बस्तीनजिकै राउटे समुदाय आएकाले यस पटक उनको बारीमा मकैको एउटा घोगा पनि नासिएको छैन। बाँदर धपाउन दिनभरि हेरालु बन्न पनि परेको छैन। 'अरू बेला उज्यालो हुने बेलादेखि अँध्यारो नहुँदासम्म बाली जोगाउन खेतबारीमै खटिनुपर्थ्यो। त्यति गर्दा पनि बाँदरले खाइसक्थे,' उनले भनिन्, 'यस पटक राउटे आइदिएर आनन्द भएको छ।' बिहीबार राति राउटे बस्तीमा फँलाटो शाहीको निधन भयो। बस्तीमा कसैको मृत्यु हुँदा तत्कालै बसाइँ सर्ने राउटे समुदाय शुद्ध भएपछि मात्रै अर्को ठाउँमा सर्ने गर्छ। यो महिनाको अन्तिममा चोखिएर राउटे समुदाय बसाइँ सर्ने छ। राउटे टाढा नजाउन् भनेर दुनी, खहरे, खानीखोला, गितारालगायत गाउँबिच उनीहरूलाई फकाउने होडबाजी छ।

'कसैले खानेकुरा दिन्छौं, कसैले तरकारी दिन्छौं, कसैले खाद्यान्न दिन्छौं भन्दै बस्तीमा पुगेर राउटेलाई फकाउने धेरै हुनुहुन्छ,' राउटे समुदायसँग काम गर्दै आएको सोसेक नेपालका जोडी शिक्षक लालबहादुर खत्रीले भने, 'यसले गर्दा राउटेलाई निर्णय लिन गाह्रो भइरहेको छ।'

दुनीमा बसाइँ सरेर आएको एक महिनामा राउटेले १०६ वटा बाँदरको सिकार गरेका छन्। अहिले संघीय संसद्मा राउटेको विषयले खुबै चर्चा पाएको छ। बाँदरले बस्ती नै विस्थापित हुनुपरेका खबरहरू आइरहेका छन्। तर राउटे जहाँ हुन्छन्, त्यहाँ बाँदरको आतंक कम हुन्छ।

दुनीका देवेन्द्र खत्री राउटे गाउँनजिकै आउँदा बाँदरबाट राहत मिलेको बताउँछन्। 'राउटेलाई देख्नेबित्तिकै बाँदर त चार कोस टाढा भाग्छन्,' उनले भने, 'हामीलाई त बाँदर उल्टै लखेट्न आउँछन्।'

बाँदर धपाउनकै लागि हरेक घरले कुकुर पालेका छन्। कुकुर पाल्नु रहर भने होइन। 'एक्लै बाँदर धपाउन जाँदा उल्टै झम्टन आउँछन्,' खत्रीले भने, 'कुकुरसँगै भए बाँदर धपाउन सजिलो हुन्छ।' विशेष गरेर मकै र आलुको मौसममा बाँदरले धेरै दुःख दिने गरेको उनको अनुभव छ। 'मकैमा घोगा लाग्ने बेलादेखि नभित्र्याउँदासम्म बिहानदेखि रातिसम्म ड्युटी दिनुपर्छ, आलु लगाउँदै जान्छौं, बाँदरले खोस्रेर फालिदिन्छ, हाम्रो मुख्य बाली नै मकै र आलु हो,' उनले भने, 'बाँदरका दुःखले यहाँ धेरैले खेती गर्न छाडेका छन्।' राउटे समुदाय नेपालको एक मात्र फिरन्ते जाति हो। राउटे समुदायका स्पष्ट तीन मान्यता छन्, खेतीपाती नगर्ने, एउटै ठाउँमा नबस्ने र लेखपढ नगर्ने।

राउटे समुदायको मुख्य आहारा बाँदर हो। कर्णालीका सुर्खेत, सल्यान, जाजरकोट, दैलेख, कालिकोट र सुदूरपश्चिमको अछामसहितका जिल्लामा घुम्दै हिँड्ने यो समुदायले बाँदरको सिकार गर्छ। सोसेकका जोडी शिक्षक खत्रीका अनुसार राउटेले पछिल्लो १५ महिनामा ७३७ बाँदरको सिकार गरेका छन्। 'राउटे समुदायका लागि बाँदर नै मुख्य सिकार हो,' उनले भने, 'उनीहरूले जहाँ बस्छन्, त्यहीं बाँदरको सिकार गर्छन्।' राउटेले बाँदरको सिकार गर्नुअघि आफ्नो समुदायका मुखियाको अनुमति लिन्छन्, धामीसँग बाँदर मार्ने 'साइत' निकाल्छन्। त्यसपछि समूह बनाएर जंगल पस्छन्। उनीहरू बाँदरलाई लखेट्दै जालमा पार्छन् अनि भालाले हानेर मार्छन्। जहाँ राउटे बस्छन्, त्यहाँ बाँदरहरू भाग्न थाल्छन्।

राउटे मुखिया प्रकाश शाही आफूहरूको मुख्य आहारा नै बाँदर भएको बताउँछन्। उनका अनुसार अहिले खसीबाख्रा, कुखुरालगायत खान थालिए पनि बाँदर मार्ने काम भने रोकिएको छैन। 'पहिलेपहिले हाम्रो आहारा नै बाँदर हुन्थ्यो, बाँदरहरू पनि जंगलमा प्रशस्तै हुन्थे,' उनले भने, 'बाँदर घट्दै गए, हामीले पनि खसी-बाख्रा, कुखुरा खान थाल्यौं।' मुखिया शाहीको अनुभवमा उनीहरू हिँड्ने 'करिडोर'मा बाँदरको संख्या घट्दै गएको छ। राउटेहरू बसाइँ सर्नुअघि त्यो क्षेत्रमा मूलको पानी र बाँदर छन् कि छैनन् भनेर हेर्छन्। 'मूलको पानी र बाँदर हुने क्षेत्रमा हामी धेरै बस्छौं,' अर्का मुखिया वीरबहादुर शाहीले भने, 'बाँदरलाई जहान केटाकेटीले पनि धेरै मन पराउँछन्।' पछिल्लो समय सरकारले दिने सामाजिक सुरक्षा भत्ताले उनीहरू खसीबाख्रा र कुखुरा पनि किनेर खान थालेका छन्। सामाजिक सुरक्षा भत्ता पाउनुअघि काठका सामग्रीसँग उनीहरू खसीबाख्रा साटेर लिन्थे।

बाँकी पृष्ठ २

**राउटेले १५ महिनामा कति बाँदर मारे ?**

| क्र.सं. | महिना | २०८२ |
|---|---|---|
| १ | वैशाख | ७४ |
| २ | जेठ | ६७ |
| ३. | असार | ३६ |
| ४. | साउन | ४९ |
| ५. | भदौ | ५६ |
| ६. | असोज | ५६ |
| ७. | कात्तिक | ७२ |
| ८. | मंसिर | ३१ |
| ९. | पुस | ४२ |
| १०. | माघ | ३५ |
| ११. | फागुन | ५३ |
| १२. | चैत | २५ |
| | २०८३ | |
| १३. | वैशाख | १० |
| १४. | जेठ | २५ |
| १५. | असार | १०६ |

> राउटेले बाँदरको सिकार गर्नुअघि आफ्नो समुदायका मुखियाको अनुमति लिन्छन्, धामीसँग बाँदर मार्ने 'साइत' निकाल्छन्। त्यसपछि समूह बनाएर जंगल पस्छन्। उनीहरू बाँदरलाई लखेट्दै जालमा पार्छन् अनि भालाले हानेर मार्छन्। राउटे समुदायका मुखिया प्रकाश शाहीको अनुभवमा उनीहरू हिँड्ने 'करिडोर'मा बाँदरको संख्या घट्दै गएको छ।

## सहरमा पनि बाँदर आतंक

**गणेश विशु**
*बाँके, साउन २६*

कोहलपुर चौराहका पसलमा अहिले ग्राहकसँगै बाँदर पनि आउँछन्। फरक यत्ति हो, ग्राहकले पैसा तिरेर सामान लैजान्छन्, बाँदर भने मौका पाउनासाथ सामान उठाएर भाग्छन्। फलफूल व्यवसायी बुधराम यादवको पसलमा केही दिनअघि पाँच/सात वटा बाँदर पसे र आँप बोकेर भागे। अहिले प्रतिकिलो चार सय रुपैयाँ पर्ने आँप पसलबाट बाँदरले लैजानु उनका लागि नयाँ घटना होइन। यहाँका पसलमा दिनहुँजसो बाँदर आतंक देख्न पाइन्छ।

यादवका लागि पसलमा बाँदर पस्नु हैरानीको विषय बनेको छ। ग्राहकलाई फलफूल बेच्न लाग्दा पसलमा बाँदर पसेपछि उनी ग्राहक छाडेर बाँदर धपाउन दौडिन्छन्। 'ग्राहकलाई सामान दिने कि बाँदर धपाउने भन्ने हुन्छ,' उनी भन्छन्, 'अलिकति ध्यान पुगेन भने बाँदरले पसलमा पसेर सामानको सोत्तर लगाउँछन्।' कहिलेकाहीं त पसलपसलमा १२/१५ वटाको समूहमा बाँदर आउँदा उनी हैरान हुन्छन्।

कोहलपुर चौराहकै किराना व्यवसायी देवराज उपाध्यायले पनि यस्तै समस्या भोगिरहेका छन्। ग्राहकले रोजेको सामान निकाल्दै गर्दा पसलमा बाँदर पसेर चिप्सका प्याकेट उठाएर लगेका घटना धेरै भएको उनी सुनाउँछन्।

बाँकी पृष्ठ २

पृष्ठ २
बाली जोगाउन जाग्राम

# बाली जोगाउन जाग्राम

गोविन्द केसी
वीरेन्द्रनगर, साउन २६



बर्खे बाली जोगाउन बारीमै बनाएको छाप्रो। तस्बिर : नागरिक

वर्षभरि खेतबारीमा पसिना बगाएर उत्पादन गरेको मकै घर भित्र्याउने बेला दैलेखका किसानलाई जंगली जनावरको चिन्ताले सताउन थालेको छ। मकै पाकेर भित्र्याउने समय नजिकिँदै गर्दा जिल्लाका विभिन्न स्थानीय तहमा बाँदर, बँदेल, दुम्सीलगायत जंगली जनावरको आतंक बढेपछि किसान रातभर बारीमै जाग्राम बस्न बाध्य भएका छन्। दिनभरि बारीमा काम गर्ने किसान साँझ घर फर्किन नपाउँदै फेरि राति बाली जोगाउन खेतबारीमै पुग्नुपर्ने अवस्था छ। दिउँसो बाँदरको बथानले मकैबारीमा पसेर क्षति गर्ने गरेको छ भने राति बँदेल, दुम्सीलगायत जंगली जनावरले बालीमा पसेर केही समयमै ठुलो क्षति पुऱ्याउने गरेका छन्।

जिल्लाका भैरवी, महावु, नारायण, दुल्लु, ठाँटीकाँध, डुंगेश्वरलगायत स्थानीय तहका किसानहरूले बाली जोगाउन बारीमै टौवा बनाउने गरेका छन्। परिवारका सदस्य तथा छिमेकीहरू पालैपालो रातभर बारीमा बसेर टिन बजाउने, टर्च बाल्ने, आगो बाल्ने र आवाज निकालेर जंगली जनावर धपाउने गरेका छन्। तर यस्ता उपायले तत्कालका लागि जनावर धपाए पनि समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन। १० वर्षयता वन्यजन्तुको संख्या र बस्ती आसपासको गतिविधि बढ्दै गएको छ। जसका कारण बर्सेनि किसानको खेतीपाती न्यून उत्पादन हुने समस्या देखिएको छ। जीविकोपार्जनमा समस्या हुन थालेसँगै खर्च जोहोका लागि खेतीकिसानी गर्ने किसान भारततिर काम खोज्न जान थालेका छन्।

भैरवी गाउँपालिकाका अगुवा किसान तुलाराम अधिकारीका अनुसार वर्षभरको मेहनतबाट उत्पादन भएको मकै घर भित्र्याउने बेलामा जंगली जनावरबाट जोगाउन रातभर बारीमै बस्नुपर्ने अवस्था आएको बताउँछन्। 'दिनभर खेतीको काम गर्नुपर्छ, राति फेरि बाली जोगाउन बारीमै बस्नुपर्छ,' अधिकारीले भने, 'यसरी कति दिनसम्म किसानले आफ्नो बालीको पहरा दिन सक्छन्? सरकारले किसानको उत्पादन जोगाउने विषयलाई गम्भीर रूपमा लिनुपर्छ।' उनका अनुसार मकै किसानका लागि खाद्यान्नसँगै आम्दानीको महत्त्वपूर्ण स्रोत पनि हो। जंगली जनावरले बाली नष्ट गरेपछि किसानको वर्षभरको श्रम खेर जाने मात्र होइन, परिवारलाई खर्च धान्न नसकेर भारत जानुपर्ने बाध्यता हुने गरेको छ।

भैरवीकै किसान भवानीप्रसाद कँडेल दिनभर खेतबारीमा काम गरेर थाकिसकेपछि पनि राति बँदेल धपाउन बारीमै बस्नुपर्ने अवस्था रहेको बताउँछन्। 'दिनभर बारीमा काम गर्छौं, राति आराम गर्नुपर्ने समयमा बँदेल धपाउन बारीमा बस्नुपर्छ,' कँडेलले भने, 'बँदेलको बथान एकैपटक बारीमा पस्यो भने केही मिनेटमै ठुलो क्षेत्रफलको मकै नष्ट गरिदिन्छ।' उनका अनुसार किसानले आवाज निकाल्ने, टर्च बाल्ने, टिन बजाउनेलगायत घरेलु उपाय अपनाउँदै आएका छन् तर बँदेल र अन्य जंगली जनावरले यस्ता उपायको समेत बेवास्ता गर्न थालेपछि जोखिम बढेको छ। अर्का किसान छविलाल कँडेलले बारीमा मकै जोगाउन बस्ने गरे पनि ठुलो संख्यामा बँदेलहरू आउँदा धपाउन जाँदा ज्यानकै जोखिम हुने बताउँछन्। 'बँदेलले फेला पारे मान्छे हाल्नेजस्तो गरेर आउँछन्,' कँडेलले भने, 'जनावर धपाउने जति उपाय लगाए पनि ठुलो हुल आएको बेला मकै बारीमा छिर्ने गर्छन्।'

बँदेल र बाँदरको आतंक हरेक वर्ष दोहोरिन्छ। किसानले आफ्नै बलबुतामा धपाउने प्रयास गर्छन् तर दीर्घकालीन समाधान नभएको भन्दै किसानहरू दुःखी हुने गरेका छन्। नाम मात्रको स्थानीय सरकार भएको आरोप किसानहरूले बताएका छन्। उनीहरूले सरकारले बाली संरक्षणका लागि ठोस योजना नबनाएको भन्दै दैलेखका किसान निराश छन्। बाली संरक्षणका लागि जोखिमयुक्त क्षेत्रमा तारबार, सुरक्षित घेराबार, सामुदायिक निगरानी, वन्यजन्तु प्रवेश नियन्त्रणका प्रविधि तथा स्थानीय तहबाट आवश्यक उपकरण उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने किसानहरूको माग छ।

दैलेखका धेरै ग्रामीण परिवारको जीविकोपार्जन कृषि उत्पादनमा निर्भर छ। विशेषगरी मकै, कोदो, धान, गहुँलगायत खाद्यान्न बाली किसानका आर्यआर्जन र जीविकोपार्जन गर्ने मुख्य आधार रहेको छ। मकै पाक्ने समयमा बँदेल, दुम्सी र बाँदरबाट हुने क्षतिले किसानलाई दोहोरो मारमा पार्ने गरेको छ। एकातिर उत्पादन लागत बढिरहेको छ भने अर्कातिर उत्पादन भएको बालीसमेत सुरक्षित रूपमा घर भित्र्याउन नसक्ने अवस्था सिर्जना भएको किसानहरूको गुनासो छ।

जंगली जनावरबाट हुने क्षतिका लागि सरकारले राहतको व्यवस्था गरेको छ। डिभिजन वन कार्यालय दैलेखका अनुसार राहत निर्देशिका २०८० बमोजिम निजी जग्गामा लगाइएको बाली जंगली जनावरले नोक्सान गरे सम्बन्धित वडाध्यक्षसहितको समितिले क्षतिको सिफारिस गरी जिल्लामा पठाउनुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय दैलेखका अनुसार त्यस्तो सिफारिसका आधारमा जिल्लाबाट आवश्यक प्रक्रिया पूरा गरी राहत उपलब्ध गराउने व्यवस्था रहेको कार्यालयका प्रमुख अमरबहादुर शाहले बताए। 'राहत निर्देशिका २०८० बमोजिम निजी जग्गामा लगाएको बाली जंगली जनावरले नोक्सानी गरेको अवस्थामा वडाध्यक्षसहितको समितिले सिफारिस गरेर जिल्लामा पठाएपछि जिल्लाबाट निर्णय गरी राहत दिने व्यवस्था छ,' शाहले भने, 'जंगली जनावरको आक्रमणबाट मानवीय क्षति भएमा समेत निर्देशिकाअनुसार राहत उपलब्ध गराउने गरिएको छ। गत आर्थिक वर्षमा दैलेखमा जंगली बँदेलको आक्रमणबाट दुई जनाको मृत्यु भएको र उनीहरूका परिवारलाई निर्देशिकाबमोजिम जनही १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराइएको थियो।'

# साढे ५ लाख विद्यार्थीसँगै बाहिरियो साढे ५ खर्ब

पृष्ठ १ बाट

तेस्रो रोजाइमा रहेको बेलायतमा अध्ययनका लागि पाँच वर्षको अवधिमा कुल ७५ हजार ९२७ जनाले एनओसी लिएका छन्। विद्यार्थीको चौथो रोजाइको देश क्यानडा हो। पाँच वर्षको अवधिमा क्यानडाका लागि कुल ४२ हजार ८७० जनाले एनओसी लिएका छन्। पाँचौं रोजाइमा रिपब्लिक अफ कोरिया रहेको छ। यही अवधिमा उक्त देशका लागि कुल ३३ हजार ८७१ जनाले एनओसी लिएका छन्।

'यसले नेपाली विद्यार्थीको विदेश अध्ययनको गन्तव्यसमेत परिवर्तन हुँदै गएको देखाउँछ,' उपसचिव श्रेष्ठले नागरिकसँग भने, 'विगतमा अस्ट्रेलिया प्रमुख गन्तव्यका रूपमा देखिए पनि पछिल्लो तथ्यांकमा जापान अगाडि आएको छ। आव २०७९/८० मा कुल एनओसीमध्ये जापानको हिस्सा करिब १९ प्रतिशत रहेकामा आव २०८०/८१ मा यो ३० प्रतिशतभन्दा माथि पुगेको थियो।'

**ठुलो रकम पनि बाहिरिँदै**

विद्यार्थी बिदेसिने क्रमसँगै शिक्षाका नाममा नेपालबाट बाहिरिने विदेशी मुद्रा पनि तीव्र रूपमा बढेको छ। नेपाल राष्ट्र बैंकका अनुसार आव २०७६/७७ मा वैदेशिक अध्ययनका लागि करिब २५ अर्ब ८१ करोड रुपैयाँ बाहिरिएको थियो। आव २०७७/७८ मा २४ अर्ब ९५ करोड, आव २०७८/७९ मा ६७ अर्ब ७० करोड रुपैयाँ बाहिरिएको थियो।

यसैगरी आव २०७९/८० मा यस्तो खर्च करिब एक खर्ब ४२ करोड रुपैयाँ पुगेकोमा आव २०८०/८१ मा बढेर एक खर्ब २५ अर्ब १३ करोड रुपैयाँ पुगेको तथ्यांक छ। आव २०८१/८२ मा एक खर्ब ३८ अर्ब ४८ करोड र आव ८२/८३ मा एक खर्ब रुपैयाँ बाहिरिएको छ। ६ वर्षमा वैदेशिक अध्ययनका नाममा करिब ५ खर्ब ५६ अर्ब ६८ करोड रुपैयाँ बराबरको रकम बाहिरिएको देखिन्छ।

**एनओसी लिएका सबै विद्यार्थी बिदेसिन्छन् त ?**

एनओसी लिनेको संख्या र वास्तविक रूपमा विदेश गएको विद्यार्थीको संख्या एउटै होइन। शिक्षा मन्त्रालयका उपसचिव श्रेष्ठले पनि एनओसी लिएका सबै विद्यार्थी विदेश गएको तथ्यांक सरकारसँग नभएको बताएका छन्।

'एउटै विद्यार्थीले अध्ययनको तह, विषय वा गन्तव्य परिवर्तन गर्दा पुनः एनओसी लिन सक्ने अवस्था पनि छ,' उपसचिव श्रेष्ठले भने, 'त्यसैले एनओसीको संख्या बिदेसिने विद्यार्थीको प्रवृत्ति मापन गर्ने महत्त्वपूर्ण सूचक भए पनि यसलाई शतप्रतिशत वास्तविक प्रस्थान संख्या मान्न मिल्दैन।'

उनले देशमा शिक्षित बेरोजगारीको संख्या बढ्दै गएको उल्लेख गर्दै सरकारले युवा केन्द्रित नीति तथा कार्यक्रम तय गर्दा देशको वास्तविकता बुझ्नुपर्नेमा जोड दिए।

**किन बिदेसिन्छन् विद्यार्थी ?**

विद्यार्थी बिदेसिनुको पछाडि गुणस्तरीय शिक्षा मात्र कारण नभएको त्रिभुवन विश्वविद्यालयका जनसंख्याविद् प्राध्यापक डा. योगेन्द्रबहादुर गुरुङले बताए। विद्यार्थीसँग गरिएको कुराकानीलाई आधार बनाएर आफू यस्तो निष्कर्षमा पुगेको उनले बताए। उनका अनुसार स्वदेशमा रोजगारीको अभाव, अध्ययनपछि करिअरको अनिश्चितता, नेपालका विश्वविद्यालयमा शैक्षिक क्यालेन्डरको अनियमितता, राजनीतिक हस्तक्षेप, सिपअनुकूल रोजगारीको कमी तथा विदेशमा अध्ययनसँगै काम गर्ने अवसरका कारण विद्यार्थी बिदेसिएका हुन्।

प्राध्यापक डा. गुरुङले विद्यार्थी बिदेसिनुको मुख्य कारण आर्थिक पक्षसँग जोडिएको बताए। राज्यले युवालाई आर्थिक रूपमा सबल हुने वातावरण निर्माण गर्न नसक्दा पढाइको बहानामा बिदेसिने अवस्था बनेको उनको विश्लेषण छ। 'युरोप-अमेरिकाका विद्यार्थी पनि विभिन्न देशमा अध्ययनका लागि जान्छन् तर उनीहरू अध्ययनपछि फर्केर आफ्नै देशमा ज्ञान र सिप प्रयोग गर्छन्,' प्राध्यापक डा. गुरुङले भने, 'तर हाम्रो देशमा अवसर नभएर आर्थिक हैसियत सबल बनाउन युवाहरू बिदेसिने गरेको मैले पाएको छु।'

उनले बिदेसिनु नराम्रो नभएको तर अवसर सिर्जना गर्नु महत्त्वपूर्ण रहेको बताए। 'बिदेसिनु नराम्रो होइन, कुरो अवसरको हो। यसकारण युवाहरू गुणस्तरीय जीवन निर्माण गर्न शिक्षासँगै अवसरको खोजीमा बिदेसिने सामाजिक प्रवृत्ति बढ्दै गएको छ,' उनले भने।

**कलेज सुनसान, कन्सल्टेन्सीमा भिड**

विद्यार्थी बिदेसिने क्रम बढ्दा यसको प्रत्यक्ष असर नेपालका कलेज तथा विश्वविद्यालयमा देखिन थालेको छ। विशेष गरी स्नातक तहका कलेजमा विद्यार्थी संख्या घट्ने र कतिपय कार्यक्रम सञ्चालन गर्नै कठिनाइ हुने अवस्था देखिएको छ।

एकातर्फ विश्वविद्यालय तथा कलेजमा विद्यार्थी अभाव देखिन्छ भने अर्कातर्फ शैक्षिक परामर्श केन्द्रहरूमा विदेश अध्ययनका लागि जाने विद्यार्थीको चाप बढेको छ। 'यसले नेपालको शिक्षा नीतिमा नयाँ प्रश्न खडा गरेको छ,' प्राध्यापक डा. गुरुङले भने, 'नेपालले विद्यार्थीलाई विदेश जानबाट रोक्ने कि नेपालमै गुणस्तरीय शिक्षा, रोजगारी र भविष्यको अवसर सिर्जना गरेर बिदेसिने बाध्यता घटाउने ?'

विद्यार्थीलाई विदेश जान रोक लगाउनु दीर्घकालीन समाधान हुन नसक्ने उनको धारणा छ। बरु नेपालका विश्वविद्यालयको गुणस्तर सुधार, नियमित शैक्षिक क्यालेन्डर, रोजगारमुखी शिक्षा, अनुसन्धानमा लगानी, उद्योग-विश्वविद्यालय सहकार्य र स्नातकपछि रोजगारीको सुनिश्चितता गर्न सके विद्यार्थीको विदेशप्रतिको आकर्षण स्वाभाविक रूपमा घटाउन सकिने उनले बताए।

# सहरमा पनि बाँदर आतंक

पृष्ठ १ बाट

पसलबाट सामान उठाउन नपाए बाँदरले छतमा उफ्रिने, टिनमा हाम्फाल्ने, कराउने र संरचनामा क्षति पुऱ्याउनेसम्मका गतिविधि गर्ने व्यवसायी बताउँछन्। बाँदरबाट आजित केही व्यवसायीले त बाँदर देख्नेबित्तिकै फलफूल वा अन्य खानेकुरा दिएर शान्त पार्न थालेका छन्। खानेकुरा पाएपछि केही समय शान्त हुने र पसलबाट टाढा जाने भएकाले यस्तो उपाय अपनाउनुपरेको व्यापारी बताउँछन्। तर यसबाट समस्या समाधान हुनुको सट्टा बाँदरलाई पल्काएर झन् जोखिम निम्त्याउने काम पनि भएको कतिपयको बुझाइ छ।

कोहलपुरमा जस्तै बाँदर आतंक नेपालगन्जमा पनि छ। सुर्खेत रोड, घरबारी टोल, न्युरोडलगायत क्षेत्रमा बाँदरको आवतजावत बढेको व्यवसायी बताउँछन्। सहरका घना बस्ती, घरका छाना, पसलअगाडि बाँदरका समूह देखिन्छन्। नेपालगन्जका केही व्यवसायीले फलफूल तथा खाद्य सामग्री जोगाउन निरन्तर बाँदरको निगरानी गर्नुपर्ने अवस्था आएको बताउँछन्।

ग्रामीण क्षेत्रमा भने बाँदरको समस्या झन् गम्भीर छ। खेतबारीमा लगाएको मकै, तरकारी, फलफूल र अन्य कृषि उपजमा बाँदरले क्षति पुऱ्याउँदै आएका छन्। महिनौं लगाएर हुर्काएको बालीमा बाँदर पस्दा ठुलो नोक्सानी बेहोर्नुपरेका भुक्तभोगी बताउँछन्।

बाली जोगाउन किसानले हेरालु राख्ने, बाँदर धपाउन ठुलो आवाज निकाल्नेलगायत घरेलु उपाय अपनाउने गरेका छन्। तर बाँदरको संख्या बढेपछि यस्ता उपाय प्रभावकारी हुन छाडेका छन्। बाँदर समस्या खेतबारीमा मात्रै सीमित छैन। घरघर र पसलमा पनि बाँदर पसेर हैरान पार्न थालेका छन्। व्यापारीका अनुसार एउटा पसलबाट दैनिक दुई/चार सय रुपैयाँसम्मको सामान बाँदरले लैजान्छन्। दैनिकरूपमा यही क्रम दोहोरिँदा महिनामा हजारौँ रुपैयाँसम्मको नोक्सानी हुने उनीहरू बताउँछन्। यसकारण बाँदर पनि आर्थिक क्षतिको कारक बनेका छन्।

बाँदर बजार क्षेत्रमा किन आकर्षित हुन थाले भन्ने प्रश्न पनि उठन थालेको छ। मानव बस्ती विस्तारसँगै प्राकृतिक बासस्थान खुम्चिँदै जानु, बजार क्षेत्रमा सहजै खानेकुरा उपलब्ध हुनुले पनि बाँदर सहर पस्न थालेको जानकार बताउँछन्। बाँदर समस्या समाधानका लागि दीर्घकालीन योजना आवश्यक रहेको उनीहरू बताउँछन्। बाँदरको बासस्थान, आवतजावत गर्ने क्षेत्र र मानव बस्तीमा प्रवेश गर्ने कारण पहिचान गरी नियन्त्रण तथा व्यवस्थापनका उपाय खोजिनुपर्ने जानकारको भनाइ छ। बाँदर आतंक न्यूनीकरणका लागि स्थानीय सरकारले ठोस कदम चालेको देखिँदैन।

# युवा प्रधानमन्त्रीलाई युवा आकांक्षा चुनौती

पृष्ठ १ बाट

युवा शक्तिलाई उपयोग गर्न नसके नेपाल 'युवा राष्ट्र बन्न नपाउँदै वृद्ध राष्ट्र बन्ने' जोखिम छ। जनसांख्यिक लाभांशको समय सीमित हुन्छ। काम गर्ने उमेर समूहको ठुलो हिस्सा हुँदा शिक्षा, सीप, रोजगारी र उत्पादनशील क्षेत्रमा लगानी गर्न नसकेपछि यही जनसंख्या केही दशकपछि वृद्ध जनसंख्यामा परिणत हुन्छ र देशले आर्थिक लाभ लिन सक्दैन।

सरकारले गत वर्ष युवाको भूमिका र आवश्यकता सम्बोधन गर्न राष्ट्रिय युवा नीति ल्याएको छ। नयाँ नीतिले युवालाई विकास प्रक्रियाको सक्रिय साझेदारका रूपमा हेर्दै शिक्षा, सीप, रोजगारी, उद्यमशीलता, नेतृत्व विकास र सामाजिक सहभागितालाई प्राथमिकतामा राखेको छ।

**चुनौती : विदेश पलायन**

नेपालका लागि सबैभन्दा ठुलो चुनौती युवाको विदेश पलायन हो। रोजगारी र अवसरको खोजीमा युवा विदेश जाने क्रम जारी छ। एकातर्फ यसले तत्कालका लागि विप्रेषणमार्फत अर्थतन्त्रलाई टेवा दिएको छ भने अर्कातर्फ देशभित्र उत्पादनशील जनशक्ति अभाव हुने जोखिम बढाएको छ। सरकारी तथ्यांकअनुसार सन् २०२१ देखि २०२५ सम्म वैदेशिक रोजगारीका लागि हरेक वर्ष सरदरमा साढे सात लाख हाराहारी नेपाली बिदेसिएका छन्। त्यस्तै अध्ययनका लागि जाने युवाको संख्या हरेक वर्ष एक लाख हाराहारी छ। यस्तो अवस्थामा युवालाई विदेश जान रोक्ने नीतिभन्दा पनि नेपालमै अवसर सिर्जना गर्ने नीति राज्यको हुनुपर्छ। कृषि, सूचना प्रविधि, पर्यटन, हरित अर्थतन्त्र, नवप्रवर्तन र साना तथा मझौला उद्यममा युवाको लगानी र सहभागिता बढाउने वातावरण बनाउनु पर्छ।

राष्ट्रिय योजना आयोगको अगुवाइमा राष्ट्रिय रोजगारी नीति बनाएर वार्षिक एक लाख युवालाई रोजगारी सिर्जना गर्ने तयारी भइरहेको बताउँछन् राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतम। 'सरकारको यो नीति र कार्यक्रमले युवालाई रोजगारीका अवसर सिर्जनामा योगदान गर्ने छ,' उनले भने, 'सरकारले मात्रै रोजगारी सिर्जना गर्न सक्दैन। सरकारले त सहजीकरण गर्ने हो। यसमा निजी क्षेत्रको भूमिका अहं हुन्छ।'

**युवा आकांक्षा र अवसरबिच बढ्दै दुरी**

युएनएफपिएले गत महिना सार्वजनिक गरेको 'डेमोग्राफिक फ्युचर सर्भे'मा विश्वका ७३ देश तथा विभिन्न क्षेत्रका इन्टरनेटमा पहुँच भएका १८ देखि ३९ वर्ष उमेर समूहका एक लाख आठ हजार बढी युवाको धारणा समेटेको छ। विश्वकै ठुला सर्वेक्षणमध्ये एक मानिएको यो सर्भेमा विश्वभरका युवाले अर्थपूर्ण भविष्य, स्थिर सम्बन्ध र धेरैका लागि परिवार निर्माणको आकांक्षा राखेको देखिएको छ। तर बढ्दो अनिश्चितताबिच उनीहरूले जीवनका महत्त्वपूर्ण निर्णय लिनुपरिरहेको छ। महँगिँदो आवास, आर्थिक असुरक्षा, द्वन्द्व, असमानता र तीव्र प्राविधिक परिवर्तनले युवाले कसरी भविष्य परिकल्पना गर्ने र योजना बनाउने भन्नेमा प्रभाव पारिरहेको छ।

युएनएफपिएको सर्वेक्षणले एउटा स्पष्ट निष्कर्ष देखाएको छ- धेरै युवा अझै पनि प्रेम सम्बन्ध, विवाह र अभिभावकत्वको आकांक्षा राख्छन्। प्रश्न युवाले यस्ता जीवनका लक्ष्यलाई महत्त्व दिन्छन् कि दिँदैनन् भन्ने होइन, ती आकांक्षा पूरा गर्न आवश्यक सामाजिक र आर्थिक अवस्था उनीहरूसँग छ कि छैन भन्ने हो। आर्थिक सुरक्षा, स्थिर रोजगारी, किफायती आवास र आवश्यक सामाजिक सहयोगले युवाको जीवन निर्णयमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने सर्वेक्षणले देखाएको छ। यसले युवा आकांक्षा र उनीहरूले खोज्ने अवसरबिच ठुलो अन्तर रहेको देखाउँछ।

सर्वेक्षणले जनसांख्यिक प्रवृत्तिलाई मात्र हेर्नुभन्दा युवाका छनोटलाई प्रभावित गर्ने आधारभूत अवस्थातर्फ ध्यान दिनुपर्ने पनि औंल्याएको छ। रोजगारीका अवसर र सुरक्षा, किफायती आवास, सहज बाल हेरचाह, लैंगिक समानतामा आधारित अभिभावकीय बिदा, लचिलो कामको व्यवस्था र समग्र लैंगिक समानता युवालाई आफूले चाहेको जीवन निर्माण गर्न सक्षम बनाउने महत्त्वपूर्ण आधार हुन्।

नेपालका लागि युएनएफपिए सर्वेक्षणको निष्कर्ष अझ बढी सान्दर्भिक छ। कामको अभाव र आर्थिक असुरक्षाका कारण ठुलो संख्यामा नेपालका युवा बिदेसिने गरेका छन्। यो सन्दर्भमा ती युवाले आफूले चाहेको शिक्षा, रोजगारी, परिवार र भविष्य निर्माण गर्ने अवसर पाएका छन् कि छैनन् भन्ने प्रश्न महत्त्वपूर्ण छ। युवा जनसंख्यालाई उत्पादनशील शक्तिमा रूपान्तरण गर्न नसके लाभ लिन कठिन हुन्छ।

**अबको बाटो के ?**

सम्बद्ध विज्ञका अनुसार नेपालले रोजगारी सिर्जना, सीप र शिक्षामा सुधार, हरेक क्षेत्रमा युवाको अर्थपूर्ण सहभागिता, नवप्रवर्तन, उद्यमशीलता र विदेशमा रहेका युवाको ज्ञान र पुँजी उपयोगमा ध्यान दिन जरुरी छ। हरेक वर्ष श्रमबजारमा प्रवेश गर्ने युवालाई लक्षित गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउन आवश्यक छ, जुन सरकारी र निजी क्षेत्रबिचको सहकार्यबाट मात्र सम्भव छ। परम्परागत शिक्षाले मात्र बदलिँदो विश्व बजारको आवश्यकता पूरा गर्न नसक्ने र यसका लागि सीप र शिक्षामा सुधार हुनुपर्ने विज्ञ मत छ।

नयाँ सरकारप्रति युवाको ज्यादै धेरै अपेक्षा छ। तर सरकारले चार महिनामा अपेक्षित काम गर्न नसकेको भन्दै प्रश्न उठाउन थालिएको छ। यसलाई स्वीकार गर्दै युवा श्रम तथा रोजगारमन्त्री रामजी यादवका प्रमुख सल्लाहकार शंकर श्रेष्ठ शुसासन कायम गरेर आर्थिक तथा रोजगारीका आधार सिर्जना गर्नेतर्फ सरकार लागिपरेको बताउँछन्। 'राष्ट्रिय रोजगारी नीतिको तर्जुमासँगै राष्ट्रिय युवा परिषद् ऐन पनि परिमार्जन हुँदैछ। गत वर्ष ल्याइएको राष्ट्रिय युवा नीति कार्यान्वयनमा यसले सहयोग गर्नेछ,' उनी भन्छन्।

उनले युवा स्वरोजगार कार्यक्रमलाई पनि यही ऐनअन्तर्गत ल्याउने तयारी रहेको बताए। 'हामीसँग वैदेशिक रोजगारी प्रवर्धन बोर्ड छ तर स्वदेशमा रोजगारी सिर्जना गर्न पनि यस्तैखाले बोर्ड चाहिन्छ। समग्रमा रोजगारी प्रवर्धनमा सरकार लागेको छ,' उनी भन्छन्। सरकारले प्राप्त अवसरलाई उपयोग गर्न सके युवा जनसंख्यालाई विकास शक्तिमा बदल्न सक्छ। अन्यथा यही युवा शक्ति निराशा र पलायनको स्रोत बन्न सक्छ।

# अग्रणी स्रष्टा विमलको निधन



काठमाडौं, साउन २६ (नागरिक)- मैथिली साहित्यका अग्रणी स्रष्टा डा. राजेन्द्रप्रसाद विमलको निधन भएको छ। लामो समयदेखि मधुमेह र उच्च रक्तचापबाट पीडित विमलको सोमबार राति १२:४५ बजे जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा निधन भएको हो। उनको निधनसँगै मैथिली साहित्य, भाषा आन्दोलन तथा मिथिलाको सांस्कृतिक क्षेत्रमा अपूरणीय क्षति भएको साहित्यकारहरूले बताएका छन्।

मैथिली विकास कोष जनकपुरधामका संस्थापक अध्यक्ष रहेका विमलले मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। सन् १९४७ जुलाई २६ मा धनुषा जिल्लाको देवडिहा गाउँस्थित खिरखिरियामा जन्मिएका विमलले नेपाली, मैथिली र हिन्दी विषयमा स्नातकोत्तर उपाधि हासिल गरेका थिए भने भाषा विज्ञानमा पिएचडी गरेका थिए।

# यसकारण राउटे करिडोरमा घट्दै छन् बाँदर

राउटेसँगै सोसेकका जोडी शिक्षक पनि बसाई सर्दै उनीहरूसँगै हिँड्छन्। पछिल्लो १५ महिनामा राउटेले कुनकुन ठाउँमा बसाइँ सरेर कति बाँदरको सिकार गरे भन्ने तथ्यांक सोसेकले राखेको छ। १५ महिनामा १५ ठाउँमा बसाइँ सरेका राउटेले बाँदर मारेको देखिन्छ। २०८२ वैशाखमा राउटे समुदाय सुर्खेतको वीरेन्द्रनगर-२ को गिरीघाटमा थियो। त्यहाँबाट करेखोला बसाइँ सरेको राउटे समुदाय चन्द्रपुर हुँदै लेकबेंसी नगरपालिका-१० को झुप्राखोलामा बसाइँ सऱ्यो। उनीहरू त्यहाँबाट रानीमाटे खोला, रातेचौर हुँदै चौरासे पुगेर दसैं मनाए। दसैंपछि चिसापानी बसाइँ सरेको यो समुदाय पुलटार, लमना हुँदै गुर्भाकोट नगरपालिका-१४ को जहरेमा बसाइँ सऱ्यो। त्यहाँबाट फेरि लेकबेंसी-२ को खहरेखोला पुगेको यो समुदाय गोठीखोलाबाट सिम्ता गाउँपालिकाको मुग्रे हुँदै अहिले दुनीमा छ। नेपालको एक मात्रै फिरन्ते यो समुदायका ४० घरधुरी र १३२ सदस्य छन्।

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३।०४।२७ गते बुधबार

डिभिजन वन कार्यालय, बर्दियाको लिलाम ईजाजत सहमति अनुसार समूहको घाटगद्दीमा राखिएको विभिन्न जातको गोलिया थान ४१८ को २२९१.७० घ.फि. काठ र सालदाउरा ५.०० चट्टाहाल जे-जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक काठ दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भएका उद्योगले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनभित्र यस समूह वा डिभिजन वन कार्यालय, बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस समूहमा सम्पर्क राख्न सकिने छ, साथै विस्तृत सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**फर्दङ्गा सा .व.उ.स. मधुवन-२, बर्दिया**

# २२ जनाविरुद्ध मुद्दा चलाउन सिआइबीको सिफारिस

पृष्ठ १ बाट

स्मार्ट सेल घोटाला प्रकरणमा अनुसन्धान सुरू हुनासाथ एनसेलका अध्यक्ष आचार्य र सिइओ फोले नेपालबाट बाहिरिएका छन्। अन्य आरोपित फरार छन्। यही प्रकरणमा नेपाल राष्ट्र बैंकले नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडेसहित ६ जना सञ्चालकको व्यक्तिगत बैंक खाता रोक्का गरेको छ।

सिआइबीले यही साउन १४ गते नेपाल राष्ट्र बैंक बालुवाटारलाई पत्र लेख्दै स्मार्ट सेलसँग सम्बन्धित व्यक्ति, उनीहरूको स्वामित्व रहेका कम्पनी, नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका अध्यक्ष पाँडेसहित ६ जना सञ्चालकको व्यक्तिगत तथा सेयर लगानी रहेका कम्पनीको खातासमेत रोक्का गर्न लगाएको थियो।

अनुसन्धानका क्रममा स्मार्ट सेलको सम्पत्ति लिलामी प्रक्रिया नै कानुनविपरीत भएको फेलापरेको छ। नियमअनुसार दूरसञ्चार सेवा प्रदायक तथा लगानीकर्ताले लिलामीमा भाग लिन नपाउने व्यवस्था हुँदाहुँदै एनसेललाई सहभागी गराइएको छ।

एनसेलले भने व्यवसायी तथा लगानीकर्तामाथि धरपकड र फौजदारी मुद्दाको त्रास बढ्दा लगानी वातावरणमा प्रश्न उठेको बताएको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले सोमबार नेपालमा लगानी गरेका २० ठुला बहुर्राष्ट्रिय कम्पनीका प्रतिनिधिसँग गरेको छलफलमा एनसेलका चिफ कर्पोरेट एन्ड रेगुलेटरी अफिसर डिल्लीराम श्रेष्ठले यस्तो बताएका थिए।

देशको दूरसञ्चार क्षेत्रको नियमन, विकास र प्रवर्धन गर्ने निकायको नेतृत्व तहबाट भएको स्मार्ट टेलिकम घोटाला प्रकरणमा विस्तृत अनुसन्धान गर्न प्राधिकरणका पूर्वअध्यक्ष भण्डारीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। टेरामक्स प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम खनाललाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायरगरेसँगै पदमुक्त भएपछि सरकारले भण्डारीलाई नियुक्त गरेको थियो। गत २१ फागुनको निर्वाचनपछि गठन भएको प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले वैशाख तेस्रो साता यसअघिको सरकारबाट राजनीतिक नियुक्ति पाएका सबैलाई पदमुक्त गरेको थियो। यसरी पदमुक्त हुनेमा भण्डारीसमेत थिए।

स्मार्ट टेलिकमको लाइसेन्स खारेजीपछि सरकारी स्वामित्वमा आउनुपर्ने सम्पत्ति हिनामिना भएको विषयमा अनुसन्धानका लागि भण्डारीलाई पक्राउ गरी हिरासतमै राखिएको सिआइबीले बताएको छ। स्मार्ट टेलिकमले दूरसञ्चार प्राधिकरणलाई नवीकरण दस्तुर र रोयल्टीबापतको करिब ३० अर्ब रुपैयाँ नबुझाएपछि २०८० वैशाख ३ गते उसको अनुमतिपत्र स्वतः रद्द भको थियो। दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली २०७९ अनुसार लाइसेन्स रद्द भएको कम्पनीको सम्पूर्ण पूर्वाधार र सम्पत्तिमा राज्यको अधिकार रहने व्यवस्था छ। तर सरकारी नियन्त्रणमा आइसकेको स्मार्ट सेलको सम्पत्तिलाई नेपाल इन्भेस्टमेन्ट मेगा बैंकले गत असोजमा ४ अर्ब ६० करोड रुपैयाँमा एनसेललाई लिलामी गरेको थियो।

राज्यको हक समाप्त पार्ने गरी भएको यस लिलामी प्रक्रियामा प्राधिकरणका तत्कालीन अध्यक्षका रूपमा भण्डारीको भूमिका शंकास्पद देखिएपछि नियन्त्रणमा लिएर छानबिन गरिएको हो। स्मार्ट सेलको सम्पत्ति लिलामी भइसकेपछि मात्रै उनले मूल्य निर्धारण समिति गठन गरेको पाइएको छ। एनसेलले गत माघ महिनामा सो पूर्वाधार आफूले किनेको जानकारी गराएपछि मात्र प्राधिकरणले पत्राचार सुरु गरेको थियो। लिलामी प्रक्रिया चलिरहँदा भण्डारी नेतृत्वको प्राधिकरणले कुनै कानुनी चुनौती नदिएको विषयमा पनि सिआइबीले अनुसन्धान गरेको छ।

अनुसन्धानमा संलग्न एक अधिकारीकाअनुसार नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चालक समिति बैठकले स्मार्ट टेलिकमको सम्पत्ति लिलामी र राज्यको हक गुमेको विषयमा गम्भीर अनुसन्धान गर्न सिआइबीलाई भनेको थियो। त्यसपछि सिआइबीले भण्डारीलाई नियन्त्रणमा लिएको हो।

यही प्रकरणमा सिआइबीले वैशाख २२ मा स्मार्ट टेलिकमका तत्कालीन अध्यक्ष सर्वेश जोशी र नेपाल इन्भेस्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई पनि पक्राउ गरेको थियो। अहिले उनीहरू छुटिसकेका छन्। जोशीले सरकारी नियन्त्रणमा पुगिसकेको सम्पत्ति बदनयितपूर्वक लिलामी गर्न बैंकलाई मञ्जुरीनामा दिएको आरोप थियो। यही प्रकरणमा वैशाखमै स्मार्ट सेलको सम्पत्ति लिलामी प्रक्रियामा सहभागी पलनी श्रेष्ठ र नरेन्द्र उलाकलाई पनि प्रहरीले पक्राउ गरेको थियो। अनुसन्धानका क्रममा व्यवसायी एवं गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष डा. उपेन्द्र महतोलाई पनि सिआइबीले सोधपुछका लागि बोलाएको थियो।

कहीं नभएको बेला मुस्कुराउने मानिस सही अर्थमा खुसी छ भन्ने बुझिन्छ।
– एन्डी रोनी

# बदलौं युवा हेर्ने दृष्टि

आज अन्तर्राष्ट्रिय युवा दिवस। यस अवसरमा सम्पूर्ण युवामा हार्दिक शुभकामना! वास्तवमा युवा केवल उमेर होइन, चेतना हो; केवल शरीरको ऊर्जा होइन, समाजलाई नयाँ दिशातर्फ लैजाने साहस हो। युवाशक्ति कुनै राष्ट्रको वर्तमान मात्र होइन, भविष्य निर्माण गर्ने सबैभन्दा महत्त्वपूर्ण आधार हो। युवा दिवसले एउटा गम्भीर प्रश्न गर्न बाध्य पार्नुपर्छ- देशले युवालाई र युवाले देशलाई हेर्ने दृष्टिकोण कस्तो छ?

नेपालको वर्तमान अवस्था हेर्दा युवाको प्रश्न झन् गम्भीर बनेको छ। एकातिर ठुलो संख्यामा ऊर्जाशील युवा रोजगारी, शिक्षा र अवसरको खोजीमा दिनहुँ बिदेसिइरहेका छन्। विमानस्थलमा देखिने युवाको लामो पंक्ति आज नेपालको आर्थिक र सामाजिक अवस्थाको एउटा जीवन्त चित्र बनेको छ। गाउँमा खेत बाँझिँदै छन्, बजारमा श्रमशक्ति घट्दै छ र परिवारका सदस्यहरू संसारका विभिन्न कुनामा छरिँदै छन्। वैदेशिक रोजगारीबाट प्राप्त रेमिट्यान्सले अर्थतन्त्र धान्न महत्त्वपूर्ण योगदान गरिरहेको भए पनि आफ्ना युवालाई देशभित्रै अवसर दिन नसक्नु कुनै पनि राष्ट्रका लागि गौरवको विषय हुन सक्दैन।

नेपालको युवा पुस्ताको अर्को तस्बिर पनि छ। युवासँग सधैं दीर्घ योजना नहुन सक्छ। उनीहरूमा राजनीतिक परिपक्वता पूर्ण रूपमा विकसित भइसकेको नहुन सक्छ। आजका युवामा धैर्यको कमी पनि देखिन सक्छ। तत्काल परिणाम चाहने प्रवृत्ति, सामाजिक सञ्जालबाट प्रभावित हुने मनोविज्ञान र क्षणिक उत्तेजनामा निर्णय गर्ने प्रवृत्ति पनि उनीहरूमा हुन सक्छ। तर तिनै युवा सधैं परिवर्तनका वाहक बनेको इतिहास छ।

यही पुस्ताले देशका राजनीतिक, सामाजिक र सांस्कृतिक परिवर्तनमा निर्णायक भूमिका निर्वाह गर्दै आएको छ। पछिल्लो जेनजी आन्दोलन यसको ज्वलन्त उदाहरण हो। त्यो आन्दोलनले केवल सरकार परिवर्तन गरेन, राज्य सञ्चालन, राजनीतिक संस्कार, जवाफदेहिता र शासनप्रतिको नागरिक अपेक्षामै नयाँ बहस सिर्जना गर्‍यो। त्यसैले युवा केवल भौतिक परिवर्तन गर्ने शक्ति होइनन्, उनीहरू समाज र राज्यको सोच नै परिवर्तन गर्न सक्ने शक्ति हुन्।

२००७ सालको परिवर्तनको प्रक्रियामा युवाले महत्त्वपूर्ण भूमिका निर्वाह गरे। विश्वेश्वरप्रसाद कोइरालालगायतका युवाले राणा शासनविरुद्धको राजनीतिक संघर्षलाई निर्णायक मोडमा पुर्‍याए। २०४६ सालको जनआन्दोलनमा पनि युवाको सहभागिता उल्लेखनीय थियो। २०६२/६३ को जनआन्दोलनमा त युवा पुस्ताको व्यापक सहभागिताले नै आन्दोलनलाई निर्णायक शक्ति प्रदान गर्‍यो। पछिल्ला परिवर्तनका आन्दोलनमा पनि अग्रपंक्तिमा युवा नै देखिएका छन्। परिवर्तनका क्रममा जीवन बलिदान गर्ने सहिदहरूको ठुलो हिस्सा पनि युवा नै छ। त्यसैले परिवर्तनको इतिहास लेख्दा युवालाई अलग गरेर लेख्न सकिँदैन।

युवाशक्तिको ठुलो हिस्सा सम्भावनाले भरिएको भए पनि केही युवा कुलत, लागुपदार्थ, हिंसा, अपराध, निराशा, सामाजिक विकृति र उद्देश्यहीन जीवनतर्फ धकेलिँदै छन्। यो समस्यालाई केवल युवाको व्यक्तिगत कमजोरीका रूपमा हेरेर राज्य र समाज उम्कन मिल्दैन। युवालाई सही बाटो देखाउने वातावरण निर्माण गर्नु परिवार, समाज, विद्यालय, समुदाय र राज्य सबैको साझा दायित्व हो।

> आज युवालाई केवल रोजगारी, प्रमाणपत्र, सहभागिता तथा अवसर चाहिएको छैन, उनीहरूलाई उद्देश्य, सिप, निर्णय क्षमता तथा स्वदेशमै भविष्य देख्ने दृष्टि पनि चाहिएको छ।

युवाको हातमा इन्टरनेटमार्फत सूचना तथा संसारसँग जोडिने अभूतपूर्व अवसर छ तर त्यही माध्यमबाट गलत सूचना, घृणा, हिंसा, लत र मानसिक अस्थिरता पनि उनीहरूको जीवनमा प्रवेश गरिरहेको छ। त्यसैले आज युवालाई केवल रोजगारी, प्रमाणपत्र, सहभागिता तथा अवसर चाहिएको छैन, उनीहरूलाई उद्देश्य, सिप, निर्णय क्षमता तथा स्वदेशमै भविष्य देख्ने दृष्टि पनि चाहिएको छ।

नेपालमा अझै पनि अनेक प्रकारका अन्धविश्वास, भेदभाव, छुवाछुत, लैंगिक असमानता, रूढिवाद, विकृति-विसंगति कायम छन्। समाजमा पुस्तौंदेखि जरा गाडेर बसेका यस्ता प्रवृत्तिलाई जरैदेखि उखेल्न सक्ने शक्ति युवामा छ। पुरानो सोचलाई चुनौती दिने साहस, विज्ञान र तर्कलाई स्वीकार गर्ने क्षमता तथा समानताको नयाँ चेतना युवामा विकास गर्न सकियो भने सामाजिक रूपान्तरण तीव्र गतिमा अघि बढ्न सक्छ।

त्यसैले राज्यले युवालाई केवल निर्वाचनको समयमा सम्झिने मतदाता, आन्दोलनको समयमा सडकमा चाहिने भिड वा रोजगारीका लागि विदेश पठाउने श्रमशक्तिका रूपमा हेर्नुहुँदैन। युवालाई राज्य निर्माणको साझेदारका रूपमा हेर्नुपर्छ। शिक्षा नीति बनाउँदा युवाको भविष्य केन्द्रमा हुनुपर्छ। रोजगारी नीति बनाउँदा युवाको सिप र उद्यमशीलता प्राथमिकतामा हुनुपर्छ। उद्योग नीति बनाउँदा युवालाई उत्पादनसँग जोड्ने लक्ष्य हुनुपर्छ। विज्ञान तथा प्रविधिको विकासमा युवाको सिर्जनशीलता प्रयोग गर्नुपर्छ। राजनीति र सार्वजनिक नीतिनिर्माणमा युवाको सार्थक सहभागिता सुनिश्चित गर्नुपर्छ।

युवालाई प्राथमिकता दिनु भनेको युवाले उठाएका हरेक माग वा अभियानलाई सही ठान्नु पनि होइन। युवाका आवाज सुन्नुपर्छ तर गलत दिशामा गएका अभियानलाई सच्याउनुपर्छ। युवाको ऊर्जा महत्त्वपूर्ण छ तर ऊर्जा सही दिशामा प्रवाहित भए मात्र त्यसले निर्माण गर्छ। सही दिशा, अवसर र नेतृत्व पाएमा युवाशक्तिले राष्ट्र निर्माण गर्छ, उद्देश्यहीनता, निराशा र गलत प्रवृत्तिको सिकार भयो भने त्यही शक्ति समाजका लागि चुनौती बन्न सक्छ।

त्यसैले अब राज्यले युवालाई नियन्त्रण गर्नेभन्दा विश्वास गर्ने नीति लिनुपर्छ। उपदेश दिनेभन्दा अवसर दिने नीति लिनुपर्छ। युवाको आलोचना गर्नेभन्दा उनीहरूको ऊर्जा उत्पादन र सिर्जनामा लगाउने नीति बनाउनुपर्छ। युवालाई सडकमा आउन नपर्ने गरी राज्यका संस्थाहरूलाई जवाफदेही, पारदर्शी र जनमुखी बनाउनु पनि राज्यकै दायित्व हो। नेपालको वर्तमान र भविष्य युवाकै हातमा छ। उनीहरूलाई गुणस्तरीय शिक्षा, सिप, रोजगारी, उद्यम, प्रविधि, न्यायपूर्ण अवसर र सुरक्षित सामाजिक वातावरण दिन सक्नुपर्छ।

अन्ततः युवा दिवसको वास्तविक अर्थ युवालाई शुभकामना दिनुमा होइन, युवामाथि विश्वास गर्ने राष्ट्रिय संकल्प गर्नुमा छ। आज विदेश जाने विमानमा चढिरहेको युवा भोलि नेपालमै उद्योग खोल्ने उद्यमी बन्न सक्छ। आज सामाजिक विकृतिविरुद्ध प्रश्न गरिरहेको युवा भोलि राज्यको नीति निर्माता बन्न सक्छ। आज अन्यायविरुद्ध आवाज उठाइरहेको युवा भोलि न्यायपूर्ण समाज निर्माणको नेतृत्व गर्न सक्छ।

त्यसैले युवालाई समस्या होइन, सम्भावना देखौं। उनीहरूलाई भिड होइन, शक्ति मानौं। उनीहरूको आवाजलाई असन्तोष मात्र होइन, परिवर्तनको संकेतका रूपमा बुझौं। उनीहरूको गलत बाटो सच्याऔं तर उनीहरूको सही ऊर्जा रोक्ने काम नगरौं।



शोभा ज्ञवाली

# हेटौंडाका कर्घा चले, अब चलाउनुपर्छ सोच




**हेटौंडाका कर्घा फेरि चलेका छन् । अब कर्घासँगै नेपालको सोच पनि चल्नुपर्छ । मेसिन मात्र होइन, उत्पादन चल्नुपर्छ, उत्पादनसँगै रोजगारी चल्नुपर्छ, रोजगारीसँगै सिप चल्नुपर्छ, सिपसँगै उद्यम चल्नुपर्छ, उद्यमसँगै स्थानीय अर्थतन्त्र चल्नुपर्छ । अन्ततः नेपालको अर्थतन्त्र चल्नुपर्छ ।**

दुई दशकभन्दा लामो समय मौन रहेका हेटौंडा कपडा उद्योगका कर्घा फेरि चल्न थालेका छन्। बन्द अवस्थामा रहेको उद्योगको सरसफाइ, मेसिनको परीक्षण तथा मर्मत र परीक्षण उत्पादन सुरु हुनु आफैंमा सकारात्मक सुरुवात हो। सरकारले यसको सम्भाव्यता र प्राविधिक पक्षको अध्ययन पनि अघि बढाइरहेको छ।

हेटौंडा कपडा उद्योगको पुनर्जीवनलाई एउटा पुरानो सरकारी कारखाना पुनः सञ्चालनमा ल्याउने सामान्य घटनाका रूपमा मात्र हेर्नुहुँदैन। यो नेपालको औद्योगिक नीति, सार्वजनिक सम्पत्तिको उपयोग, रोजगारी सिर्जना र आर्थिक विकासबारे हाम्रो सोच बदल्ने अवसर पनि हो। हेटौंडा फेरि चलाउनुपर्छ कि पर्दैन? बन्द उद्योगमा सरकारले फेरि लगानी गर्नु उचित हो कि होइन? पुरानो प्रविधि भएको उद्योगले आधुनिक बजारमा प्रतिस्पर्धा गर्न सक्छ कि सक्दैन? सरकार आफैंले चलाउने कि निजी क्षेत्रलाई सहभागी गराउने? यी प्रश्न स्वाभाविक र आवश्यक छन्। सार्वजनिक पैसा प्रयोग हुने भएकाले हरेक रुपैयाँको हिसाब हुनुपर्छ। लागत, उत्पादन, बजार, आम्दानी, व्यवस्थापन, प्रविधि र वित्तीय दिगोपनको मूल्यांकन हुनुपर्छ तर अर्को प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ- के सरकारको सफलता केवल उसले कति नाफा कमायो र कति लाभांश दियो भन्ने आधारमा मात्र मापन गर्न मिल्छ? मेरो विचारमा मिल्दैन।

निजी व्यवसायका लागि नाफा मुख्य उद्देश्य हुन सक्छ तर सरकारको जिम्मेवारी त्यसभन्दा व्यापक हुन्छ। सरकारको वास्तविक सफलता कति उद्योग खुले, कति रोजगारी सिर्जना भयो, कति युवाले अवसर पाए, कति नागरिकले सिप हासिल गरे, उत्पादन कति बढ्यो, स्थानीय अर्थतन्त्र कति चलायमान भयो र देशको आर्थिक क्षमता कति बलियो भयो भन्ने आधारमा पनि मापन हुनुपर्छ। सरकारी खातामा जम्मा हुने लाभांश एउटा प्रतिफल हो तर एउटा उद्योगले सिर्जना गर्ने रोजगारी, सिप, उद्यमशीलता, उत्पादन र आर्थिक अवसर पनि राष्ट्रिय सम्पत्ति हुन्। सरकारको वास्तविक ब्यालेन्स सिट केवल सरकारी खातामा हुँदैन। त्यो जनताको जीवनमा हुन्छ। एउटा युवाले हेटौंडामा काम पाउँछ भने त्यो एउटा रोजगारी मात्र होइन, एउटा परिवारको आर्थिक आधार हो। उसले नयाँ सिप सिक्छ भने त्यो भविष्यको उत्पादनशील क्षमता हो। त्यही सिप लिएर उसले केही वर्षपछि आफ्नै व्यवसाय सुरु गर्छ भने त्यो अर्को रोजगारीको स्रोत हो। उद्योगसँग जोडिएर कच्चापदार्थ आपूर्ति गर्ने, ढुवानी गर्ने, मर्मत सेवा दिने, डिजाइन गर्ने, सिलाइ गर्ने वा साना व्यवसाय सञ्चालन गर्ने धेरै मानिसले अवसर पाउँछन् भने उद्योगको प्रभाव कारखानाको गेटभन्दा धेरै बाहिर पुग्छ। त्यसैले हेटौंडाको हिसाब केवल मेसिनले कति कपडा उत्पादन गर्‍यो भन्नेमा सीमित हुनुहुँदैन, त्यसले कति आर्थिक गतिविधि सिर्जना गर्‍यो भन्ने मापन पनि हुनुपर्छ। नेपालको वर्तमान आर्थिक अवस्थाले यो बहसलाई अझ गम्भीर बनाएको छ। ठुलो संख्यामा नेपाली युवा रोजगारीका लागि विदेश जान बाध्य छन्। वैदेशिक रोजगारी र रेमिट्यान्सले परिवार र राष्ट्रिय अर्थतन्त्रलाई महत्त्वपूर्ण योगदान दिएका छन्। विदेशमा काम गर्ने नेपालीको योगदानलाई कम आँक्ने प्रश्न छैन तर एउटा देशको दीर्घकालीन आर्थिक भविष्य आफ्ना युवालाई सधैं विदेश पठाएर प्राप्त हुने आम्दानीमा मात्र निर्भर रहन सक्दैन। नेपाली युवासँग विदेश जाने विकल्प हुनु राम्रो हो तर नेपालमै बसेर काम गर्ने, सिप सिक्ने, व्यवसाय गर्ने र अरूलाई रोजगारी दिने विकल्प नहुनु हाम्रो आर्थिक कमजोरी हो।

त्यसैले अब प्रश्न युवालाई विदेश जानबाट कसरी रोक्ने भन्ने मात्र होइन। प्रश्न हो- नेपालमै अवसर कसरी सिर्जना गर्ने? यसको उत्तर उत्पादनमा छ, उद्योगमा छ, उद्यमशीलतामा छ, सिपमा छ, लगानीमा छ, स्थिर र उद्योगमैत्री नीतिमा छ। यही कारणले हेटौंडा कपडा उद्योगको पुनर्जीवन महत्त्वपूर्ण छ। यसलाई केवल एउटा बन्द कारखाना खोल्ने कामका रूपमा होइन, निष्क्रिय राष्ट्रिय सम्पत्तिलाई उत्पादनशील सम्पत्तिमा बदल्ने प्रयोगका रूपमा हेर्नुपर्छ। वर्षौंसम्म भवन, जमिन, मेसिन र औद्योगिक संरचना उपयोगविहीन भएर बसिरहँदा त्यसले राष्ट्रलाई प्रतिफल दिँदैन। प्राविधिक परीक्षण, सम्भाव्यता अध्ययन र बजार विश्लेषणले त्यसमा अझै उत्पादनको सम्भावना देखाउँछ भने त्यसलाई पुनः उपयोगमा ल्याउनु सकारात्मक कदम हुन सक्छ। पुनर्जीवनको अर्थ विगतलाई जस्ताको तस्तै फर्काउनु भने होइन। राजनीतिक हस्तक्षेप, कमजोर व्यवस्थापन, अनावश्यक कर्मचारी विस्तार, समयअनुकूल प्रविधिमा सुधार गर्न नसक्नु, उत्पादन लागत बढ्नु र बजार प्रतिस्पर्धामा पछि पर्नुजस्ता समस्या फेरि दोहोरिए भने आजको पुनर्जीवन भोलिको अर्को उद्योगका लागि निरर्थक बन्न सक्छ।

**नयाँ लगानी गरेर पुरानो समस्या पुनःस्थापित गर्नु विकास होइन**

त्यसैले हेटौंडामा अब कसको मान्छे व्यवस्थापक बनाउने? भन्ने होइन, कस्तो दक्ष व्यवस्थापक चाहिन्छ? भन्ने प्रश्न हुनुपर्छ। कति कर्मचारी राख्ने? होइन, कति दक्ष जनशक्ति आवश्यक छ? भन्ने प्रश्न हुनुपर्छ। सरकारले कति पैसा हाल्ने? मात्र होइन, त्यसबाट कति उत्पादन, कति रोजगारी र कति आर्थिक मूल्य सिर्जना गर्ने? भन्ने प्रश्न हुनुपर्छ। सार्वजनिक उद्योगमा राजनीतिक पहुँचभन्दा व्यावसायिक क्षमता ठुलो हुनुपर्छ। सरकारी स्वामित्व भएकै कारण जवाफदेही कमजोर होइन, अझ बलियो हुनुपर्छ।

**उद्योगको सबैभन्दा ठुलो सम्पत्ति मेसिन होइन, दक्ष जनशक्ति हो**

हेटौंडाजस्तो उद्योगले युवालाई उत्पादन, मेसिन सञ्चालन, मर्मत, गुणस्तर नियन्त्रण, आपूर्ति व्यवस्थापन र औद्योगिक अनुशासन सिकाउन सक्छ। आज उद्योगमा काम गर्ने एउटा युवा भोलि आफ्नै गार्मेन्ट उद्योग खोल्न सक्छ। अर्काले सिलाइ केन्द्र सञ्चालन गर्न सक्छ। कसैले मेसिन मर्मतको व्यवसाय सुरु गर्न सक्छ। कसैले डिजाइन, व्यापार वा आपूर्ति क्षेत्रमा नयाँ उद्यम गर्न सक्छ। त्यसपछि हेटौंडा एउटा कपडा उत्पादन गर्ने कारखाना मात्र रहँदैन, त्यो सिप, उद्यमी र रोजगारी उत्पादन गर्ने केन्द्र बन्न सक्छ।

> हेटौंडा सफल हुन्छ कि हुँदैन भन्ने निर्णय अहिले नै गर्न हतार गर्नुहुँदैन। परीक्षण, उत्पादन र सम्भाव्यता अध्ययनको परिणाम हेर्नुपर्छ। सम्भावना देखिए आधुनिक प्रविधि र दक्ष व्यवस्थापनसहित अघि बढ्नुपर्छ। निजी क्षेत्रले प्रविधि, लगानी वा बजार ल्याउन सक्छ भने उसलाई पनि सहभागी गराउनुपर्छ।

**नेपाललाई अहिले यही उत्पादनशील जनशक्ति चाहिएको छ**

हामीले रोजगारीलाई पनि नयाँ दृष्टिले हेर्नुपर्छ। उत्पादन नगर्ने र परिणाम नदिने रोजगारीलाई राज्यले सधैं बोकेर हिँड्नुहुँदैन तर उत्पादन गर्ने, सिप विकास गर्ने र आर्थिक मूल्य सिर्जना गर्ने रोजगारीलाई केवल सरकारी खर्चका रूपमा हेर्नु पनि गलत हो। एउटा व्यक्तिको रोजगारीले उसको परिवार चलाउँछ। धेरै परिवारको आम्दानी बढ्दा स्थानीय बजार चलायमान हुन्छ। बजार चल्दा साना व्यवसाय बढ्छन्। आपूर्ति, ढुवानी, मर्मत र सेवाका क्षेत्र विस्तार हुन्छन्। यसरी एउटा उत्पादनशील उद्योगको प्रभाव धेरै तहमा फैलिन्छ। त्यसैले रोजगारीको संख्या मात्र होइन, रोजगारीको गुणस्तर र त्यसबाट सिर्जना हुने आर्थिक मूल्य पनि मापन गरिनुपर्छ। कपडा उद्योगलाई कच्चा पदार्थदेखि तयारी पोसाकसम्मको उत्पादन प्रणालीसँग जोड्न सकिन्छ। कृषि, कच्चा पदार्थ, धागो, कपडा, डिजाइन, सिलाइ, गार्मेन्ट, प्याकेजिङ, ढुवानी, बजार र निर्यातसम्म धेरै व्यवसाय जोडिन सक्छन्। यसले साना तथा मझौला उद्यमका लागि पनि नयाँ अवसर सिर्जना गर्न सक्छ। यही हो उद्योगको वास्तविक शक्ति- कारखानाको गेटभित्र मात्र होइन, गेटबाहिर निर्माण हुने आर्थिक वातावरण।

सरकारले पनि आफ्नो भूमिका नयाँ ढंगले बुझ्न आवश्यक छ। सरकार आफैंले सबै उद्योग चलाउनुपर्छ भन्ने सोच अब पर्याप्त छैन। सरकारले उद्योगलाई केवल निजी क्षेत्रको जिम्मा लगाएर पन्छिनु पनि सही होइन। सरकारले व्यवसायमैत्री नीति बनाउनुपर्छ, वातावरण बनाउनुपर्छ, पूर्वाधार दिनुपर्छ, वित्तीय पहुँच सहज बनाउनुपर्छ, प्रविधि भित्र्याउन सहजीकरण गर्नुपर्छ, दक्ष जनशक्ति तयार गर्नुपर्छ र निजी क्षेत्रलाई साझेदार बनाउनुपर्छ। सरकारको जिम्मेवारी हरेक उद्योगको ब्यालेन्स सिटमा बसेर नाफा-घाटा हेर्नु मात्र होइन, सरकारले ठुलो तस्बिर हेर्नुपर्छ- देशमा कति उत्पादन बढ्यो, कति उद्योग खुले, कति रोजगारी सिर्जना भयो, कति युवाले सिप पाए, कति नयाँ उद्यम जन्मिए र अर्थतन्त्र कति बलियो भयो? तर यसको अर्थ वित्तीय अनुशासन छोडिदिने होइन। सामाजिक लाभको नाममा घाटा लुकाउन मिल्दैन। रोजगारीको नाममा अनावश्यक कर्मचारी राख्न मिल्दैन। सरकारी संरक्षणका नाममा महँगो र कमजोर उत्पादनलाई अनन्त कालसम्म बजार दिन मिल्दैन। सार्वजनिक पैसा खर्च हुन्छ भने जनताले त्यसको हिसाब पाउनुपर्छ।

सामाजिक प्रतिफल वित्तीय अनुशासनको विकल्प होइन, वित्तीय प्रतिफलसँगै हेर्नुपर्ने अर्को महत्त्वपूर्ण मापदण्ड हो। हेटौंडा सफल हुन्छ कि हुँदैन भन्ने निर्णय अहिले नै गर्न हतार गर्नुहुँदैन। परीक्षण, उत्पादन र सम्भाव्यता अध्ययनको परिणाम हेर्नुपर्छ। सम्भावना देखिए आधुनिक प्रविधि र दक्ष व्यवस्थापनसहित अघि बढ्नुपर्छ। निजी क्षेत्रले प्रविधि, लगानी वा बजार ल्याउन सक्छ भने उसलाई सहभागी गराउनुपर्छ। सार्वजनिक-निजी साझेदारी प्रभावकारी हुन्छ भने त्यो विकल्प खुला राख्नुपर्छ। सरकारको स्वामित्व नै अन्तिम लक्ष्य होइन। लक्ष्य हुनुपर्छ- उद्योग उत्पादनशील, प्रतिस्पर्धी र दिगो बनाउनु।

**हेटौंडा एउटा उद्योगको मात्र परीक्षा होइन, सरकारको औद्योगिक सोचको परीक्षा पनि हो**

नेपालमा धेरै सार्वजनिक सम्पत्ति निष्क्रिय वा कमजोर अवस्थामा छन्। सबैलाई पुनः सञ्चालन गर्नुपर्छ भन्ने छैन। सबैलाई निजीकरण गर्नुपर्छ भन्ने पनि छैन। प्रत्येक सम्पत्तिको आर्थिक सम्भाव्यता, रोजगारी क्षमता, रणनीतिक महत्त्व, लगानी आवश्यकता र बजार सम्भावनाका आधारमा निर्णय गर्नुपर्छ। जहाँ पुनर्जीवन सम्भव छ, त्यहाँ पुनर्जीवन दिनुपर्छ। जहाँ आधुनिकीकरण आवश्यक छ, त्यहाँ प्रविधि थप्नुपर्छ। जहाँ निजी क्षेत्रसँग साझेदारी राम्रो हुन्छ, त्यहाँ साझेदारी गर्नुपर्छ र जहाँ आर्थिक भविष्य छैन, त्यहाँ तथ्यका आधारमा कठिन निर्णय लिन पनि सरकार तयार हुनुपर्छ।

**हामीले अब विचारधाराभन्दा परिणामलाई प्राथमिकता दिनुपर्छ**

आज नेपाललाई सबैभन्दा बढी आवश्यक परेको कुरा उत्पादनशील अर्थतन्त्र हो। हामीले उपभोग मात्र बढाउने होइन, उत्पादन बढाउनुपर्छ। रोजगारी खोज्ने मात्र होइन, रोजगारी सिर्जना गर्ने नागरिक तयार गर्नुपर्छ। आयातमा निर्भर हुने मात्र होइन, स्वदेशमै उत्पादन गरेर बजार विस्तार गर्नुपर्छ। युवालाई विदेश जानबाट रोक्ने भाषण होइन, नेपालमै बसेर भविष्य निर्माण गर्न सकिन्छ भन्ने विश्वास दिनुपर्छ। त्यसैले हेटौंडा कपडा उद्योगको पुनर्जीवनलाई सकारात्मक रूपमा हेर्नुपर्छ तर सकारात्मक हुनु भनेको प्रश्न नगर्नु होइन। सरकारलाई अवसर दिनुपर्छ तर परिणामको माग पनि गर्नुपर्छ। उद्योग पुनः खोलियो भनेर मात्र सफलता घोषणा गर्नुहुँदैन। सफलता तब हुनेछ, जब हेटौंडा उत्पादनशील बन्छ, बजारमा टिक्छ, युवालाई सिप दिन्छ, रोजगारी सिर्जना गर्छ, निजी क्षेत्रलाई आकर्षित गर्छ, नयाँ व्यवसाय जन्माउँछ र विस्तारै आफ्नै खुट्टामा उभिन सक्छ। अन्ततः हेटौंडा कपडा उद्योगले सरकारलाई कति लाभांश दिन्छ भन्ने प्रश्न महत्त्वपूर्ण छ तर त्योभन्दा ठुलो प्रश्न हो- यसले कति नेपालीलाई अवसर दिन्छ? कति परिवारलाई आर्थिक आधार दिन्छ? कति युवालाई सिप दिन्छ? कति उद्यमी जन्माउँछ? कति स्थानीय व्यवसायलाई जोड्छ? कति उत्पादन नेपालमै हुन्छ? र नेपालको अर्थतन्त्रलाई आयात र उपभोगबाट उत्पादन र उद्यमतर्फ लैजान कति योगदान गर्छ?

सरकारको वास्तविक ब्यालेन्स सिट सरकारी खातामा मात्र हुँदैन। त्यो जनताको जीवनमा देखिन्छ। एउटा उद्योगले सयौं परिवारलाई रोजगारी, हजारौं युवालाई सिप र धेरै व्यवसायलाई अवसर सिर्जना गर्छ भने त्यसको राष्ट्रिय मूल्य छ तर त्यो मूल्य पनि पारदर्शी, मापनयोग्य र परिणाममुखी हुनुपर्छ। हेटौंडाका कर्घा फेरि चलेका छन्। अब कर्घासँगै नेपालको सोच पनि चल्नुपर्छ। मेसिन मात्र होइन, उत्पादन चल्नुपर्छ, उत्पादनसँगै रोजगारी चल्नुपर्छ, रोजगारीसँगै सिप चल्नुपर्छ, सिपसँगै उद्यम चल्नुपर्छ, उद्यमसँगै स्थानीय अर्थतन्त्र चल्नुपर्छ र अन्ततः नेपालको अर्थतन्त्र चल्नुपर्छ। हेटौंडाको सबैभन्दा ठुलो लाभांश सरकारी खातामा जम्मा हुने रकम मात्र होइन, नेपाली युवाको हातमा पुगेको सिप, परिवारको आम्दानीमा आएको सुधार, जन्मिएका नयाँ उद्यम र आफ्नै देशमा भविष्य देख्ने नयाँ पुस्ता हुनुपर्छ। कर्घा कपडा बुन्ने मेसिन हो, अब तिनले नेपालको आर्थिक भविष्य पनि बुन्नुपर्छ।

*-ज्ञवाली सामाजिक तथा आर्थिक अभियन्ता, उद्यमशीलता प्रवर्धक तथा लेखक हुन्।*

# युवा-सन्देश : बेग्लाबेग्लै परिस्थिति, साझा आकाङ्क्षा



कृष्णचन्द्र न्यौपाने

हरेक वर्ष अगस्ट १२ मा विश्वभर मनाइने अन्तर्राष्ट्रिय युवा दिवसले फेरि एकपटक हामीलाई एउटा जटिल तर महत्त्वपूर्ण प्रश्नको सामना गराउँदै छ। के अफ्रिकाको कुनै सुदूर गाउँमा हुर्किएकी युवती र प्रशान्त महासागरको सानो टापुमा बसोबास गर्ने युवकको सपना एउटै हुन्छ? संयुक्त राष्ट्रसंघले यसपटक 'बेग्लाबेग्लै परिस्थिति, साझा आकाङ्क्षा' भन्ने विषयवस्तु रोजेर यही प्रश्नको जवाफ खोज्ने प्रयास गरेको छ।

**यो विषयवस्तु किन महत्त्वपूर्ण छ?**

संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक मामिला विभागले जारी गरेको अवधारणा-पत्रअनुसार, संसारभरका युवाहरूको बाँच्ने तरिका, अवसर र चुनौती फरक-फरक भए पनि उनीहरूले चाहने कुरा भने उस्तै-उस्तै छन्- मर्यादा, अवसर, अर्थपूर्ण सहभागिता, राम्रो रोजगारी, गुणस्तरीय शिक्षा र दिगो भविष्य। यस वर्षको विषयवस्तुले विशेष गरी न्यून विकसित देश, भूपरिवेष्ठित विकासोन्मुख देश र साना टापु तथा विकासोन्मुख राष्ट्रमा बस्ने युवामा ध्यान केन्द्रित गरेको छ। यी देशका युवाले गरिबी, जलवायु परिवर्तन, भौगोलिक विकटता, सीमित आर्थिक अवसर र डिजिटल पहुँचको असमानताजस्ता एकापसमा गाँसिएका समस्याहरू भोग्दै आएका छन्।

**तथ्यांकमा वास्तविकता**

अवधारणा-पत्रमा उल्लेख भएका केही तथ्यांकले यी युवाहरूको वास्तविकता छर्लंग पार्ने छन्। उच्च आयस्तरका देशहरूमा सन् २०२३ मा करिब ९३ प्रतिशत जनसंख्याले इन्टरनेट प्रयोग गर्थे तर अल्पविकसित देशहरूमा यो अंक जम्मा ३५ प्रतिशत र भूपरिवेष्ठित विकासोन्मुख देशहरूमा ३९ प्रतिशत मात्र थियो। अल्पविकसित देशका युवामध्ये करिब एकतिहाइ मात्र इन्टरनेटसँग जोडिएका छन्।




साना टापु विकासोन्मुख राष्ट्रहरूले विश्वको कुल हरितगृह ग्यास उत्सर्जनको एक प्रतिशतभन्दा पनि कम योगदान गर्छन् तर समुद्री सतह वृद्धि, चक्रवात र तटीय क्षयीकरणको सबैभन्दा ठुलो मार भने यिनै मुलुकका युवाले खप्नुपरेको छ। सन् १९७० देखि २०२० सम्ममा मौसम र जलवायुजन्य विपत्तिका कारण यी राष्ट्रहरूले करिब १५३ अर्ब अमेरिकी डलर बराबरको क्षति बेहोरेका छन्। विश्वभर युवा बेरोजगारीको दर वयस्कहरूको तुलनामा झन्डै तीन गुणा बढी छ। न्यून आय भएका देशहरूमा युवा प्रायः असंगठित र असुरक्षित रोजगारीमा काम गर्न बाध्य छन्। यी चुनौतीका बाबजुद यी देशका युवाहरू पछि परेका छैनन्। बरु अग्रपंक्तिमा उभिएका छन्।

**साझा जिम्मेवारी, साझा भविष्य**

यस वर्षको युवा दिवस तीन सहायक विषयवस्तुमा केन्द्रित रहनेछ-

**विश्वव्यापी एकता** : युवा विकास कुनै एउटा देशको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण विश्वसमुदायको साझा दायित्व हो भन्ने मान्यतामा जोड दिइएको छ।

**साझा चुनौती** : शिक्षा, रोजगारी, डिजिटल पहुँच, जलवायु परिवर्तन र मानसिक स्वास्थ्य जस्ता समस्या अब कुनै एउटा मुलुकमा मात्र सीमित छैनन्। यिनको स्वरूप फरक भए पनि यी विश्वव्यापी वास्तविकता बनिसकेका छन्।

**युवा नवप्रवर्तन** : स्रोतसाधन थोरै भएका समुदायबाटै कहिलेकाहीं सबैभन्दा सिर्जनशील समाधानहरू निस्किने गरेको तथ्यलाई यसले उजागर गर्छ। यो विषयवस्तु स्यामोआ मार्गचित्र, दोहा कार्ययोजना, अवाजा कार्ययोजनालगायत युवासम्बन्धी विश्वव्यापी नीतिगत ढाँचाहरूसँग पनि मेल खान्छ, जसले गरिबी, असमानता र जलवायु जोखिमविरुद्ध समावेशी दृष्टिकोण अपनाउने प्रतिबद्धता जनाएका छन्।

**एउटै साझा सन्देश**

'बेग्लाबेग्लै परिस्थिति, साझा आकाङ्क्षा' भन्ने नारा हामी सबैका लागि सरल तर गहिरो सन्देश हो। जन्मस्थान, आर्थिक अवस्था वा भौगोलिक अवस्थिति जे भए पनि हरेक युवाको सपना उत्तिकै मूल्यवान छ र त्यो सपना साकार पार्ने अवसर पाउनु हरेक युवाको हक हो। विकासको यात्रामा कोही पनि नछुटून् भन्ने प्रतिबद्धता नै यस वर्षको युवा दिवसको मूल सार हो।

# रवीन्द्र सहिद घोषित बुधबार दाहसंस्कार

**अमर खड्का**
*इटहरी, साउन २६*

सरकारले सुनसरी देवानगन्ज- ३ को कप्तानगन्जमा भएको घटनामा मृत्यु भएकालाई सहिद घोषणा गरेको छ। सुनसरीबाट सुरु भएको आन्दोलनले उग्ररूप लिँदा सिरहामा मृत्यु भएका अर्का एकजनालाई पनि सहिद घोषणा गरिएको छ। सहिद घोषणासँगै पीडित पक्षले गर्दै आएको आन्दोलन स्थगित हुने भएको छ।

देवानगन्जमा साउन १० गते भएको दुई पक्षीय झडपबाट सुरु भएको हिंसात्मक घटनामा घाइते भएर मृत्यु भएका २५ वर्षीय ओमप्रकाश मेहता, २१ वर्षीय जयप्रकाश मेहता र १९ वर्षीय रवीन्द्र मेहतालाई सरकारले मंगलबार सहिद घोषणा गरेको हो। यस्तै सिरहामा मृत्यु भएका गणेशकुमार यादवलाई पनि सहिद घोषणा गरिएको छ।

सरकारले मृतकलाई सहिद घोषणा गरेसँगै पीडित पक्षले गर्दै आएको आन्दोलन पनि स्थगित हुने भएको छ। 'सरकारले गरेका सहमति सबै कार्यान्वयन हुनेमा म विश्वस्त छु, अब कुनै पनि प्रकारको आन्दोलन गर्नु आवश्यक छैन, हुँदैन', संघीय सरकारसँग सहमति गर्दा रोहबरमा बसेका देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचन मेहताले भने।

मृतक रवीन्द्रका आफन्तले सहिद घोषणा नगरेसम्म र दोषीलाई कारबाही नगरेसम्म कुनै पनि हालतमा शव नबुझ्ने अडान लिएका थिए। त्यही भएर साउन १९ गते मृत्यु भएका रवीन्द्रको शव त्रिवि शिक्षण अस्पताल महाराजगन्ज काठमाडौंमै राखिएको थियो। पटकपटक गृहमन्त्री सुदन गुरुङसँग साउन १९ गतेदेखि हुँदै आएको वार्ता सोमबार मात्र सहिद घोषणा गर्ने वचनपछि सातबुँदे सहमति भएको थियो। सहमतिसँगै मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले सहिद घोषणा गरेको हो।

गृहमन्त्री गुरुङले पहिलो चरणमा गरेको सहमतिबाहेक नयाँ देवानगन्ज- ३ मदर्साको कानुनी हैसियत तथा सम्बन्धित विषयमा तत्काल छानबिन प्रारम्भ गर्ने समेटिएको छ। साथै, नयाँ सहमतिमा घटनाको अध्ययनका लागि गठित छानबिन समितिले पेस गर्ने प्रतिवेदनका सुझाव तथा सिफारिसहरू कानुनबमोजिम कार्यान्वयन गरिने पनि समेटिएको छ। सरकारले घटनालगत्तै छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापाको संयोजकत्वमा समिति बनाएको थियो। समितिले एक साताभित्र प्रतिवेदन बुझाउने भने पनि अहिलेसम्म बुझाएको भने छैन।

गृहमन्त्री गुरुङले पहिलोपल्ट साउन १४ गते राति देवानगन्ज घटनाका मृतकमध्ये ओमप्रकाश र जयप्रकाशका अभिभभावकसँग दुवैजनालाई सहिद घोषणा प्रक्रिया अघि बढाउने र दुवै परिवारलाई प्रतिपरिवार १० लाख रुपैयाँका दरले राहत उपलब्ध गराउने सहमति भएको थियो। साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्ने तथा परिवारका एकएकजना सदस्यलाई रोजगारीको अवसर दिने पनि सहमति भएको थियो। पछिल्लोपटक सोमबार पनि अघिल्लोपटककै सहमति कार्यान्वयन गर्नेसहित नयाँ थप दुईवटा सहमति भएको थियो।

सहमतिअनुसार मृतक परिवारका सदस्यलाई जागिर दिनसरकारलाई नाम उपलब्ध गराइसकेको देवानगन्ज गाउँपालिका अध्यक्ष मेहताले बताए। उनका अनुसार एकै दिनमा सबै काम सम्भव नभएकाले मृतकका परिवारलाई जागिर उपलब्ध गराउन नाम उपलब्ध गराइसकिएको छ। अरू घाइतेमध्ये तीनजना अमित यादवको काठमाडौं ट्रमा सेन्टर र विराटनगरमा दुईजना हरेराम यादव तथा मिथलेश मेहताको उपचार भइरहेको गाउँपालिका अध्यक्ष मेहताले बताए। कप्तानगन्ज घटना प्रकरणमा प्रहरीले तीन दिनअघि नै घटनामा संलग्न भएको आरोपमा केहीलाई पक्राउ गरी अनुसन्धान जारी राखेको छ। पक्राउ परेका सबैको नाम गोप्य राखिएको छ। घटना संवेदनशील भएकाले सबैको नाम गोप्य राखिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रवक्ता डिएसपी चन्द्र खड्काले बताए।

# संसद्मा ७२ दिनदेखि प्रतिपक्ष अडान कायमै

**ईश्वरी सुवेदी**
*काठमाडौं, साउन २६*

प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधिसभामा सीमासम्बन्धी दिएको अभिव्यक्तिलाई लिएर संसद्मा प्रतिपक्षले निरन्तर दुई महिनादेखि स्पष्टीकरणको माग गर्दै आएका छन्। पछिल्ला सोमबार र मंगलबारका प्रतिनिधिसभा बैठकमा पनि प्रतिपक्षका सांसदले सीमासम्बन्धी अभिव्यक्तिलाई सदनमा आएर स्पष्ट पार्न प्रधानमन्त्रीलाई आग्रह गरे। गत जेठ १७ गते संसद्मा सांसदहरूले सोधेको प्रश्नको उत्तर दिने क्रममा प्रधानमन्त्री शाहले 'नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ' भन्ने अभिव्यक्ति दिएपछि विवाद सुरु भएको थियो। सो अभिव्यक्तिपछि प्रमुख प्रतिपक्षी दलहरू कांग्रेस, एमाले र नेकपालगायतका दलहरूले प्रधानमन्त्रीले आफ्नो भनाइको तथ्यगत आधार सार्वजनिक गर्नुपर्ने वा उक्त अभिव्यक्ति संसदीय रेकर्डबाट हटाएर माफी माग्नुपर्ने अडान राख्दै आएका छन्।

यही विषयमा केही समय प्रतिपक्षले सदनमा अवरोध पनि गरेका थिए। संसद्को बर्खे अधिवेशन सुरु भएलगत्तै प्रतिपक्षले प्रधानमन्त्रीसँगको प्रश्नोत्तरको माग गर्दै आएको थियो। जेठ ७ गते सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्रीलाई भेटेर सदनमा उपस्थित हुन आग्रह गर्दा प्रधानमन्त्रीले उपयुक्त समयमा आउने आश्वासन दिएका थिए।

संसद् विज्ञका अनुसार सामान्यतः नयाँ सरकार गठन भएको तीन महिनापछि प्रश्नोत्तर कार्यक्रम गर्ने परिपाटी रहे पनि प्रतिपक्षले सरकारलाई महिना दिनमै जवाफ दिन अनावश्यक ताकेता गर्नु अलोकतान्त्रिक कार्य मानिन्छ। प्रतिपक्षको दैनिक प्रधानमन्त्रीको खोजी भएपछि प्रधानमन्त्री शाह जेठ १७ गते अचानक सदनमा उपस्थित भई रोस्ट्रमबाटै प्रश्नोत्तरका लागि तयार भएको घोषणा गरेका थिए। सोही क्रममा सीमासम्बन्धी उक्त विवादित अभिव्यक्ति आएको थियो। प्रधानमन्त्रीले सीमासम्बन्धी अभिव्यक्तिलाई स्पष्ट पार्न नखोजेपछि सभामुखलाई रुलिङ गर्न पटकपटक प्रतिपक्षले माग गरेका छन्। प्रधानमन्त्रीको तर्फबाट परराष्ट्रमन्त्री शिशिर खनालले प्रधानमन्त्रीको भनाइलाई सदनमा स्पष्ट पारेका छन्। तर प्रतिपक्षले प्रधानमन्त्रीले नै सदनमा उपस्थित भएर बताउनुपर्ने अडान राखेका छन्। इतिहास, नक्सा र आधिकारिक दस्तावेजहरूमा नेपालले सीमा मिचेको तथ्य नरहेको भन्दै प्रधानमन्त्रीले कुन आधारमा यो कुरा राखेका हुन् भन्नेमा प्रतिपक्षले प्रश्न उठाएका छन्। प्रतिपक्षको मुख्य माग एउटै छ- या त प्रधानमन्त्रीले आफ्नो भनाइको तथ्यगत आधार सार्वजनिक गर्नुपर्छ, या माफी मागेर संसदीय रेकर्डबाट अभिव्यक्ति हटाउनुपर्छ। यो माग जेठयता निरन्तर दोहोरिइरहेको छ र मंगलबारसम्म ७२ दिन पुगेको छ।

संसद्मा प्रतिपक्षको आवाजलाई मध्यनजर गर्दै सभामुख अर्यालले साउन १३ र २६ गते प्रधानमन्त्री शाहलाई भेटेका छन्। साउन १३ गते सभामुखले प्रमुख प्रतिपक्षी दलका नेताहरू भीष्मराज आङ्देम्बे, रामबहादुर थापा र वर्षमान पुनसँग छुट्टाछुट्टै परामर्श गरेका छन्, तर सत्तापक्ष र प्रतिपक्ष आआफ्नै अडानमा रहेकाले ठोस सहमति जुट्न सकेको छैन।

नेपाली संसदीय अभ्यासमा यस्तो अवस्थालाई सामान्यतः प्रतिपक्षी विरोध भनिन्छ, जहाँ प्रतिपक्षले कुनै एउटा विषयमा सरकारबाट जवाफ नआएसम्म सदनमा आफ्नो भनाइ दोहोर्‍याइरहन्छ। सदन चलेको अवस्थामा सदनमै उठेर वा रोस्ट्रमअगाडि गएर विरोध गरेमा सदन अवरुद्ध भएको मानिन्छ। विज्ञहरूका अनुसार यो नेपालको संसदीय राजनीतिमा नौलो अभ्यास होइन। संसदीय नियमावलीअनुसार संवेदनशील, असंसदीय वा राष्ट्रिय हित प्रतिकूल अभिव्यक्तिलाई सभामुखको आदेशमा संसद्को अभिलेखबाट हटाउने प्रावधान छ। यसअघि पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले प्रयोग गरेको 'निम्छरा' शब्द प्रतिपक्षको आपत्तिपछि सभामुखको आदेशमा रेकर्डबाट हटाइएको नजिर संसद्मा छ।

## प्रधानमन्त्रीको स्पष्ट सीमा अभिव्यक्तिकै खोजी



राष्ट्रिय सीमाजस्तो कूटनीतिक र संवेदनशील विषयमा प्रधानमन्त्री स्तरबाट स्पष्टीकरण नआउँदा प्रतिपक्षले आफ्नो अडान छाड्ने देखिँदैन। विश्लेषकका अनुसार प्रतिपक्षले प्रधानमन्त्रीको स्पष्टीकरण वा रेकर्डबाट हटाउने माग निरन्तर उठाउनुलाई प्रतिपक्षको संवैधानिक अधिकार र दबाबको रणनीतिका रूपमा लिइन्छ। राष्ट्रिय सार्वभौमसत्ता र सीमाजस्तो संवेदनशील विषयमा कार्यपालिका प्रमुख (प्रधानमन्त्री) ले जिम्मेवार अभिव्यक्ति दिनुपर्छ भन्ने मान्यताका आधारमा प्रतिपक्षले यसलाई राजनीतिक तथा कूटनीतिक जवाफदेहिताको विषय बनाएको मानिन्छ।

जबसम्म प्रधानमन्त्रीले स्पष्टीकरण वा माफी माग्ने वा सभामुखले निर्णय लिन ढिलाइ गर्छन्, तबसम्म यो विषय संसद्का हरेक बैठकमा दोहोरिने र सदनको गरिमा घट्ने सम्भावना बढी छ। साथै यसले नयाँ सरकार र प्रधानमन्त्रीको कूटनीतिक परिपक्वताबारे सार्वजनिक धारणामा पनि प्रभाव पार्न सक्छ।

विश्लेषकका अनुसार संवैधानिक जबाफदेहिता खोज्ने प्रतिपक्षीय अभ्यास र संसदीय समयको प्रभावकारी उपयोगबिचको टकराब पनि मानिन्छ। एकातिर सरकारले विषयलाई बढी महत्त्व नदिई समय बित्दै जाँदा स्वतः सेलाउने आशा गरेको हुन सक्छ भने अर्कातिर सीमाजस्तो राष्ट्रिय संवेदनशील विषयमा प्रधानमन्त्रीको अस्पष्ट अभिव्यक्तिले भारतसँगको सम्बन्धमा तनाव थप्न सक्ने भएकाले यसलाई निरन्तर उठाइरहनु प्रतिपक्षको संवैधानिक जिम्मेवारीभित्रै पर्छ भन्ने तर्क गर्न सकिन्छ।

## एमाले र नेकपाको पाँचबुँदे निर्देशन

काठमाडौं, साउन २६ (नागरिक)- नेकपा एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच प्रदेशमा सत्ता सहकार्य गर्ने तीनबुँदे सहमति कार्यान्वयन गर्न दुई पार्टीका शीर्ष नेताहरूले पाँचबुँदे निर्देशन जारी गरेका छन्। दुई पार्टीबिच प्रदेश सरकार गठन र मन्त्रालय बाँडफाँटमा सहमति जुट्न नसक्दा विवाद पेचिलो बन्दै गएका बेला एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहालले पाँचबुँदे निर्देशन जारी गरेका हुन्। उनीहरूले मन्त्रालय भागबन्डामा प्रदेशसभामा दलहरूको सिट संख्यालाई मुख्य आधार बनाउने सहमति गरेका छन्। मुख्यमन्त्री र सभामुखको जिम्मेवारीलाई समेत समग्र राजनीतिक शक्ति सन्तुलनमा गणना गरिने जनाइएको छ।

दुई दलले मन्त्रालय बाँडफाँट गर्दा पालैपालो प्राथमिकता दिनेसहितको उल्लेख छ। दुई दलको सहकार्यबाट सरकार गठनका लागि आवश्यक संख्या नपुग्ने प्रदेशमा तेस्रो दललाई सहभागी गराउँदा आपसी समझदारीमा मन्त्रालय बाँडफाँट गर्ने सहमति भएको छ। प्रदेशमा राजनीतिक स्थिरता, सुशासन, समृद्धि र प्रादेशिक विकासको गतिलाई तीव्र बनाउन प्रदेश सरकारका लागि न्यूनतम साझा प्रतिबद्धता निर्माण गर्ने भएका छन्।

## कांग्रेसका दुवै पक्ष सक्रिय

काठमाडौं, साउन २६ (नागरिक)- नेपाली कांग्रेसका दुवै पक्षका नेताहरू आआफ्नै तयारीमा जुटेका छन्। तत्कालीन सभापति शेरबहादुर देउवा बिहीबार काठमाडौं फर्कने भएपछि तत्कालीन संस्थापन पक्ष केही उत्साहित देखिएको हो। विशेष महाधिवेशनलाई निर्वाचन आयोग र सर्वोच्च अदालतको यसअघिको फैसलामा निस्सा दिएपछि त्यसबाट नेतृत्वमा पुगेको संस्थापन पक्ष दबाबमा छ। देउवालाई साउन २८ गते काठमाडौंमा स्वागत गर्दै २९ गते राष्ट्रिय भेलामा उतार्ने इतर पक्षको तयारी छ।

अदालतबाट निस्सा प्राप्त भएपछि पार्टीको आधिकारिता आफूहरूले पाउने आशामा रहेका इतर पक्षले मंगलबार नै १५औं महाधिवेशनको तयारी राख्न केन्द्रीय कार्यालयमा निवेदन दिएका छन्। अदालतको निस्सासहित निवेदन दिएको इतर पक्ष अदालतबाट पार्टीको आधिकारिकता पाउनेमा आश्वस्त छन्। र, आफूहरूसँग पार्टीका सबै तह र तप्का नेताहरू सँगै रहेको देखाउने रणनीतिसहित भेलालाई उपयोग गर्ने तयारीमा लागेका छन्।

उक्त भेलामा नेता शेखर कोइराला पनि सहभागी हुने भएका छन्। कोइरालानिकटका कतिपय नेताहरू अहिलेको संस्थापन पक्षतर्फ लागे पनि विशेष महाधिवेशनको विपक्षमा उभिएका उनी भेलामा सहभागी हुने भएका छन्। अदालतले विशेष महाधिवेशनका विषयमा निस्सा नदिएको भए शुक्रबारदेखि सुरु हुने कांग्रेसको इतर पक्षको भेलाले नयाँ पार्टी गठनको पूर्वअभ्यास सुरु गर्ने थियो। सनातन हिन्दु राज्यसहितका मुद्दाहरूलाई अघि सार्दै कांग्रेसका संस्थापकमध्येका एक बिपी कोइरालाका कान्छा छोरा शशांकको संयोजकत्वमा नयाँ पार्टीको अभ्यास थाल्ने थिए। अब अदालतको आदेशलाई उनीहरूले कुर्ने निकट स्रोतको दाबी छ।

उता विशेष महाधिवेशनबाट आएको नेतृत्व १५औं महाधिवेशनको तयारीलाई तीव्र बनाउने पक्षमा थियो, तर अदालतले निस्सा दिएपछि उनीहरू अलमलमा परेका छन्। पार्टी एकताको पहल नगरेको भन्दै आलोचना खेपिरहेको विशेष महाधिवेशनबाट आएका सभापति गगनकुमार थापाले मंगलबार नेता शेखर कोइरालालाई भेटेका छन्, तर पार्टी विवाद समाधानका विषयमा दुई नेताबिच छलफल केन्द्रित रहेको कोइरालाका स्वकीय सचिव दिनेश थपलियाले जानकारी दिए।

सभापति थापासहितका नेताहरू पुराना संस्थापन पक्षका केही नेतालाई केन्द्रीय समितिमा ल्याएर महाधिवेशनमा जाने पक्षमा छन्, तर अर्को पक्ष १४औं महाधिवेशनबाट आएका सबैलाई केन्द्रीय समितिमा समावेश गर्नुपर्ने पक्षमा छन्। दुवै आआफ्नै अडानमा रहेपछि कांग्रेस विवाद पेचिलो मात्र होइन विभाजनउन्मुख बनेको छ।

# सीमामा बाढी डुबान अध्ययन गर्ने सहमति

**मदन ठाकुर**
*रौतहट, साउन २६*

नेपालगन्जदेखि सर्लाहीसम्मको नेपाल-भारत सीमा क्षेत्रमा वर्षायाममा हुने बाढी तथा डुबानको समस्या दीर्घकालीन रूपमा समाधान गर्न नेपाल र भारतका प्राविधिक टोलीले संयुक्त अध्ययन गर्ने सहमति गरेका छन्।

नेपाल-भारत डुबान तथा बाढी व्यवस्थापन संयुक्त समिति (जेसिआइएफएम) अन्तर्गत दुवै देशका अधिकारीले सीमा क्षेत्रको स्थलगत निरीक्षण गरेपछि गत अगस्त ७ मा जलस्रोत तथा सिँचाइ विभाग जाउलाखेलमा बसेको बैठकले सीमा क्षेत्रबाट नेपालतर्फको बाढीको पानी भारततर्फ सुरक्षित रूपमा निकास गर्न दीर्घकालीन उपायबारे संयुक्त अध्ययन गर्ने निर्णय गरेको हो। बैठकमा नेपाल-भारत सीमा क्षेत्रमा बर्सेनि दोहोरिने डुबान समस्या, नदीको प्राकृतिक बहाबमा आएको परिवर्तन, सीमावर्ती बाँध तथा संरचनाका कारण पानी निकासमा देखिएका अवरोध र नेपालतर्फको बस्ती तथा खेतीयोग्य जमिनमा पर्ने असरबारे छलफल भएको थियो। दुवै देशका प्राविधिक टोलीले स्थलगत अध्ययन तथा उपलब्ध तथ्यांकको विश्लेषण गरी आगामी माघ २७ सम्म अध्ययन प्रतिवेदन पेस गर्ने सहमति गरेका छन्।

दुवै देशका प्राविधिकको अध्ययन प्रतिवेदनका आधारमा सीमा क्षेत्रबाट दीर्घकालीन रूपमा पानी निकास गर्ने संरचना, नदी व्यवस्थापन, बाँध सुदृढीकरण तथा बाढी नियन्त्रणका आवश्यक उपाय पहिचान गरिने बताइएको छ। नेपालतर्फको भूमिमा वर्षायाममा जम्मा हुने पानीको सहज निकास नहुँदा सीमावर्ती जिल्लाका बस्ती र हजारौं बिघा खेतीयोग्य जमिन डुबानमा पर्ने गरेको छ। कतिपय स्थानमा दुवैतर्फ निर्माण गरिएका तटबन्ध, नदीको धार परिवर्तन तथा पानीको प्राकृतिक निकासमा देखिएका अवरोधले समस्या थप जटिल बनाउने गरेको छ।

**लालबकैया बाँधको स्थलगत निरीक्षण**

जेसिआइएफएम बैठकअनुसार नेपाल-भारत बाढी तथा डुबान व्यवस्थापनसम्बन्धी उच्च अधिकारीसहितको संयुक्त टोलीले रौतहटको इशनाथ नगरपालिका- १ स्थित लालबकैया नदीको बाँध तथा आसपासको सीमा क्षेत्रको स्थलगत निरीक्षणसमेत गरेको रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले बताए। सीमा क्षेत्रमा बाढी र वर्षाको पानी निकास नहुँदा यहाँका सर्वसाधारणले सास्ती खेप्नु परिरहेकाले पटकपटक काउन्टरपर्टको बैठकमा समस्या समाधान गर्न आवाज उठाउँदै आएको प्रजिअ भुसाल सुनाउँछन्। भारत सरकारका सुरक्षा अधिकारीलाई सीमा समस्याबारे जानकारी गराउनुका साथै गृह मन्त्रालय हुँदै कुटनीतिक पहलका लागि परराष्ट्र मन्त्रालयलाई समेत आग्रह गरिएको बताए।

दुई देशीय टोलीले निरीक्षणका क्रममा नदीको बहाब, बाँधको वर्तमान अवस्था, कटानको जोखिम तथा वर्षायाममा नेपालतर्फ उत्पन्न हुन सक्ने डुबानको सम्भावित अवस्थाबारे जानकारी लिएको थियो। लालबकैया नदीको बाँध र सीमा क्षेत्रमा हरेक वर्ष देखिने कटान तथा बढ्दो जलप्रवाहका कारण रौतहटका सीमावर्ती बस्ती र खेतीयोग्य जमिन डुबानको जोखिममा पर्ने गरेका छन्। विशेषगरी नदीमा पानीको सतह बढेका बेला बाँध कमजोर भएका स्थानमा कटान तीव्र हुँदा स्थानीयमा त्रास बढ्ने गरेको छ। स्थलगत निरीक्षणमा रौतहटका प्रमुख जिल्ला अधिकारी भुसाल, जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजाल, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारीलगायत नेपालका सम्बन्धित निकायका अधिकारी, स्थानीय जनप्रतिनिधिलगायत ७० देखि ८० जना स्थानीय नागरिक सहभागी थिए।

# ७२ दिनपछि कर्मचारी कानुन फेरि अर्थमा

**भुवन शर्मा**
*काठमाडौं, साउन २६*

बहुचर्चित संघीय निजामती सेवा ऐनको मस्यौदालाई कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयले ७२ दिनसम्म होल्डमा राखेर भूमि व्यवस्था सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमै फर्काएको छ। उक्त विधेयक संघीय मामिला मन्त्रालयले मंगलबार पुनः अर्थमा पठाएको छ।

विधेयकमा राखिएको बहुचर्चित विषय ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवावधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने प्रस्तावलाई कानुन मन्त्रालयले सहमति पनि दिएन, रद्द पनि गरेन। उल्टै उक्त विधेयकमा सहमति जुटाउन अर्थमा पठाउन कानुन मन्त्रालयले संघीय मामिला मन्त्रालयलाई अह्राएको छ। कानुनको अनुरोधपछि संघीय मामिला मन्त्रालयले उक्त विधेयक पुनः अर्थमा पठाएको हो।

उक्त विधेयक अर्थमा पुगेको यो दोस्रोपटक हो। यसअघि गत वैशाखको अन्तिम साता उक्त विधेयक संघीयबाट अर्थमा पुगेको थियो। अर्थले एक हप्तामै विधेयकमा सैद्धान्तिक सहमति दिएको थियो। अर्थले सहमति दिएपछि संघीय मामिला मन्त्रालयले गत जेठ १२ गते उक्त विधेयकमा सहमति लिन कानुन मन्त्रालयमा पठाएको थियो। अध्ययन भइरहेको छ भन्दै ७२ दिनसम्म कानुन मन्त्रालयले उक्त विधेयक होल्डमै राख्यो।

संघीय मामिला मन्त्रालयका सचिव मदन भुजेलले संघीय निजामती सेवा ऐनको मस्यौदामा सहमति लिन मंगलबार पुनः अर्थमा पठाइएको बताए। सोमबार मात्र उक्त विधेयकलाई कानुन मन्त्रालयले संघीय मामिला मन्त्रालयमा फर्काएको थियो। विधेयकको अन्तिम मस्यौदामा अर्थबाट सहमति लिन कानुनले संघीय मामिला मन्त्रालयलाई अनुरोध गरेको छ।

कानुन मन्त्रालयका एक कर्मचारी भन्छन्, 'यसअघि अर्थले सहमति दिइसकेपछि पनि मस्यौदामा केही प्रावधान थप भएका छन्, कर्मचारीको तलब बढेको छ। त्यसैले थप भएको विषयसहित अन्तिम मस्यौदामा अर्थबाट सहमति लिन कानुन मन्त्रालयले संघीय मामिला मन्त्रालयलाई अह्राएको हो। ती कर्मचारीका अनुसार संघीय मामिलाबाट कानुन मन्त्रालयमा पुगिसकेपछि पनि केही प्रावधान थप गरिएको थियो, तर त्यसरी थप गरिएका प्रावधानका बारेमा अर्थको धारणा बुझ्न कानुनले अर्थको सहमति लिन अह्राएको हो।

विधेयकमा राखिएको बहुचर्चित विषय ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवावधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने प्रस्ताव विधेयकमा राख्ने हो कि नराख्ने हो भन्ने विषयमा सरकार अलमलमा परेको देखिन्छ। यही विषयमा बुझ्न कानुन मन्त्रालयले पुनः अर्थमा पठाउन संघीय मामिला मन्त्रालयलाई अह्राएको हो। यस विषयमा अर्थले सहमति दिइसकेपछि लोकसेवा आयोगले पनि सहमति दिनुपर्छ। लोकसेवा आयोगले सहमति दिएपछि मात्र उक्त विधेयकलाई सरकारले संसद्मा लैजान सक्छ।


## हिमालयन बैंक लिमिटेडको ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना !

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिएको ऋणकर्जाको समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, व्याज आदि नतिरी नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र धनि बैंकमा सम्पर्क राखी लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, व्याज दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला अन्यथा ऐन कानुन तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी कालोसुचीमा राखि बैंकको लेना असुल उपर गरिने छ। साथै धितो तथा व्यक्तिगत जमानी दिनुहुने महानुभावहरुलाई समेतले यसै सुचनाबाट जानकारी लिनुहुन अनुरोध गरेका छौं ।

**तपसिल**

| ऋणीको विवरण | धितो विवरण |
|---|---|
| **शाखा कार्यालय: लहान शाखा, सिराहा** | |
| घरेलु तथा साना उद्योग कार्यालय, राजविराज सप्तरीमा प्रा.फ.र. नं. ८३७७/०७५/०७६ कायम भई मिति २०७५/०५/२० मा दर्ता भएको **सुरुङ्गा पशु तथा बाखा फाराम (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **विरेन्द्र कुमार ठाकुर**<br>व्यक्तिगत जमानी दिने: **साइमा देवी ठाकुर** | १. हिराई ठाकुर हजामको नाति धुथर ठाकुर हजामको छोरा सप्तरी जिल्ला हरिपुर गा.वि.स. वडा नं. ३ (हाल परिवर्तित सुरुङ्गा न.पा. वडा नं. ७) बस्ने **विरेन्द्र कुमार ठाकुरको** नाममा दर्ता कायम रहेको:<br>क) सप्तरी जिल्ला हरिपुर गा.वि.स. वडा नं. १ख (हाल परिवर्तित सुरुङ्गा न.पा. वडा नं. ७) स्थित कित्ता नं. ४९१ र ४९३ को क्षेत्रफल क्रमश: ०-१-३.२५-० र ०-०-१६.७५-० (विघा) जग्गा समेत ।<br>ख) सप्तरी जिल्ला हरिपुर गा.वि.स. वडा नं. ४क (हाल परिवर्तित सुरुङ्गा न.पा. वडा नं. ७) स्थित कित्ता नं. ७९३ र ६१८ को क्षेत्रफल क्रमश: ०-२-७.५-० र ०-२-१७.७५-० (विघा) जग्गा समेत ।<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |
| **शाखा कार्यालय: धनगढी २ शाखा, कैलाली** | |
| १. वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग (जारी गर्ने कार्यालय: बाणिज्य कार्यालय धनगढी, कैलाली) मा प्रा.फ.र.न. ४९०/०५१/५२ कायम भई मिति २०५१/०८/१२ मा दर्ता भएको **भण्डारी जनरल स्टोर एण्ड सुज सेन्टर (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **दल बहादुर भण्डारी**<br>व्यक्तिगत जमानी दिने: **गौरी भण्डारी र आकाश भण्डारी**<br>२. वाणिज्य कार्यालय धनगढी, कैलालीमा प्रा.फ.र.न. ११५७०/०६२/६३ कायम भई मिति २०६२/११/२४ मा दर्ता भएको **भण्डारी शु सेन्टर (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **गौरी भण्डारी**<br>व्यक्तिगत जमानी दिने: **आकाश भण्डारी र दल बहादुर भण्डारी** | १. राई सिं भण्डारीको बुहारी देव सिंह खड्काको छोरी दल बहादुर भण्डारीको पत्नी कैलाली जिल्ला धनगढी न.पा. वडा नं. २ (हाल परिवर्तित धनगढी उप म. न.पा. वडा नं. २) बस्ने **गौरी भण्डारीको** नाममा दर्ता कायम रहेको:<br>क) कैलाली जिल्ला धनगढी न.पा. वडा नं. ३ (हाल परिवर्तित धनगढी उप म. न.पा. वडा नं. ३) सिट नं. ०२७०८०६१ स्थित कित्ता नं. १६८ (साबिक कित्ता नं. ४२ र ८४ बाट) को क्षेत्रफल १३३१.६२ वर्ग मिटर घर/जग्गा समेत ।<br>ख) कैलाली जिल्ला मालाखेती गा.वि.स. वडा नं. ७ (हाल परिवर्तित गोदावरी न.पा. वडा नं. २) सिट नं. ०२७०३२६ स्थित कित्ता नं. ४१३ को क्षेत्रफल ३३८.६३ वर्ग मिटर जग्गा समेत ।<br>(माथि उल्लेखित धितो ऋणी गौरी भण्डारीले उपभोग गरेको कर्जा समेतलाई धितो बन्धक रहेको छ ।)<br>२. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |
| **शाखा कार्यालय: राप्तीसोनारी शाखा, बाँके** | |
| घरेलु तथा साना उद्योग कार्यालय, बाँके नेपालगञ्जमा प्रा.फ.द.नं. १६९२।१००३२।०७७।०७८ कायम भई मिति २०७७/११/२१ मा दर्ता भएको **सौरी बहुउद्देश्य कृषि तथा पशुपंक्षी फर्म (ऋणी)**<br>प्रोपाइटर तथा व्यक्तिगत जमानी दिने: **लक्ष्मी भण्डारी**<br>व्यक्तिगत जमानी दिने: **डिल बहादुर भण्डारी** | धर्म राज भण्डारीको नाति लक्ष बहादुर भण्डारीको छोरा बाँके जिल्ला खास कुस्मा गा.वि.स. वडा नं. ४ (हाल परिवर्तित राप्तीसोनारी गा.पा. वडा नं. १) बस्ने **डिल बहादुर भण्डारीको** नाममा दर्ता कायम रहेको बाँके जिल्ला खास कुश्मा गा.वि.स. वडा नं. ४क (हाल परिवर्तित राप्तीसोनारी गा.पा. वडा नं. १) स्थित कि.नं. १०९ को क्षेत्रफल १-३-११.५०-० (विघा) को जग्गा समेत । |
| **शाखा कार्यालय: सिन्धुली शाखा, सिन्धुली** | |
| १. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता नं. २०६८७०/०७५/०७६ कायम भई मिति २०७५/१०/४ मा दर्ता भएको **क्षितिज अटो ट्रेडिङ सेन्टर (ऋणी)**<br>संचालक तथा व्यक्तिगत जमानी दिने: **अशोक कुमार साह, हिरालाल सिंह, सम्झना कुमारी रोक्का, हरि बहादुर रोक्का**<br>व्यक्तिगत जमानी दिने: **रिंकु कुमारी र आशा गुप्ता**<br>२. वाणिज्य विभाग (जारी गर्ने कार्यालय: घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, सिन्धुली) मा प्रा.फ.र.न. ४४०/०६७/०६८ कायम भई मिति २०६७/०५/२३ मा दर्ता भएको **क्षितिज इन्टरप्राईजेज (ऋणी)**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने: **हरि बहादुर रोक्का,**<br>व्यक्तिगत जमानी दिने: **सम्झना कुमारी रोक्का, हिरालाल सिंह, रिंकु कुमारी , रेणु माया रोक्का र क्षितिज रोक्का** | १. भरत महतो कोइरीको बुहारी उपेन्द्र प्रसाद सिंहको छोरी हिरालाल सिंहको पत्नी महोत्तरी जिल्ला बदिया वनचौरी गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित बलवा न.पा. वडा नं. १) बस्ने **रिंकु कुमारीको** नाममा दर्ता कायम रहेको धनुषा जिल्ला हरिहरपुर गा.वि.स. वडा नं. १ख (हाल परिवर्तित क्षिरेश्वरनाथ न.पा.वडा नं. ५) स्थित कित्ता नं. ५५१५ को क्षेत्रफल १६९.३२ वर्ग मिटर जग्गा समेत ।<br>२. राम लखन महतो कोइरीको नाति भरत महतो कोइरीको छोरा महोत्तरी जिल्ला बदिया वनचौरी गा.वि.स. वडा नं. ६ (हाल परिवर्तित बलवा न.पा. वडा नं. १) बस्ने हिरालाल सिंहको नाममा दर्ता कायम रहेको:<br>क) महोत्तरी जिल्ला बदिया वनचौरी गा.वि.स. वडा नं. ६क (हाल परिवर्तित बलवा न.पा. वडा नं. १) स्थित कित्ता नं. ३७५ र ९२५ को क्षेत्रफल क्रमश: ०-१-१०-० र ०-०-१०-० (विघा) जग्गा समेत ।<br>३. हाइपोथिकेशन लिखत अनुसार बैंकको नाममा धितो सुरक्षण लेखिदिएका जहाँ जे जस्तो अवस्था र परिमाणमा रहेका सम्पतिहरु । |

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**हिमालयन बैंक लि. केन्द्रीय कार्यालय**
**कर्जा असुली विभाग, कमलादी, काठमाडौं**
**फोन नं. ०१-४१६९१५०, पो.ब.नं. २०५९० काठमाडौं**

Nepal Republic Media
नेपालीको पहिलो आवाज

**नेपाल रिपब्लिक मिडिया लि.**
जे.डि.ए. कम्प्लेक्स, सुन्धारा, काठमाडौं
**जे.डि.ए. कम्प्लेक्स, सुन्धारा, काठमाडौं, वेबसाइटः** nagariknews.com

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित अनुसुचि – १४**

## आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको प्रतिवेदन

नेपाल रिपब्लिक मिडिया लि.को २०८३ असार मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक लेखापरिक्षण नभएको (अपरिष्कृत) प्रतिवेदन।

१. **वित्तीय विवरण:**

(क) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण।
आर्थिक वर्ष २०८२/८३ अन्तर्गत कम्पनीको १६ जुलाई २०२६ मा समाप्त (१७ जुलाई २०२५ देखि १६ जुलाई २०२६) चौथो त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पुर्वका (अन्तिम लेखापरिक्षण हुन बाँकी) तुलनात्मक वित्तिय विवरणहरु अनुसुचि-१, मा प्रस्तुतगरिएको छ।

(ख) आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिक अवधि, १६ जुलाई २०२६ मा समाप्त भएको अवधिको लेखापरिक्षण नभएको प्रमुख वित्तिय अनुपातहरु

| विवरण | त्रैमासिक अवधि असार मसान्त २०८३ (लेखापरिक्षण नभएको) | त्रैमासिक अवधि चैत्र मसान्त २०८२ (लेखापरिक्षण नभएको) | त्रैमासिक अवधि असार मसान्त २०८२ (लेखापरिक्षण भएको |
|---|---|---|---|
| **प्रमुख वित्तिय सुचांकहरु** | | | |
| ऋणपुँजीको अनुपात | ०.२९ | ०.२९ | ०.२८ |
| शेयरधनीको शेयर पुँजी कोषको प्रतिफल प्रतिशत | (३.७१) | (३.५४) | ०.२९ |
| प्रतिशेयर आम्दानी (रु.) | (३.१८) | (३.०४) | ०.२५ |
| प्रतिशेयर नेटवर्थ (रु.) | ८५.६३ | ८५.७८ | ८८.८१ |
| प्रतिशेयर कुल सम्पत्तिको मुल्य (रु.) | १२२.०१ | १२२.८३ | १२६.९७ |
| चालु अनुपात | २.१६ | २.१५ | २.२७ |

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) गत आ.व. २०८१/८२ को अनुपातमा यस आ.व. २०८२/८३ को असार मसान्तसम्मको आर्थिक विवरण अनुसार चौथो त्रैमासिकमा बिक्रीमा केही कमी देखिएको छ। आउने त्रैमासमा केही सुधार हुँदै जाने र बिक्रीमा सुधार ल्याउनका लागि संस्थाले विभिन्न नयाँ क्षेत्रहरुको विस्तार गरदै सो अनुसार नितिहरु अवलम्बन गरेको छ।

(ख) कम्पनीले आफ्नो व्यापार डिजिटल मिडियामा पनि गरिरहेको मा आ.व. २०८२/८३ मा यसमा नयाँ प्रविधि तथा विज्ञ जनशक्ति थप गरी सकेको र बिक्री प्रवर्द्धन गर्ने उद्देश्यले बिभिन्न नयाँ Product बजार सुहाउँदो ल्याई रहेको।

(ग) कम्पनीले राष्ट्रिय स्तरमा कायम रहेको केन्द्रिकित पत्रकारितालाई बिस्तारै मोफसलसम्म बिस्तार गर्ने निति अनुरुप सबैको चाहना र भावनालाई प्रतिविम्बित गर्दै आमनागरिकहरुको सूचनाको अधिकारलाई यथोचित सम्मान र प्राथमिकता दिंदै सामाजिक जिम्मेवारीताका साथ पत्रकारिता गर्ने प्रयास गरेकोमा छोटो समयमा नै उक्तधारलाई स्थापित गर्न सफल भएको छ, जस अन्तर्गत देशको संघियताको मर्म अनुसार प्रादेशिक संरचनामा जाने तयारी भई रहँदा पत्रकारिता पनि सोही अनुसारको संरचनामा जानुपर्छ भन्ने हेतुका साथ यस संस्थाको व्यापार वृद्धि हुने निश्चित छ।

(घ) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको सावाँ तथा व्याजको भुक्तानी नियमित रुपमा गरेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:**

(क) हालसम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर केही कर्मचारीको विदा र परिश्रमिक सम्बन्धी विवाद रहेको छ।

(ख) हाल सम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा संचालकहरुले प्रचलित नियमको अवज्ञा, वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्बन्धि विश्लेषण:**

क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ। शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ।

ख) कम्पनीको आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छः

| चौथो त्रैमासिक २०८३ असार ३२ (तद्नुसार जुलाइ १६, २०२६ सम्म) | सेयर कारोबार-मूल्य (रु) | | | कुल सेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार सेयर संख्या |
| | ४३६.०० | २९५.०१ | ३००.०० | ६४ | १०,७४७.०० | ११,०८,७३६.०० |

५. **समस्या र चुनौती:**

**(क) आन्तरिक:**
- यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

**(ख) बाह्य:**
- नेपाल सरकारको विज्ञापनको नितीमा भएको परिवर्तनले गर्दा विज्ञापन आम्दानीमा उल्लेखनीय मात्रामा कमी भएको।
- आर्थिक मन्दिले गर्दा सरकारी निकाय तथा प्राईभेट सेक्टर लगायत सबै संघ संस्थाहरुले विज्ञापन खर्च कटौती गर्नु।
- बजारमा आर्थिक तरलताको अभावले मिडिया क्षेत्रलाई संस्था संचालन गर्न तथा व्यापारमा बाधा पुगेको छ। साथै संस्थाले बिक्री गरेको उठ्न पर्ने बक्यौता रकम संकलनमा पनि कठिनाई सृजना भएको छ।

**(ग) रणनीति:**
- संस्थाले आफ्नो डिजिटल मिडियाको स्तरोन्नती गर्दै जाने र यसमा नयाँ प्रविधि अपनाई आफ्नो व्यापार वृद्धि गर्दै लैजाने छ।
- संस्थाले हरेक महिना विभिन्न समय अनुकुलका कार्यक्रमहरु (Event) विभिन्न संघ संस्थाहरुसँग हातेमालो गरी कम्पनीको ब्राण्ड प्रवद्धन गर्ने र बिक्री बढाउने लक्ष्य लिइएको छ।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदानगर्ने समय अनुसार व्यवसाय वृद्धिको लागी प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्य गर्दै जाने।

६. **संस्थागत सुशासन:**
**संस्थागत सुशासन अभिवृद्धिका लागी व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण:**

(क) कम्पनीले प्रचलित ऐन तथा कानुन बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ।

(ख) कम्पनीको लेखापरिक्षण समितिले स्वतन्त्र आन्तरिक तथा लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समिक्षा गर्दै आवश्यक सल्लाह र सुझावहरु समय-समयमा दिने गरेको छ।

(ग) कम्पनीको सञ्चालक समिति, लेखापरिक्षण समिति लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थान बाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशिल रहि परिणाममुखी कार्यहरु गर्दै आइरहेका छन्।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछुकी मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सू-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन।

**Nepal Republic Media Ltd.**
Kathmandu, Nepal

## Unaudited Statement of Financial Position
### As at 32th Ashad 2083 (16th July 2026)

| Particulars | Notes | This Quarter Ending Ashad End 2083 | This Quarter Ending Chaitra End 2082 (Unaudited) | Previous Year end Ashad 2082 (Audited) |
|---|---|---|---|---|
| **Assets** | | | | |
| **Non Current Assets** | | | | |
| Property, Plant and Equipment | 3 | 533,157,502 | 534,816,247 | 530,083,903 |
| Intangible Assets | 4 | 19,342,407 | 21,633,915 | 17,314,587 |
| Investment | 5 | 15,700,000 | 15,700,000 | 15,700,000 |
| Right-of-Use Asset | 6 | 3,489,675 | 5,278,308 | 10,548,,740 |
| Deferred Tax Asset | 7 | 40,250,240 | 40,250,240 | 40,250,240 |
| Other Non-Current Asset | 8 | 664,898 | 1,121,898 | 1,046,898 |
| **Total Non Current Assets** | | **612,604,722** | **618,800,608** | **614,944,367** |
| Current Assets | | | | |
| Inventory | 9 | 50,342,782 | 46,684,834 | 48,561,022 |
| Trade & Other Receivables | 10 | 483,766,495 | 510,299,115 | 471,634,427 |
| Cash and Cash Equivalents | 11 | 33,727,129 | 12,627,052 | 93,295,352 |
| **Total Current Assets** | | **567,836,406** | **569,611,001** | **613,490,801** |
| **Total Assets** | | **1,180,441,128** | **1,188,411,609** | **1,228,435,167** |
| Equity and Liabilities | | | | |
| Share Capital | 12 | 967,500,000 | 967,500,000 | 967,500,000 |
| Retained Earnings | 13 | (535,562,716) | (534,596,334) | (505,220,034) |
| Other Component of Equity | 14 | 396,552,779 | 397,026,237 | 396,930,980 |
| **Total Equity** | | **828,490,063** | **829,929,904** | **859,210,946** |
| Non Current Liabilities | | | | |
| Long Term Borrowings | 15 | 79,525,894 | 81,559,483 | 83,509,936 |
| Lease Liability | 16 | 0 | 1,452,246 | 4,852,806 |
| Other Non Current Liabilities | 17 | 10,135,859 | 10,987,635 | 10,991,284 |
| **Total Non Current Liabilities** | | **89,661,753** | **93,999,364** | **99,364,027** |
| Current Liabilities | | | | |
| Trade & other Payable | 18 | 65,768,094 | 70,821,590 | 80,425,659 |
| Employee Benefit Liability | 19 | 28,211,715 | 25,476,334 | 26,211,893 |
| Lease Liability | 16 | 4,862,806 | 5,808,985 | 8,261,399 |
| Short Term Borrowings | 20 | 163,446,696 | 162,375,432 | 154,961,243 |
| **Total Current Liabilities** | | **262,289,311** | **264,482,340** | **269,860,193** |
| **Total Liabilities** | | **351,951,065** | **358,481,705** | **369,224,221** |
| **Total Equity and Liabilities** | | **1,180,441,128** | **1,188,411,609** | **1,228,435,167** |

## STATEMENT OF PROFIT OR LOSS
### For the Period Ended 16th July 2026

| Particulars | Notes | Quarter Ending Ashaad End 2083 | Quarter Ending Chatra End 2082 (unaudited) | Previous year Ending Ashad End 2082 |
|---|---|---|---|---|
| Revenue | 21 | 113,642,957 | 77,252,507 | 180,479,656 |
| Cost of Sales | 23 | 47,728,866 | 38,356,784 | 81,399,023 |
| **Gross Income** | | **65,914,070** | 38,895,722 | **99,080,633** |
| Other Income | 22 | 1,905,727 | 621,200 | 13,078,432 |
| Administration Expenses | 24 | 45,304,683 | 30,677,691 | 47,676,076 |
| Selling & Distribution Expenses | 25 | 16,468,694 | 11,353,301 | 15,210,703 |
| Bad Debts Provision | | 946,494 | | |
| **Operating Profit/ (Loss)** | | **5,099,926** | **(2,514,070)** | **49,272,286** |
| Finance Charge | 27 | 20,298,700 | 15,439,707 | 30,808,222 |
| Depreciation | 28 | 15,521,908 | 11,422,524 | 15,997,961 |
| **Profit/ (Loss) before Tax** | | **(30,720,683)** | **(29,376,300)** | **2,466,102** |
| **Net Profit/ (Loss) For the Year** | | **(30,720,683)** | **(29,376,300)** | **2,466,102** |

**Note:-**
1) Figure presented above may vary with the audited figure if any change by regulators / statutory auditors.
2) Figure are regroup/rearranged/restated whenever necessaries .
3) Government advertisement revenue has been drastically decreased due to new government has imposed restriction for private media.


# वीरगन्जस्थित सुख्खा बन्दरगाह विस्तारमा ढिलाइ

उपेन्द्र यादव
*वीरगन्ज, साउन २६*



वीरगन्जको सिर्सियास्थित सुक्खा बन्दरगाह विस्तार गर्न अधिग्रहण गरिएको जग्गामा रहेको घरलगायतका भौतिक संरचनाको क्षतिपूर्ति निर्धारण एवम् वितरणमा ढिलाइ गरिएको छ।

भौतिक संरचनाको क्षतिपूर्ति निर्धारण गर्ने ढिलाइ गरिएपछि बन्दरगाह विस्तारको लागि अधिग्रहण गरिएको जग्गामा बन्दरगाह विस्तार कार्य हुन सकेको छैन। सरकारले सुक्खा बन्दरगाह र एकीकृत सुरक्षा जाँच चौकीलाई एक आपसमा जोड्ने प्रयोजनका लागि स्थानीयको घर-जग्गा अधिग्रहण गरेको थियो।

जग्गा अधिग्रहण गरिएपछि पहिलादेखि ती जग्गामा स्थानीयले निर्माण गरेका घरलगायतका भौतिक संरचनाको क्षतिपूर्ति दिने प्रक्रिया अगाडि बढाइएको थियो।

घरलगायतका भौतिक संरचनाको लागत जिल्ला प्रशासन कार्यालय पर्साले तयार गरेर निर्णय गर्न अलमल गरेका कारणले भौतिक संरचनाको क्षतिपूर्ति वितरणमा ढिलाइ भइरहेको छ। जिल्ला प्रशासन कार्यालय पर्साले गठन गरेको संरचना क्षतिपूर्ति मूल्य निर्धारण समितिले काम नगर्दा भौतिक संरचनाको क्षतिपूर्ति वितरण कार्य ढिलो भइरहेको गुनासो सिर्सियाका स्थानीयले गरेका छन्।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले भौतिक संरचना क्षतिपूर्ति निर्धारण समितिमा काम गरिरहेका दुई जना सहायक प्रमुख जिल्ला अधिकारीको सरुवा भएका कारण केही ढिलो भएको बताएका छन्। अब केही दिनमै घर-टहरालगायतका संरचनाको विवरण तयार गरी क्षतिपूर्ति निर्धारण गर्ने जानकारी प्रजिअ दाहालले दिए।

केही स्थानीयले घर निर्माण गरेर वर्षौंदेखि हकभोग गरिरहेको तर जग्गाको लालपुर्जा उनीहरूसँग नभएका कारणले पनि केही समस्या उत्पन्न भएको उनले बताए। अधिग्रहण गरिएको सुक्खा बन्दरगाह र एकीकृत सुरक्षा जाँच चौकीबिचको जग्गामा लगभग ४५० देखि ५०० घरधुरी पर्ने वीरगन्ज महानगरपालिका २५ का वडा अध्यक्ष आसुतोष चतुर्वेदीले बताएका छन्।

पहिला तयार गरिएको लगतमा जग्गामा भएको घर, रुख, बाली सबैको विवरण खुलाइएको छ तर घरधनीहरूलाई दुःख दिने उद्देश्यले पर्साका प्रजिअले यसको क्षतिपूर्ति निर्धारण गर्ने कार्यमा ढिलाइ गर्दै आएको चतुर्वेदीले बताए।

वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीले बन्दरगाह विस्तार कार्यमा ढिलाई हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्धनमा प्रभावकारी सहजिकरण हुन नसकेको बताएका छन्। सुक्खा बन्दरगाह पहिलादेखि नै साँघुरो भएका कारणले भन्सार जाँचपास गर्नसमेत समस्या हुँदै आएको पनि उनले बताए।

अधिग्रहण गरेर भन्सारको नाममा आइसकेको जग्गामा रहेको भौतिक संरचना जति छिटो खाली गर्न सकियो त्यति नै सुक्खा बन्दरगाह विस्तार कार्यमा सहजता थपिने उनले बताए।

भौतिक संरचनाको मूल्य निर्धारण गरिसकेपछि क्षतिपूर्तिका लागि आवश्यक रकमको निकासा अर्थ मन्त्रालयबाट गराउन पनि पहल गर्नुपर्ने मैनालीले बताए। भौतिक संरचानाकै ७० करोड जति क्षतिपूर्ति दिनुपर्ने अनुमान गरिएको उनले बताए।

१७ कट्ठा जग्गामा जग्गाधनीको आपसी मुद्दा रहेकाले जटिलता उत्पन्न भएको र २ बिघा जग्गामा स्वबासी रहेकाले अधिग्रहण प्रक्रियामा अवरोध आएको जानकारी पनि उनले दिए।

अधिग्रहण गर्न लागिएको जग्गामा रहेको ८४ स्वबासी घरधुरीले २ बिघा १८ कट्ठा १० धुर जग्गा भोगचलन गरिरहेको तर उनीहरूसँग जग्गाको लालपुर्जा नरहेको बताइन्छ। 'भोगचलन रहे पनि जग्गाको लालपुर्जा नहुँदा उनीहरूले तत्कालै मुआब्जा पाउने अवस्था छैन। उनीहरूको हकमा संघीय सरकारको मन्त्रिपरिषद्बाटै निर्णय गर्नुपर्ने पर्साका प्रजिअ दाहालले बताए।

हालसम्म मुआब्जाबापत करिब पाँच अर्ब रुपैयाँ वितरण भइसकेको वीरगन्ज भन्सार कार्यालयले जनाएको छ। भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले हालै पत्राचार गरी बाँकी रहेको जग्गाको मुआब्जाको रकम निर्धारण गर्न निर्देशन समेत दिएको थियो। सिर्सिया सुक्खा बन्दरगाह र एकीकृत सुरक्षा जाँच चौकीबिचको ६२ बिघा जग्गा अधिग्रहण प्रक्रिया पर्साका तत्कालीन प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईको कार्यकालमा २०७६ मंसिरदेखि सुरु गरिएको थियो।

सरकारी मापदण्ड अनुसार यहाँ मुआब्जा रकम सबैभन्दा बढी प्रतिकट्ठा ६७ लाख ७० हजार रुपैयाँ र सबैभन्दा कम प्रतिकट्ठा २४ लाख ६० हजार रुपैयाँ रहेको छ। नौ वर्षअघि नै स्थानीयको ६२ बिघा जग्गा अधिग्रहण प्रक्रियाका लागि भन्दै रोक्का गरिएको थियो।

अढाई दशकदेखि सञ्चालन हुँदै आएको सिर्सिया सुक्खा बन्दरगाह र ८ वर्षदेखि सञ्चालन भइरहेको एकीकृत सुरक्षा जाँच चौकीको बिचमा खल्वाटोला गाउँ र स्थानीयको खेत पर्छ। यी दुई ठूला संरचनाबिच रहेको यो टोललाई अधिग्रहण गरिएपछि दुबै संरचना एक अर्कासँग जोडिनेछन्।

देशभरिका भन्सार कार्यालयले संकलन गर्ने राजस्वमध्ये सुक्खा बन्दरगाह र वीरगन्ज भन्सार कार्यलयले ४१ प्रतिशत संकलन गर्ने गरेको बताइन्छ। आर्थिक वर्ष २०८२/८३ मा दुई खर्ब ४३ अर्ब ८२ करोड रुपैयाँ राजस्व संकलन गरेको वीरगन्ज भन्सार कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा दुई खर्ब २५ अर्ब ७३ करोड रुपैयाँ राजस्व संकलन गरको वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक कृष्णप्रसाद मैनालीले बताएका छन्।

# नेपालगन्ज नाकाबाट ९२.२५ प्रतिशत व्यापार घाटा

गणेश बिशु
*बाँके, साउन २६*

| विवरण | २०८१.०८२ (असारसम्म) | २०८२.०८३ (असारसम्म) | फरक मूल्य | फरक % |
|---|---|---|---|---|
| राजस्व लक्ष्य | २७१८३५८९ | २४५४५७८२ | -२६३७८०७ | - ९.७० |
| राजस्व संकलन | २०२८७२०० | २०११५५०१ | -१७१६९९ | -०.८५ |
| राजस्व संकलन प्रतिशत | ७४.६३ | ८१.९५ | - | - |
| आयात मूल्य | ७७५ ७७३६२ | ८७०९०४५३ | ९५१३०९२ | १२.२६ |
| निर्यात मूल्य | ३२०८२५२ | ३५११०७८ | ३०२८२६ | ९.४४ |
| कुल व्यापार | ८०७८५६१४ | ९०६०१५३१ | ९८१५९१८ | १२.१५ |
| व्यापार घाटा प्रतिशत | - ९२.०६% | -९२.२५% | - | - |
| आयात निर्यात अनुपात | २४.१८ | २४.८० | - | - |

नेपाल-भारत सीमाको प्रमुख व्यापारिक नाकामध्येको एक नेपालगन्ज भन्सार कार्यालयबाट आर्थिक वर्ष २०८२/८३ मा आयात-निर्यात व्यापार १२ प्रतिशतभन्दा बढीले विस्तार भए पनि व्यापार घाटा भने झन् गहिरिएको छ। कार्यालयको वार्षिक विवरणअनुसार वर्षभर ८७ अर्ब नौ करोड ४५ लाख रुपैयाँ बराबरको वस्तु आयात हुँदा निर्यात भने तीन अर्ब ५१ करोड १० लाख रुपैयाँमा सीमित रह्यो। यससँगै नेपालगन्ज नाकाबाट मात्रै ८३ अर्ब ५८ करोड ३४ लाख रुपैयाँको व्यापार घाटा भएको तथ्यांक सार्वजनिक भएको छ। व्यापार घाटाको अनुपात ९२.२५ प्रतिशत पुगेको हुँदा यसले आयातको तुलनामा निर्यात अत्यन्त कमजोर रहेको स्पष्ट देखाउँछ।

नेपालगन्ज भन्सार कार्यालयका अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा आयात १२.२६ प्रतिशत र निर्यात ९.४४ प्रतिशतले बढेको छ। समग्र व्यापार ९० अर्ब ६० करोड रुपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा १२.१५ प्रतिशतले बढी हो।

आयातको वृद्धिदर निर्यातभन्दा धेरै ठूलो भएकाले व्यापार घाटामा अपेक्षित सुधार आउन सकेको छैन। आयात-निर्यात अनुपात २४.८० पुगेको छ। अर्थात् करिब २५ रुपैयाँको आयात हुँदा एक रुपैयाँ बराबर मात्रै निर्यात भइरहेको अवस्था रहेको कार्यालयले जनाएको छ।

नेपालगन्ज भन्सार कार्यालयका एक वरिष्ठ अधिकृतका अनुसार सीमावर्ती बजार, उद्योग, निर्माण क्षेत्र तथा इन्धन आपूर्तिका कारण आयात निरन्तर बढिरहेको छ। 'डिजेल, पेट्रोल, एलपी ग्यास, स्टिल, फलामजन्य सामग्री, खाद्यान्न र औद्योगिक कच्चा पदार्थको ठूलो परिमाणमा आयात भइरहेको छ', ती अधिकृतले भने, 'तर निर्याततर्फ हाम्रो वस्तु विविधीकरण कमजोर छ। केही सीमित कृषि तथा वनजन्य उत्पादनमा निर्भर रहँदा व्यापार घाटा घटाउन कठिन भइरहेको छ।'

भन्सार तथ्यांकअनुसार डिजेल आयातबाट मात्रै ६ अर्ब २१ करोड ६३ लाख रुपैयाँ राजस्व संकलन भएको छ। पेट्रोलबाट तीन अर्ब १६ करोड रुपैयाँ, एलपी ग्यासबाट ९९ करोड ४६ लाख रुपैयाँ, स्टिल वायर रडबाट ५७ करोड ३० लाख रुपैयाँ र स्पञ्ज आइरनबाट ५३ करोड २७ लाख रुपैयाँ राजस्व उठेको छ।

चामल, चिनी, खाने तेल, तयारी कपडा र पोलिथिन दाना पनि उच्च आयात हुने वस्तुमा परेका छन्। शीर्ष १० आयातित वस्तुले मात्रै कुल राजस्वको ६४.२३ प्रतिशत योगदान दिएका छन् । निर्याततर्फ भने खोटो (रोजिन), जडीबुटी, खयर कत्था, तार्पिन तेल, एसेन्सियल आयल, रिठ्ठा, प्लाइउड, अदुवा र अन्य वनजन्य तथा कृषि उत्पादन प्रमुख रहेका छन्। यी वस्तुको निर्यात मूल्य तीन अर्ब ५१ करोड रुपैयाँ पुगे पनि आयातको तुलनामा यो हिस्सा अत्यन्त सानो रहेको भन्सार कार्यालयले जनाएको छ।

नेपालगन्ज भन्सार कार्यालयका एक अधिकारीले व्यापार घाटा घटाउन उत्पादन र निर्यात प्रवर्धनमा विशेष ध्यान दिनुपर्ने बताए। 'राजस्व संकलन हाम्रो जिम्मेवारी हो तर व्यापार घाटा घटाउने दीर्घकालीन उपाय भने उत्पादन वृद्धि, उद्योग विस्तार, निर्यातयोग्य वस्तुको विकास र मूल्य अभिवृद्धि हो', उनले भने, 'सीमावर्ती नाका भएकाले आयातको दबाब स्वाभाविक रूपमा धेरै हुन्छ तर निर्यात बढाउन उद्योग, कृषि र वनजन्य उत्पादनलाई बजारसँग जोड्न आवश्यक छ।'

आर्थिक वर्ष २०८२/८३ मा राजस्व संकलन २० अर्ब ११ करोड ५५ लाख रुपैयाँ भएको छ, जुन अघिल्लो वर्षको तुलनामा ०.८५ प्रतिशतले कम हो। यद्यपि लक्ष्य प्राप्तिको प्रतिशत भने ७४.६३ बाट बढेर ८१.९५ पुगेको छ, किनभने यस वर्षको राजस्व लक्ष्य अघिल्लो वर्षभन्दा कम निर्धारण गरिएको थियो।

भन्सारका अधिकारीहरूका अनुसार चैत महिनामा सबैभन्दा धेरै ९८.१३ प्रतिशत लक्ष्य हासिल भएको थियो भने भदौमा सबैभन्दा कम ६९.७७ प्रतिशत राजस्व संकलन भएको थियो। असारमा भने अघिल्लो वर्षको तुलनामा २१.७१ प्रतिशतले राजस्व घटेको तथ्यांकले देखाएको छ। विश्लेषकहरूका अनुसार नेपालगन्ज नाकाको व्यापार संरचनाले नेपालको अर्थतन्त्रको पुरानै समस्या दोहोऱ्याएको छ, उच्च आयात निर्भरता र कमजोर निर्यात क्षमता। इन्धन, निर्माण सामग्री, खाद्यान्न र औद्योगिक कच्चा पदार्थमा ठूलो परिमाणमा विदेशी निर्भरता रहँदा व्यापार घाटा स्वाभाविक रूपमा बढिरहेको छ। अर्कोतर्फ जडीबुटी, वनजन्य उत्पादन र सीमित कृषि वस्तुमै निर्यात केन्द्रित हुँदा विदेशी मुद्रा आर्जनको क्षमता सीमित भइरहेको छ।

नेपालगन्ज भन्सार कार्यालयको वार्षिक विवरणले व्यापारको आकार विस्तार हुँदै गएको सकारात्मक संकेत दिएको भए पनि ८३ अर्ब ५८ करोड रुपैयाँभन्दा बढीको व्यापार घाटाले सीमावर्ती अर्थतन्त्रको ठूलो चुनौती उजागर गरेको छ। भन्सार अधिकारीहरूका अनुसार उद्योगमैत्री वातावरण, निर्यातमुखी उत्पादन, प्रशोधन उद्योगको विस्तार, कृषि तथा वनजन्य उत्पादनको मूल्य अभिवृद्धि र नयाँ बजारको खोजी नगरेसम्म नेपालगन्ज नाकाबाट देखिएको व्यापार असन्तुलन निकट भविष्यमा पनि उच्च रहने सम्भावना छ।


**सच्याईएको सम्बन्धमा**

मिति २०८३/०४/२२ मा "नागरिक" राष्ट्रिय दैनिक पत्रिकामा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तर्फबाट प्रकाशित गरिएको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना मुताविक केन्द्रिय कार्यालय कर्पोरेट शाखाको ऋणी भेन्चर वेस्ट टु इनर्जी प्रा.लि. को सूचना मुताविक शेयरधनी/व्यक्तिगत जमानीकर्ताहरुको विवरणमा ३ नं. मा बिपुल राज पाण्डे हुनुपर्नेमा अन्यथा भएकोले अन्य विवरण यथावत रहने गरी सच्याईएको व्यहोरा जानकारी गराईन्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**MRP Declaration for BYD Electric Vehicles**

| S. N. | Particular | Battry Capacity | Motor Capacity | Seat Capicity | MRP |
|---|---|---|---|---|---|
| 1. | BYD DENZA B5 (Hybrid) | 31.7952 Kwh | Front Motor 200kw, Rear 285kw, 1497cc Petrol Enging | 5 | Rs. 2,97,00,000/. |
| 2. | BYD DENZA B8 (Hybrid) | 36.864 Kwh | Front Motor 200kw, Rear 300kw, 1997cc Petrol Enging | 6 | Rs. 3,80,00,000/- |

Importer/ Distributor: **Cimex Inc. Pvt. Ltd.** Exim Code No.: **604239031O154NP**
Location: BYD Park,Tangal, Kathmandu, Nepal, **Contact Number: 01-4541393**

**PUBLIC NOTICE**



I Aayan Karki, formerly known as Yousof Karki, born on 26/03/2012, residing at tarakeshwor-04 Kathmandu Nepal, hereby declare that I have changed my name from Yousof Karki to Aayan Karki Henceforth, I shall be known and recognized by the name Aayan Karki for all purposes, including educational records, certificates, correspondence and records maintained by the Central Board of Secondary Education (CBSE).
Old Name: Yousof Karki
New Name: Aayan Karki
Father's Name: Hari Bahadur Karki
Date of Birth: 26/03/2012
Date: 12/08/2026
Address: Tarakeshwor -4 Kathmandu Nepal


## नाइमा नेपाल मोबिलिटी एक्स्पोमा गाडी पारखीको भिड



काठमाडौं, साउन २६ (नागरिक)- नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) को आयोजनामा काठमाडौंको भृकुटीमण्डपमा मंगलबारदेखि सुरु भएको दोस्रो संस्करणको 'नाइमा नेपाल मोबिलिटी एक्स्पोमा अवलोकनकर्ताको भिड लागेको थियो। उद्घाटनको दिन सबै स्टलहरूमा २९ हजार बढीले अवलोकन गरेको नाइमाले जनाएको छ।

यस एक्स्पोको उद्घाटन प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले गरेका हुन्। नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले सडक दुर्घटनाको भयावह अवस्था र सुरक्षित सवारीसाधनको आवश्यकताबारे सबै सचेत हुनुपर्ने बताए। आर्थिक वर्ष २०८२/८३ मा नेपालभर २९ हजार ९८८ सवारी दुर्घटना भएको जानकारी गराउँदै उनले ती दुर्घटनामा दुई हजार ७०७ जनाले ज्यान गुमाएको बताए। नेपालको भूगोलअनुसार सवारी साधन बलियो र भरपर्दो हुनुपर्नेमा जोड दिंदै उनले नेपालका धेरै सडक भिराला र अप्ठ्यारा रहेकाले त्यहीअनुसारका सुरक्षित सवारीसाधन आवश्यक रहेको जानकारी गराए। यसैगरी उनले सवारीसाधन आयातकर्तालाई एबिएस, एयरब्याग र अन्तर्राष्ट्रियस्तरका सुरक्षा मापदण्ड पूरा गरेका सवारी साधन मात्र आयात गर्न आग्रह गरे। सवारीसाधन सुरक्षित हुनु सडक सुरक्षाको महत्त्वपूर्ण पक्ष भएको बताए।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले नेपाललाई औद्योगिक राष्ट्र बनाउन सवारी साधनको स्वदेशी उत्पादनमा जोड दिनुपर्ने बताए। नेपालमै गाडी एसेम्बल गर्ने उद्योग विस्तार गर्न व्यवसायी अघि बढ्नुपर्ने धारणा राख्दै उनले यसबाट औद्योगिक विकाससँगै रोजगारी बढ्ने बताए। नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेस अग्रवाललले अटोमोबाइल क्षेत्रको आर्थिक योगदानलाई प्राथमिकतामा राख्नुपर्ने बताए।

## नागरिक लगानी कोषका सहभागीलाई मनकामना अस्पतालमा छुट



काठमाडौं, साउन २६ (नागरिक)- नागरिक लगानी कोषका सहभागी, सेयरधनी तथा कर्मचारीले चितवनको भरतपुरस्थित मनकामना अस्पताल प्रालिबाट स्वास्थ्य सेवा लिँदा २० प्रतिशत छुट पाउने भएका छन्। यससम्बन्धी सम्झौतामा नागरिक लगानी कोषका निर्देशक हेमन्त पोखरेल र अस्पतालका बजार प्रमुख उमाकान्त बरालले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार कोषका सहभागी, सेयरधनी तथा कर्मचारीले अस्पतालका विभिन्न स्वास्थ्य सेवामा २० प्रतिशत छुट पाउनेछन्। अस्पतालले उपलब्ध गराउने सिटी स्क्यान तथा अपरेसन सेवामा थप १०-१० प्रतिशत र औषधि खरिदमा ५ प्रतिशत छुटसमेत उपलब्ध हुने जनाइएको छ। छुट सुविधा लिन कोषका सहभागी, सेयरधनी तथा कर्मचारीले आफ्नो परिचयपत्र वा कोषमा आबद्ध भएको प्रमाणपत्र पेस गर्नुपर्नेछ। अन्य पहिचान खुल्ने आधिकारिक कागजातका आधारमा समेत सुविधा लिन सकिने व्यवस्था गरिएको छ।

सम्झौताले कोषसँग आबद्ध व्यक्ति तथा कर्मचारीलाई स्वास्थ्य उपचारमा लाग्ने खर्च केही घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। पछिल्लो समय संस्थागत तथा व्यावसायिक संस्थाबिच सेवामा छुट तथा सहुलियत उपलब्ध गराउने गरी हुने सम्झौता बढिरहेका बेला नागरिक लगानी कोष र मनकामना अस्पतालबिचको सहकार्यले आफ्ना सदस्यलाई स्वास्थ्य सेवामा आर्थिक राहत दिने उद्देश्य राखेको देखिन्छ।

## एनआइसी एसिया बैंकद्वारा विद्यालय र पुन:स्थापना केन्द्रलाई सहयोग




काठमाडौं, साउन २६ (नागरिक)-एनआइसी एसिया बैंकले विभिन्न शैक्षिक संस्था तथा पुनःस्थापना केन्द्रलाई सहयोग गरेको छ। बैंकले भक्तपुरस्थित विशेष स्कुल तथा पुनःस्थापना केन्द्र (एसएसडिआरसी), नवलपरासीको शान्ति निकुञ्ज रेवती गौमाता गौतम माध्यमिक विद्यालय तथा सिन्धुपाल्चोकको सुनकोसी गाउँपालिका-१ स्थित बाघभैरव माध्यमिक विद्यालयलाई शैक्षिक तथा भौतिक सामग्री सहयोग गरेको हो।

बैंकले नवलपरासीस्थित शान्ति निकुञ्ज रेवती गौमाता गौतम माध्यमिक विद्यालयमा अध्ययनरत ५०२ भन्दा बढी विद्यार्थीको डिजिटल पहुँच विस्तार गर्ने उद्देश्यले डिजिटल बोर्ड प्रदान गरेको छ। विद्यालयमा आयोजित कार्यक्रममा बैंकका सुस्तवल सर्कल हेड तिलक राम खनाल र बर्दघाट शाखा प्रमुख प्रेम पौडेलले प्रधानाध्यापक नारायणप्रसाद चापागाईंलाई डिजिटल बोर्ड हस्तान्तरण गरेका थिए। त्यसैगरी एसएसडिआरसीद्वारा सञ्चालित अटिजम स्कुल भवन सञ्चालनका लागि बैंकले विद्युतीय वायरिङ तथा भवनको रङरोगनका लागि सहयोग गरेको छ। सहयोग बैंकका काठमाडौं पूर्व सर्कल हेड गणेश पौडेल र भक्तपुर शाखा प्रमुख ईश्वर जिसीले केन्द्रकी अध्यक्ष सविता उप्रेतीलाई हस्तान्तरण गरेका थिए। सिन्धुपाल्चोकको बाघभैरव माध्यमिक विद्यालयका ३०२ भन्दा बढी विद्यार्थीका लागि बैंकले झोला र प्रोजेक्टरसमेत उपलब्ध गराएको छ।

## नाइमा एक्स्पोमा प्रोटोन इ-मास ५ आकर्षणको केन्द्र



काठमाडौं, साउन २६ (नागरिक)- नेपाली बजारमा हालै सार्वजनिक भएको प्रोटोन इ-मास ५ नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा आकर्षणको केन्द्र बनेको छ। नेपालका लागि प्रोटोन गाडीको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले सार्वजनिक गरेको कम्प्याक्ट विद्युतीय एसयुभीलाई एक्स्पोको हल 'बी' स्थित स्टल 'एल-६' मा अवलोकन तथा बुकिङ गर्न सकिनेछ।

कम्पनीका अनुसार सार्वजनिक भएयता इ-मास ५ को बुकिङ उत्साहजनक रहेको छ। सेग्मेन्टमै पहिलो पटक रियर-ह्विल-ड्राइभ प्लेटफर्ममा आधारित यस गाडीमा सन्तुलित तौल वितरण, ड्राइभिङ स्थायित्व र सहज नियन्त्रणका लागि विभिन्न प्रविधि समावेश गरिएको छ। इ-मास ५ मा ७० लिटरको अगाडिको स्टोरेज, २८ लिटरको सिटमुनिको स्टोरेज र २० लिटरको सेन्टर कन्सोलमुनिको भण्डारण सुविधा छ। त्यस्तै, ३७५ लिटरको बुट स्पेस, १४.६ इन्च फुलएचडी डिस्प्ले, रियर मल्टी-लिंक इन्डिपेन्डेन्ट सस्पेन्सन र जी-ट्र्याक्सन कन्ट्रोल प्रणाली उपलब्ध छन्।प्रिमियम भेरियन्टमा ८५ किलोवाट क्षमताको ११-इन-१ इलेक्ट्रिक मोटर, पावर्ड टेलगेट र ३६० डिग्री क्यामेरा राखिएको छ।

## फ्लेम अवार्ड्स एसिया २०२६ मा नेपालको शानदार प्रदर्शन



काठमाडौं, साउन २६ (नागरिक)- नेपालले भारतको नयाँ दिल्लीमा आयोजित फ्लेम अवार्ड्स एसिया २०२६ मा उत्कृष्ट प्रदर्शन गर्दै कुल १७ अवार्ड जितेको छ। नेपालका विभिन्न विज्ञापन तथा मार्केटिङ एजेन्सीले १३ गोल्ड, ३ सिल्भर र १ ब्रोन्ज अवार्ड प्राप्त गरेका हुन्। अगस्ट ६ मा आयोजित समारोहमा आउटरिच नेपाल, लेमन र डिजिटल इन्साइटसहित विभिन्न नेपाली एजेन्सीले अवार्ड जितेका थिए। आउटरिच नेपाल, लेमन र डिजिटल इन्साइटले संयुक्त रूपमा १७ अवार्ड जितेको जनाइएको छ। स्टर्म कम्युनिकेसन नेपाल र डी २० ल्याब्सले पनि विभिन्न विधामा अवार्ड प्राप्त गरेका छन्।

रुरल मार्केटिङ एसोसिएसन अफ इन्डिया (आरएमएआई) ले आयोजना गर्दै आएको फ्लेम अवार्ड्स एसियाले भारत तथा एसियाली बजारमा उत्कृष्ट मार्केटिङ, विज्ञापन र सञ्चार अभियानलाई सम्मान गर्दै आएको छ। यस वर्ष नेपालका पाँच एजेन्सीले विभिन्न विधामा सफलता हासिल गरेका हुन्। प्रतियोगितामा नेपाल, भारतलगायत दक्षिण एसियाका ४० भन्दा बढी देशका विज्ञापन तथा मार्केटिङ क्षेत्रका प्रतिनिधिले प्रतिस्पर्धा गरेका थिए।

## गोल्छालाई एक करोड धरौटीमा छाड्न विशेष अदालतको आदेश

काठमाडौं, साउन २६ (नागरिक)- विशेष अदालतले उद्योगी शेखर गोल्छालाई धरौटीमा छाड्न आदेश दिएको छ। विशेष अदालतका अध्यक्ष वासुदेव आचार्य, न्यायाधीशहरू हेमन्त रावल र विदुर कोइरालाको इजलासले गोल्छालाई धरौटीमा रिहा गर्न आदेश दिएको हो। मंगलबार अदालतमा हाजिर भएका गोल्छालाई एक करोड रुपैयाँ धरौटीमा रिहा गर्न विशेष अदालतले आदेश दिएको हो।

सम्पत्ति शुद्धीकरण मुद्दामा गोल्छाविरुद्ध साढे ५२ करोड रुपैयाँको बिगो दाबी गर्दै गत जेठ २८ गते मुद्दा दायर भएको थियो। सो दिन गोल्छासहित विशेष अदालतमा ३४ जना विरुद्ध मुद्दा दायर भएको थियो। सम्पत्ति शुद्धीकरण निवारण ऐन-२०६४ अन्तर्गत दायर गरिएको मुद्दामा मुख्य प्रतिवादीका रूपमा दिपक भट्ट, शुलभ अग्रवाल र गोल्छासहित अन्य व्यक्ति तथा कम्पनीलाई समेटिएको थियो। भट्ट र अग्रवाल भने सोही मुद्दामा पूर्पक्षको लागि थुनामै रहेका छन्।

गोल्छाले हिमालयन रि-इन्स्योरेन्स कम्पनीको अध्यक्ष हुँदा सो रकम सेयरमार्फत गैरकानुनी रूपमा चलाएको भन्दै मुद्दा दायर गरिएको थियो। २०८२ फागुनमा गोल्छाले सो इन्स्योरेन्सको अध्यक्ष पदबाट राजीनामा समेत दिएका थिए। उनी विरुद्ध जिल्ला अदालत काठमाडौंमा बिमा र धितोपत्र सम्बन्धी मुद्दा विचाराधीन छ। जिल्लाबाट पनि दुवै कसुरमा एक करोड रुपैयाँ धरौटी बुझाएर दुई साता अघि उनी रिहा भएका थिए। त्यस्तै, सोही मुद्दामा जोडिएका अर्का व्यापारी ऋषिराज मोरलाई पनि अदालतले एक करोड रुपैयाँ धरौटीमा रिहा गरेको थियो।

## कुमारी बैंकद्वारा सहिद गंगालाल हृदय केन्द्रलाई आर्थिक सहयोग



काठमाडौं, साउन २६ (नागरिक)- कुमारी बैंक लिमिटेडले शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई नवजात शिशु तथा बालबालिकाको सघन उपचार (क्रिटिकल केयर) सेवा सुदृढीकरणका लागि १० लाख रुपैयाँ आर्थिक सहयोग गरेको छ। बैंकका अनुसार उक्त रकम विशेषगरी हृदयरोगबाट पीडित नवजात शिशु तथा बालबालिकाको उपचारमा आवश्यक स्वास्थ्य सेवा र उपकरण व्यवस्थापनमा प्रयोग गरिनेछ। नेपाल सरकारअन्तर्गत सञ्चालित सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र देशकै प्रमुख विशिष्टीकृत हृदयरोग उपचार केन्द्रमध्ये एक हो। केन्द्रमा विभिन्न दुर्गम तथा पिछडिएका क्षेत्रबाट उपचारका लागि आउने आर्थिक रूपमा विपन्न, सीमान्तकृत तथा जोखिममा रहेका बालबालिकालाई विशेषज्ञ स्वास्थ्य सेवा प्रदान हुँदै आएको छ। बढ्दो बिरामीको चाप र सघन उपचार सेवाको आवश्यकता सम्बोधन गर्न बैंकले सहयोग गरेको जनाएको छ।

कुमारी बैंकले स्वास्थ्य सेवा प्रत्येक नागरिकको आधारभूत अधिकार भएको उल्लेख गर्दै आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्गको स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न सहयोग गर्दै आएको जनाएको छ। सहयोगले बालबालिकाको उपचार गुणस्तर सुधार, जीवनरक्षा तथा स्वास्थ्य सेवामा रहेको असमानता न्यूनीकरणमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## ह्युन्डाईले नेपालमै बनेको भेन्यु र भेन्यु एन लाइन ल्यायो




काठमाडौं, साउन २६ (नागरिक)- लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालमै उत्पादन गरिएको नयाँ 'भेन्यु' र 'भेन्यु एन लाइन' सार्वजनिक गरेको छ। नयाँ डिजाइन, प्रविधि, सुरक्षा र प्रदर्शनसहित सार्वजनिक गरिएका यी मोडलले कम्प्याक्ट एसयुभी बजारमा प्रतिस्पर्धा थप बढाउने देखिएको छ।

मेड-इन-नेपाल भेन्युमा ट्विन हर्न एलइडी डिआरएल, होराइजन एलइडी रियर ल्याम्प, पावर्ड टिल्ट एन्ड स्लाइड सनरुफ, १०.२५ इन्चको इन्फोटेनमेन्ट डिस्प्ले तथा ६ वटा एयरब्याग उपलब्ध छन्। गाडी १.२ लिटर पेट्रोल र १.० लिटर टर्बो पेट्रोल इन्जिन विकल्पमा उपलब्ध छ। भेन्युको सुरुवाती मूल्य ४८ लाख ९६ हजार रुपैयाँ तोकिएको छ। यो एचएक्स २ (१,१९७ सी सी), एचएक्स ५ प्लस (१,१९७ सी सी) र एचएक्स ५ डिसिटी (९९८ सी सी) गरी तीन भेरियन्टमा उपलब्ध हुनेछ।

यसैगरी भेन्यु एन लाइनलाई थप स्पोर्टी डिजाइनसहित बजारमा ल्याइएको छ। यसमा एन-ब्रान्डेड सिट र अलोय ह्विल, सिग्नेचर रेड हाइलाइट तथा एन लाइन स्टाइलिङ एलिमेन्ट समावेश छन्।

## मेटलाइफ नेपालको गण्डकी प्रदेश कार्यालय पोखरामा



काठमाडौं, साउन २६ (नागरिक)- मेटलाइफ नेपालले पोखरा महानगरपालिका-९, न्युरोडस्थित अव्यक्त कम्प्लेक्समा गण्डकी प्रदेश कार्यालय सञ्चालन गरेको छ। नयाँ कार्यालयमार्फत प्रदेशभरका ग्राहक, बिमा अभिकर्ता तथा व्यावसायिक साझेदारलाई बिमासम्बन्धी सेवा थप छिटो, सहज र गुणस्तरीय रूपमा उपलब्ध गराउने कम्पनीले जनाएको छ। कार्यालय उद्घाटन समारोहमा नेपाल बिमा प्राधिकरणका गण्डकी प्रदेश कार्यालय प्रमुख शम्भुप्रसाद मिश्र तथा मेटलाइफ नेपालका वरिष्ठ पदाधिकारीहरूको उपस्थिति थियो। नयाँ कार्यालयबाट बिमासम्बन्धी परामर्श, पोलिसी सेवा, दाबीसम्बन्धी सहजीकरण तथा ग्राहक सेवासहितका सुविधा स्थानीयस्तरमै उपलब्ध हुने कम्पनीले जनाएको छ।

मेटलाइफ नेपालका महाप्रबन्धक निर्मल काजी श्रेष्ठले गण्डकी प्रदेश मेहनती, सम्भावनायुक्त र उद्यमशील जनशक्ति तथा व्यवसायको क्षेत्र रहेको उल्लेख गर्दै प्रदेशमा कार्यालय स्थापना गर्नु कम्पनीको दीर्घकालीन प्रतिबद्धताको हिस्सा भएको बताए। उनका अनुसार बिमा सेवा सबैका लागि सहज, पहुँचयोग्य र स्थानीय आवश्यकताअनुकूल हुनुपर्नेमा कम्पनीले जोड दिएको छ। कम्पनीका अनुसार नयाँ कार्यालय सञ्चालनपछि स्थानीय समुदायसँगको सहकार्य, बिमा अभिकर्ताको व्यावसायिक क्षमता विकास तथा प्रदेशका विभिन्न व्यावसायिक संस्था र निकायसँगको सहकार्य विस्तार हुने अपेक्षा गरिएको छ।

## मुक्तिनाथ विकास बैंकको अटो लोन ५.५७ प्रतिशत ब्याजदरमा

काठमाडौं, साउन २६ (नागरिक)- मुक्तिनाथ विकास बैंकले नाइमा एक्स्पो २०२६ लाई लक्षित गर्दै ५.५७ प्रतिशत ब्याजदरमा अटो लोन योजना सार्वजनिक गरेको छ। बैंकले 'बेस रेट प्लस शून्य प्रतिशत'को विशेष ब्याजदरमा अटो कर्जा उपलब्ध गराउने जनाएको छ। बैंकका अनुसार हाल उक्त योजनाअन्तर्गत अटो लोनको ब्याजदर ५.५७ प्रतिशत कायम गरिएको छ। विशेष ब्याजदरको योजना २०८३ भदौ मसान्तसम्म लागु हुनेछ। त्यसपछि भने बैंकको प्रचलित सामान्य ब्याजदर लागू हुने जनाइएको छ । योजनाअन्तर्गत ऋणका लागि आवश्यक कागजात तथा प्रक्रिया पूरा भएको अवस्थामा बैंकले २४ घण्टाभित्र अटो लोन उपलब्ध गराउने व्यवस्था गरेको छ। यसले नयाँ सवारीसाधन खरिद गर्न चाहने ग्राहकलाई छिटो र सहज रूपमा कर्जा प्राप्त गर्न सहयोग पुग्ने बैंकको अपेक्षा छ।

## नेसनल लाइफको शाखा प्रबन्धक सम्मेलन सम्पन्न



काठमाडौं, साउन २६ (नागरिक)- नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले 'रेजिङ द बार, रिडिफाइनिङ सक्सेस' नारासहित चारदिने शाखा प्रबन्धक सम्मेलन सम्पन्न गरेको छ। गोरखाको मनकामनास्थित होटल मनकामना हिलक्रेष्ट रिसोर्टमा आयोजित सम्मेलनमा व्यवसाय विस्तार, आगामी रणनीति, प्रतिस्पर्धात्मक बिमा बजारका चुनौती तथा कर्मचारीको क्षमता अभिवृद्धिका विषयमा छलफल र प्रशिक्षण गरिएको थियो। कम्पनीकी अध्यक्ष प्रेमा राज्यलक्ष्मी सिंहले जीवन बिमा व्यवसाय थप प्रतिस्पर्धात्मक बन्दै गएकाले कर्मचारीलाई बदलिँदो बजारअनुसार सक्षम बनाउन तालिम तथा प्रविधिको प्रयोगमा जोड दिनुपर्ने बताइन्। उनले आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगमार्फत डिजिटल मार्केटिङ प्रवर्धन गर्नुपर्ने आवश्यकता औंल्याइन्।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले नयाँ आर्थिक वर्षसँगै नयाँ सोच, प्रतिबद्धता र व्यावसायिक लक्ष्यका साथ अघि बढ्नुपर्ने बताए। सम्मेलनमा विभागीय प्रमुख, प्रदेश तथा शाखा प्रमुख र मार्केटिङ कर्मचारी गरी २०० भन्दा बढीको सहभागिता थियो। नेपाल बिमा प्राधिकरणका निर्देशक शम्भराज लामिछानेले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा वित्तीय लगानी निवारणसम्बन्धी प्रशिक्षण दिएका थिए।

## एनसेल बिजनेसको क्लाउड सुइट नेपाली मुद्रामै वेब होस्टिङ




काठमाडौं, साउन २६ (नागरिक)- एनसेलले डोमेन दर्ता र व्यावसायिक वेब होस्टिङ सेवा एकै ठाउँबाट उपलब्ध गराउने 'एनसेल बिजनेस क्लाउड सुइट' सञ्चालन गरेको छ। स्थानीय रूपमा समर्थित उक्त प्लेटफर्म नेपालको व्यवसाय, स्टार्टअप, उद्यमी, शैक्षिक संस्था तथा विभिन्न संगठनलाई लक्षित गरिएको कम्पनीले जनाएको छ। क्लाउड सुइटमार्फत ग्राहकले डोमेन दर्ता, वेबसाइट होस्टिङ र अनलाइन उपस्थिति व्यवस्थापन गर्न सक्नेछन्। डोमेन नवीकरण, ट्रान्सफर सहयोग, डिएनएस व्यवस्थापन, डोमेन फर्वार्डिङ, सबडोमेन व्यवस्थापन तथा केन्द्रीकृत डोमेन प्रशासनको सुविधा पनि प्लेटफर्ममा समावेश गरिएको छ।

एनसेलले सेवाका लागि दुई प्याकेज ल्याएको छ। मासिक एक हजार रुपैयाँ पर्ने बेसिक प्याकेजमा ३ जी बी साझा स्टोरेज, व्यावसायिक इमेल, एसएसएल सर्टिफिकेट, स्वचालित ब्याकअप र सुरक्षा सुविधा उपलब्ध छन्। मासिक दुई हजार रुपैयाँ पर्ने प्रो प्याकेजमा बढी स्टोरेज तथा डेटा ट्रान्सफर, २० वटासम्म इमेल खाता, १० डेटाबेस र पाँचवटासम्म सबडोमेनसहितका सुविधा छन्। कम्पनीका अनुसार क्लाउड सुइटअन्तर्गत वेबसाइट र डेटा नेपालमै होस्ट हुनेछन्।

## बिवाइडीले ल्यायो नयाँ पुस्ताको एट्टो सिरिज




काठमाडौं, साउन २६ (नागरिक)- साइमेक्स इंक प्रालिले नाइमा मोबिलिटी एक्स्पो २०२६ मार्फत नयाँ पुस्ताको 'एट्टो सिरिज' सार्वजनिक गरेको छ। कम्पनीले एट्टो १, नयाँ एट्टो २ एसेन्सियल र २०२६ एट्टो ३ सार्वजनिक गर्दै प्रविधि, डिजाइन, आराम र सुविधामा सुधार गरेको जनाएको छ।

नयाँ एट्टो १ का डाइनामिक र प्रिमियम दुवै भेरियन्टमा ३६० डिग्री क्यामेरा उपलब्ध हुनेछ। एट्टो १ प्रिमियममा अटो-फोल्ड ओआरभिएमसमेत थप गरिएको छ। यसको डाइनामिकको मूल्य ३० लाख ७५ हजार र प्रिमियमको ३४ लाख ८० हजार रुपैयाँ तोकिएको छ। एट्टो २ सिरिजमा नयाँ एसेन्सियल भेरियन्ट थप गरिएको छ। ४५.१२ किलोवाट-आवर ब्याट्रीयुक्त यस मोडलले डब्लुएलटीपीअनुसार ३१२ किलोमिटर रेन्ज दिने कम्पनीको दाबी छ। यसको मूल्य ४५ लाख ९५ हजार रुपैयाँ छ। ५१.१३ किलोवाट-आवर ब्याट्रीयुक्त एट्टो २ प्रिमियमको रेन्ज ३४५ किलोमिटर र मूल्य ४८ लाख ९९ हजार रुपैयाँ छ। यसैगरी २०२६ एट्टो ३ मा डिजाइनदेखि प्रविधिसम्म व्यापक सुधार गरिएको छ।


## धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको ३५ दिने सूचना

**(सूचना प्रकाशन मितिः २०८३/०४/२७)**

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१ (एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यबिधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसील**

धितो लिलाम बिक्री हुने मितिः २०८३ साल असोज महिना ०१ गते
सम्बन्धित तथा धितो लिलाम बिक्री हुने कार्यालयः कृषि विकास बैंक लि., शाखा कार्यालय धनगढी।

ग्राहकको विवरण

एउटै समूहका ग्राहकको नामः **१. शिराज ईन्टरनेशनल प्रा.लि.,** दर्ता भएको कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौं, कम्पनीको दर्ता नं. २६४९२२/०७८/०७९, दर्ता मितिः २०७८/०४/०४, पान नं. ६१००२५९५४
२. **श्रीना ट्रेड एण्ड सप्लायर्स,** दर्ता भएको कार्यालयः वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, फर्मको दर्ता नं. ३३०७०/०७८/०७९, दर्ता मितिः २०७८/१२/१४, पान नं. ६१८०११२६५

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक/कर्जा नं. | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| व्यापार कर्जा/ ५२७११७१ | निर्मला भण्डारी | कैलाली | धनगढी | ०६ | ५१५, ६४५, ७० | ३४१.३७, ४४०.१८, ६७७.२६ |
| | निर्मला भण्डारी | कैलाली | धनगढी | ०२ | ९६ | १६९.३० |
| | चक्र बहादुर चन्द | कैलाली | चौमाला | ०३ | ७८ | १७२९० (घर समेत) |
| | सुरज चन्द | कैलाली | चौमाला | ०३ | २७२ | २५४०७.७३ |
| | नारायण चन्द | कैलाली | चौमाला | ०३ | ६२०, ७४, ७६ | १३५४५.२६, ४७६०, ११६६१.८५ |
| | रोहित चन्द | कैलाली | चौमाला | ०३ | ८१३ | २६७५१.९० |
| | मानमती भट्ट | कैलाली | धनगढी | ०६ | ९२०, ९११, ११२ | ७०, ५४५, १८०५ |
| | | कैलाली | धनगढी | ०५ | ८१ | ४६९.६० (घर समेत) |
| | दिपेन्द्र भट्ट | कैलाली | फुलबारी | ०९ | ११६ | १७२०.०० |

संचालकहरुको विवरणः

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| दिपेन्द्र भट्ट | धनगढी-५ | ७१६१३ | कैलाली/२०६३/०५/१८/जिल्ला प्रशासन कार्यालय | केशब दत्त भट्ट | ईश्वरी दत्त भट्ट |
| सुरज चन्द | गौरीगंगा-०१ | ६७३०१४/२ | कैलाली/२०६३/१०/०३/ जिल्ला प्रशासन कार्यालय | चक्र बहादुर चन्द | राम बहादुर चन्द |
| रोहित चन्द | गौरीगंगा-०१ | ६७/०१/६९/०८६११ | कैलाली/२०६९/१०/१५/जिल्ला प्रशासन कार्यालय | चक्र बहादुर चन्द | राम बहादुर चन्द |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरणः

| नाम | ठेगाना | ना. प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | बाजे/ससुरा |
|---|---|---|---|---|---|
| रुची बिष्ट | गौरीगंगा-०१ | ७५१००१/९१६८ | कञ्चनपुर/२०६७/०५/०६/जिल्ला प्रशासन कार्यालय | पतिः सुरज चन्द | ससुराः चक्र बहादुर चन्द |
| मानमती भट्ट | धनगढी-५ | ६७/०१/७२/०५०७६ | कैलाली/२०७२/०५/२७/जिल्ला प्रशासन कार्यालय | केशब दत्त भट्ट | ईश्वरी दत्त भट्ट |
| चक्र बहादुर चन्द | गौरीगंगा-०१ | ३५४२ | डोटी/२०४४/०५/३१/जिल्ला प्रशासन कार्यालय | राम बहादुर चन्द | टिका सिंह चन्द |
| निर्मला भण्डारी | धनगढी-५ | ७५१००३/६७४१ | कञ्चनपुर/२०६६/०८/२५/जिल्ला प्रशासन कार्यालय | पतिः दिपेन्द्र भट्ट | ससुराः केशव दत्त भट्ट |
| गणेश देवी चन्द | गौरीगंगा-०१ | ११३८/१३५४ | कैलाली/२०४६/०३/१५/जिल्ला प्रशासन कार्यालय | पतिः चक्र बहादुर चन्द | ससुराः राम बहादुर चन्द |
| नारायण चन्द | गौरीगंगा-०१ | ६७१०१४/१३३७ | कैलाली/२०६५/०१/२०/जिल्ला प्रशासन कार्यालय | चक्र बहादुर चन्द | राम बहादुर चन्द |
| दिपेन्द्र भट्ट | धनगढी-५ | ७१६१३ | कैलाली/२०६३/०५/१८/जिल्ला प्रशासन कार्यालय | केशब दत्त भट्ट | ईश्वरी दत्त भट्ट |
| सुरज चन्द | गौरीगंगा-०१ | ६७३०१४/२ | कैलाली/२०६३/१०/०३/ जिल्ला प्रशासन कार्यालय | चक्र बहादुर चन्द | राम बहादुर चन्द |
| रोहित चन्द | गौरीगंगा-०१ | ६७/०१/६९/०८६११ | कैलाली/२०६९/१०/१५/जिल्ला प्रशासन कार्यालय | चक्र बहादुर चन्द | राम बहादुर चन्द |

**शर्तहरु :**
१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकमा जम्मा भएको हुनु पर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७ (सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रखरिदकर्ता लेनै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं।**

## पुष्पलाल स्मृति ब्याडमिन्टन

# प्रतीक र कबिर अन्तिम ३२ मा

काठमाडौं, साउन २६ (नागरिक)- विभागीय टोली त्रिभुवन आर्मी क्लबका प्रतीक विष्ट र नेपाल पुलिस क्लबका कबिर केसीले १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको पुरुष यु-१९ को अन्तिम ३२ मा स्थान बनाएका छन्।

ग्वार्कोस्थित सहआयोजक यल स्पोर्ट्स एकेडेमीको कभर्डहलमा मंगलबार भएको खेलमा प्रतीकले तारकेश्वर युथ क्लबका दीप भट्टलाई र कबिरले आर्मीका आशुतोष कसौधनलाई २-० को सोझो सेटमा हराए। कबिरले आशुतोषमाथि २१-११ र २१-६ को जित निकाले। अर्को खेलमा प्रतीकले दीपलाई २१-६ र २१-६ ले सहजै पराजित गरे। पुरुष यु-१९ उमेरसमूहमा नै धन्यन्तरी क्लबका सुहम कार्की अन्तिम ३२ मा प्रवेश गरेका छन्। सुहमले फिटनेस पार्कका समीर खड्कालाई २१-१०, २१-१२ ले हराए। नेपाल खेलकुद महासंघअन्तर्गत राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगितामा पुरुष यु-१९ एकलमा नै धादिङका आयुश मगर, आर्मीका सौर्य महर्जन, पुलिसका रितिक आचार्य, इलामका गहेन्द्र बस्नेत र कञ्चनपुरका उदय चन्द अन्तिम ३२ मा स्थान बनाउन सफल भए।

आयुषले आइबिएससीका कृष्ण तामाङलाई २१-७, २१-११ र सौर्यले लभ ब्याडमिन्टन एकेडेमीका रामजीवन चौधरीलाई २१-६, २१-२ ले हराए। पुलिसका रितिक आचार्यले सिन्धुली ब्याडमिन्टन एकेडेमीका आर्नभ श्रेष्ठबाट वाकओभर पाए। इलामका गहेन्द्र बस्नेतले कस्तुरी कलेजका मिसेक चोङवाङलाई २१-१६, १२-२१, २२-२० तथा कञ्चनपुरका उदय चन्दले मण्डला ब्याडमिन्टन एकेडेमीका अनन्त पाख्रिनलाई २१-१४, २१-११ ले हराए। यसै विधामा आर्मीका सुदेश राजकोटी, सूर्यदर्शनका सोनाम ओली, आर्मीका सुविन श्रेष्ठ 'बी', चितवनका युसोफ गुरुङ, आर्मीका शिशिर राना, कपिलवस्तुका निश्चल अग्रहरी, सिन्धुलीका दीप थिङ, फिट नेपाल स्पोर्ट्स प्लेक्सका सक्षम गुरुङ, गुल्मीका प्रिन्स बिक र आर्मीका सदीप राईले अन्तिम ३२ को यात्रा तय गरे।

यसै विधामा आर्मीकै सामन्तबहादुर वज्राचार्य, पुलिसका इमा तामाङ, धन्यन्तरीका सुशान्त प्रजापति, कस्तुरी कलेजका संगम गिरी, सिन्धुलीका धीरज मण्डल, आर्मीका सुप्रिम पन्त, ग्यालेक्सीका शुभम चौहान, आर्मीका रिजन मगर, पुलिसका ऋषभ राई, कञ्चनपुरका आशिष खत्री, मण्डलाका ज्योतिरादित्य चौधरी, पुलिसका पप्पु पाल, कर्णालीका रमेश कामी र आर्मीका सुबिन श्रेष्ठ 'ए' ले पनि आआफ्ना प्रतिद्वन्द्वीलाई हराउँदै अन्तिम ३२ मा स्थान बनाएका छन्। पुरुष यु-१५ एकलमा धन्यन्तरीका सुहम कार्की, आइबिएससीका प्रशान्त बुढाथोकी, कञ्चनपुरका उदय चन्द र कविलवस्तुका निश्चल अग्रहरीले अन्तिम ३२ को चरणमा स्थान बनाए।

यसै विधामा आर्मीका रिजन मगर, पुलिसका ईशान गिरी, बालकुमारी रिमिक्स क्लबका प्रज्वल वज्राचार्य, मण्डलाका ज्योतिरादित्य चौधरी, सिन्धुलीका थिङ, पुलिसका श्याम भण्डारी, आर्मीका आशुतोष कसौधन, सुर्खेतका समीर अधिकारी, सूर्यदर्शनका सोनाम ओली, पुलिसका सिद्धान्त श्रेष्ठ, आर्मीका सामन्तबहादुर वज्राचार्य, ग्यालेक्सीका शुभम चौहान, कञ्चनपुरका आशिष खत्री, फिट नेपाल स्पोर्ट्स प्लेक्सका सक्षम गुरुङ, आर्मीका साजन कार्की, कस्तुरी एकेडेमीका प्रज्ञान ढकाल, विवेक बर्मा एकेडेमीका आयुष खनाल, आइबिएससीका प्रिन्स थापामगर, सिन्धुली ब्याडमिन्टन एकेडेमी धीरज मण्डल, पुलिसका प्रनिश कार्की, कागेश्वरीका अपूर्वराज पोखरेल, पुलिसका रितिक आचार्य, डिबिए क्लबका रमित बोहरा र धन्यन्तरीका सुशान्त प्रजापतिले आआफ्ना प्रतिद्वन्द्वीमाथि जित रच्दै अन्तिम ३२ को यात्रा तय गरे।




यल स्पोर्ट्स एकेडेमीको कभर्डहलमा मंगलबार भएको खेलमा त्रिभुवन आर्मी क्लबका प्रतीक विष्टले तारकेश्वर युथ क्लबका दीप भट्टलाई र नेपाल पुलिस क्लबका कबिर केसीले आर्मीका आशुतोष कसौधनलाई २-० को सोझो सेटमा हराए।

# युइएफए सुपर कपमा रेफ्रीको चर्चा




साल्जबर्ग, साउन २६ (एपी)- उत्तरी अमेरिकामा फिफा विश्वकप सकिएको तीन साता पनि नबित्दै युरोपेली फुटबलको नयाँ सिजनमा पेरिस सेन्ट जर्मेन (पिएसजी) र एस्टन भिल्लाबिच युइएफए सुपर कपको प्रतिस्पर्धा हुँदै छ।

नयाँ सिजनको पहिलो उपाधिका लागि बुधबार साल्जबर्गमा फ्रान्सको क्लब पिएसजी र इङ्लिस प्रिमियर लिग क्लब भिल्लाबिच प्रतिस्पर्धा हुन लागेको हो। च्याम्पियन्स लिग र युरोपा लिगका पछिल्ला विजेताबिच सुपर कपको उपाधिका लागि प्रतिस्पर्धा हुने परम्परा छ। पछिल्लो समय युइएफए र विश्व फुटबल महासंघ (फिफा) बिच बढ्दो दूरीका बिच यो खेल हुँदै छ। युरोपेली फुटबलको सर्वोच्च निकायलाई फिफाको खर्चमा आफ्नो प्रभाव प्रदर्शन गर्ने अर्को अवसर पनि दिएको छ। फिफा अध्यक्ष जियानी इन्फान्टिनोको पछिल्लो गतिविधिका कारण दुई शक्तिशाली फुटबल निकायबीच सम्बन्ध थप तनावपूर्ण बन्दै गइरहेको छ। यसको कारण खेल सञ्चालन गर्ने रेफ्री ओमर आर्टान हुन्। सोमालियाका रेफ्री आर्टानलाई विश्वकप सुरु हुनुभन्दा केही दिनअघि अमेरिकाले सुरक्षा चासो देखाउँदै रेफ्रीको भूमिका निर्वाह गर्नबाट रोकेको थियो।

अमेरिकी अधिकारीहरूले आर्टानको सम्बन्ध आतंकवादी संगठनहरूसँग रहेको दाबी गरेका थिए। यद्यपि त्यसको प्रमाण भने सार्वजनिक गरेका थिएनन्। त्यसपछि युइएफएले गत सिजन अफ्रिकाका उत्कृष्ट रेफ्री घोषित आर्टानलाई सुपर कपको जिम्मेवारी दिने निर्णय गर्‍यो। यो निर्णय फुटबल समुदायमा व्यापक रूपमा स्वागत भयो। कतिपयले यसलाई युरोपेली फुटबल महासंघको चतुर राजनीतिक कदमका रूपमा पनि हेरे। त्यसयता युइएफए र फिफाबीचको असमझदारी झनै बढेको छ। विश्वकपको स्वामित्वमा हिस्सेदारी बेच्ने इन्फान्टिनोको हालैको योजना नै द्वन्द्व बढाउने प्रमुख कारण हो। तर, अन्ततः रद्द भएको योजनाप्रति असन्तुष्ट युइएफएले फिफा अध्यक्ष पदबाट उनलाई हटाउने अभियानको नेतृत्व गरिरहेको छ।

त्यसैले बुधबारको खेलमा मैदानमा उत्रने खेलाडीहरू जत्तिकै रेफ्री आर्टान पनि चर्चाको केन्द्रमा छन्। पिएसजी सुपर कपको उपाधि लगातार दुई पटक जित्ने दोस्रो टोली बन्ने लक्ष्यमा छ। यसअघि स्पेनको रियाल मड्रिडले सन् २०१६ र २०१७ मा लगातार सुपर कप जितेको इतिहास छ। गत वर्षको सुपर कपमा पिएसजीले टोटेनहमलाई पेनाल्टी सुटआउटमा हराएको थियो। पिएसजीका खेलाडीहरू विश्वकपमा खेलेको समयअनुसार फरकफरक समयमा प्रिसिजन प्रशिक्षणमा फर्किएका थिए। तर एक उल्लेखनीय खेलाडी भने विश्वकपमै सहभागी भएनन्। विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै ६ गोल र दुई असिस्ट गरेका बालोन डिओर विजेता फ्रान्सका ओस्मान डेम्बेले सोमबार प्रशिक्षणमा फर्किएका छन्। उनीसँगै फ्रान्सकै डिजिरे डुए र ब्राड्ली बार्कोला पनि टोलीमा फर्किसके।

उनीहरूसँग विश्वकप विजेता स्पेनका मिडफिल्डर फाबियान रुइज पनि जोडिएका छन्। फ्रान्सविरुद्ध सेमिफाइनल जितमा रुइजको सटीक र प्रभावशाली प्रदर्शन महत्त्वपूर्ण रह्यो। जर्जिया विश्वकपका लागि छनोट हुन नसकेकाले स्टार विङ्गर ख्विचा क्वारात्स्खेलिया प्रतियोगितामा सहभागी भएनन्। त्यसैले उनी लामो समयदेखि प्रशिक्षणमा फर्किसकेका छन्। उनी बायाँ विङमा आफ्नो मन पर्ने स्थानबाट सुरुआती टोलीमा पर्ने निश्चितजस्तै देखिन्छन्। नयाँ खेलाडी म्याग्नेस अक्लियोस भने दायाँ विङमा खेल्न सक्नेछन्। मोनाकोबाट अक्लियोसको आगमन बार्कोलाको सम्भावित बहिर्गमनसँग पनि जोडिएको छ। विश्वकपमा तीन गोल गरेका तीव्र गतिका विङ्गर बार्कोलालाई प्रिमियर लिगको शीर्ष क्लब लिभरपुलले भित्राउन चाहेको चर्चा चलिरहेको छ। लुइस एनरिकेको टोलीमा पूर्वभिल्ला खेलाडी लुकास डिग्ने पनि देखिन सक्छन्।

### आर्टानको समय चुनौतीपूर्ण

सन् २०२५ को अफ्रिकन च्याम्पियन्स लिग फाइनलमा रेफ्रीको भूमिका निर्वाह गरिसकेका आर्टान सुपर कपको खेल सञ्चालन गर्ने पहिलो गैरयुरोपेली रेफ्री हुन्।

उनले यो सम्मान जीवनको अत्यन्त कठिन समयपछि प्राप्त भएको बताएका छन्। 'धेरै मानिसहरूले मप्रति सहानुभूति देखाएका छन्,' उनले युइएफएसँग भने, 'किनभने जब कुनै व्यक्तिले धेरै वर्षदेखि मेहनत गरिरहेको हुन्छ। तर उसले काम गर्नुपर्ने अवस्थामा अचानक त्यो गर्न पाउँदैन भने निकै पीडा हुन्छ। विश्वभरबाट पाएको समर्थनका लागि अत्यन्त आभारी छु।' आर्टानले आफ्नो युरोपेली फुटबलमा पहिलो खेलका लागि पिएसजी र एस्टनबारे धेरै अध्ययन गरिरहेको बताए। 'युरोपमा खेलको स्तर उत्कृष्ट छ। उनीहरूले खेल्ने फुटबल पनि निकै राम्रो छ,' उनले भने।







नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी